# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

लोकसाहित्यका विविध विधाहरू अर्न्तगत एक महत्त्वपूर्ण विधाको रूपमा परिचित 'लोककथा' 'लोक' र 'कथा' दुई शब्द मिलेर बनेको समस्त शब्द हो । मानव सभ्यताको विकास सँगसँगै लोकजीवनमा हुर्कदै आएको लोककथा लोकको कथा हो । नेपाली जनजिब्रोमा भ्रुण्डिएको एउटा मनोरञ्जनात्मक साहित्यिक विधा लोककथाले नेपालीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल देखिन्छ । यसमा उखान टुक्का, नेपाली भ्रर्रा शब्दहरूको प्रशस्त प्रयोग हुनाले साथै आख्यान तÅवले पनि त्यत्तिकै महÅवपूर्ण स्थान ओगटेको हुन्छ ।

ऐतिहासिक दृष्टिकोणले लोककथा अतिप्राचीन र मनोरञ्नात्मक विषय हो भने सैद्धान्तिक दृष्टिकोणमा लोककथामा 'लोकमानस' 'कथ्यरूप', 'पात्र वा चरित्र', 'सामान्य घटना', ''अभिप्राय' र 'सङ्घटन' रहेका हुन्छन् । प्रस्तुत शोधपत्रमा लमजुङ जिल्ला गण्डकी अञ्चलमा पर्ने एक जिल्ला हो सोही जिल्लाअन्तर्गत पर्ने दुराडाँडा क्षेत्रभित्र लमजुङ जिल्लाकै ६१ गा. वि.स.हरूमध्ये ६ गा. वि. स. हरूलाई लिइएको छ  बोलीचालीको भाषामा दुराडाँडा क्षेत्र भन्ने बित्तिकै यी ६ गा. वि. स. मा पर्ने क्षेत्रहरू पर्दछन् । यस दुराडाँडा क्षेत्रमा पनि लोककथाहरू प्रशस्त मात्रामा सुन्ने-सुनाउने प्रचलन रहेको छ । साथै लोककथाहरू अभ्रै जीवित रहेका छन् । दुराडाँडा क्षेत्र साँस्कृतिक, प्राकृतिक, धार्मिक आदि विविधताले भरिपूर्ण क्षेत्र हो । यस क्षेत्रमा पर्ने डाँडापाखा, खोलानाला, मठमन्दिर आदि स्थानका बारेमा पनि लोककथासम्बन्धी लोकविश्वासहरू पाइन्छन् । विभिन्न जातिको बसोवास रहेको दुराडाँडा क्षेत्रका लोककथाहरूले प्रायःनीतिशिक्षा, मनोरञ्जन, धर्म, संस्कृति आदिको प्रतिबिम्बन गर्न सफल हुन्छन् । बढ्दो आधुनिकीकरण र पाश्चात्य साहित्यले पारेको प्रभावका कारण नेपाली लोककथाहरू ओभ्रेलमा परेका छन् । यही लोकसाहित्यको खस्कँदो स्थितिलाई मध्यनजर गर्दै दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण विषयमा केन्द्रित रहेर यस क्षेत्रका लोककथाहरूको विविध पक्षको अध्ययन र अनुसन्धान गर्न प्रस्तुत शीर्षक छनौट गरिएको हो ।

## १.२ समस्याकथन

नेपाली समाजमा विविध पक्षको चित्रण गर्ने एउटा महत्त्वपूर्ण विधाका रूपमा रहेको लोकसाहित्यको एउटा महÅवपूर्ण अङ्ग लोककथा हो । लमजुङ जिल्लाको दुराडाँडा क्षेत्र  नेपाली लोकसाहित्यको क्षेत्रमा धनी देखिए तापनि त्यस क्षेत्रका विद्वत्वर्गबाट लोकसाहित्यका क्षेत्रमा कलम नचलाउनु एउटा प्रमुख समस्याको रूपमा लिन सकिन्छ । यस क्षेत्रमा देखिएका समस्याहरू निम्नलिखित छन् :

(क) दुराडाँडा क्षेत्रमा के कस्ता नेपाली लोककथाहरू प्रचलनमा रहेका छन् ?

(ख) यस क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

जुनसुकै अध्ययन-अनुसन्धानको पनि आ-आफ्नै उद्देश्य रहेको हुन्छ । यस शोधकार्यको उद्देश्यलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ –

(क) लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गर्नु ।

(ख) लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४. पूर्वकार्यको विवरण

आजको एक्काइसौं शताब्दीमा आइपुग्दा विभिन्न क्षेत्रका प्राज्ञिक व्यक्तित्वहरूले आ-आफ्नो क्षेत्रमा खोज गरेका भए तापनि लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा भने हालसम्म पनि कुनै अनुसन्धानात्मक कार्यहरू भएका छैनन् । लोककथाको सङ्कलन र अध्ययन गर्ने सन्दर्भमा विभिन्न सङ्कलनकर्ता, लेखक तथा  अन्वेषकहरूले समग्र रूपमा गरेको पूर्वकार्यलाई मोटामोटी रूपमा प्रस्तुत गरिएको छ ।

तुलसी दिवसले नेपाली लोककथा (काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०३२) मा नेपाली लोककथाका बारेमा नेपाली लोककथामा मानवको अतीत मात्र होइन, वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ भनेका छन् ।

वासुदेव त्रिपाठीले (नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान, २०४०) मा लोककथा भनेको परम्परादेखि मौखिक रुपमा चलिआएको कथा हो भनेका छन् ।

नेपाली लोकसाहित्यका अध्ययनद्वय जनकविकेशरी धर्मराज थापा र हंसपुरी सुवेदीले ( लोकसाहित्यको विवेचना, २०४१) मा नेपाली लोककथाका बारेमा कल्पनाका धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौं-पुस्ता मुखै-मुख चलेर आएका कथाहरु नै लोककथा हुन् भनेका छन् ।

चूणामणि बन्धुले (नेपाली लोकसाहित्य, २०५८) मा नेपाली लोककथाका बारेमा लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत्भन्दा भिन्न लोकको निर्माण गरिन्छ भनेका छन् ।

यसका साथै विभिन्न समयमा विभिन्न क्षेत्रका विद्वत्वर्गहरूद्वारा बेला-बेलामा लोककथाका बारेमा बेग्लाबेग्लै खोज-अनुसन्धान र मूल्याङ्कन भई नै रहेका छन् । ती सबै अध्ययन- अनुसन्धानहरूलाई यस सानो शोधपत्रमा अटाउन नसक्नु स्वाभाविकै हो । यसो हँदाहुँदै पनि लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा केन्द्रित रहेर कुनै किसिमको खोज-अनुसन्धान भएको देखिन्न । यसमा पनि अझ ऐतिहासिक पृष्ठभूमि र मानव विकासको झझल्को दिलाउने लोककथाका बारेमा हालसम्म कुनै पनि अनुसन्धानत्मक कृतिहरू हाम्रो समाजमा उपलब्ध छैनन् । यसै कुरालाई मध्यनजर गर्दै त्यस क्षेत्रको परिचय गराउन केही ऊर्जा प्राप्त होस् भन्ने उद्देश्यले यो शोधकार्य तयार गरिएको प्रथम प्रयास हो ।

## १.५ शोधकार्यको औचित्य

लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा आधिकारिक रूपले लोककथासम्बन्धी अनुसन्धानात्मक शोधकार्य नभएको वर्तमान अवस्थालाई मध्यनजर गर्दा यस शोधकार्यले केही न केही ऊर्जा प्रदान गर्नेछ । यस अध्ययनमा त्यस क्षेत्रका रीतिरिवाज, लोकविश्वास, रूढिपम्परा, सामाजिक-आर्थिक अवस्था आदिको चित्रण गरेको छ । जनश्रुतिमा मात्र सीमित रहेका यस्ता अलिखित लोककथाहरू सङ्कलन गरी वर्गीकरणका साथ लिपिबद्ध हुनु विशेष महÅवको कुरा हो । यस कार्यले लोककथाको अध्ययनमा अभिरूचि जगाउनुको साथै- साहित्यानुरागीहरू सवैलाई अध्ययनको सामाग्री प्रदान गर्नेछ र नेपाली लोककथाको अध्ययनमा पनि केही थप योगदान पुऱ्याउने हुनाले यस शोधपत्रको औचित्य अझ बढ्ता देखिन आएको छ ।

## १.६ शोधको सीमाङ्कन

नेपाली लोककथाले देशभित्रको सम्पूर्ण परिवेशलाई समावेश गरेर विस्तृत क्षेत्र ओगटेको छ । वास्तविकताको पहिचान र गहिरो अध्ययनका निम्ति निश्चित क्षेत्र-विशेषको अध्ययन आवश्यक पर्छ । त्यसैले यस शोधकार्यमा लामजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा सीमित रहेर त्यसै क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

यस शोधपत्रलाई मूर्तरूप दिनका लागि विभिन्न किसिमका विधिहरू अवलम्बन गरिएका छन् । विशेष गरी शोधपत्रमा आवश्यक सामाग्री सङ्कलनका क्रममा क्षेत्रीय अनुसन्धानका साथै लोकसाहित्य तथा लोककथाका सार्वभौम मान्यतालाई स्थापित गर्न र सैद्धान्तिक कुराको खोज गर्न पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ । यसका साथै लोककथाका विज्ञहरूसँग आवश्यकताअनुसार अन्तर्वार्ता लिनका साथै प्रत्यक्षरूपमा क्षेत्रीय अवलोकन भ्रमण गरी सैद्धान्तिक र प्रायोगिक पक्षलाई तालमेल गराउने प्रयास गरिएको छ । त्यसका अतिरिक्त अन्य स्रोतका आधारमा लोकसाहित्य र लोककथाका बारेमा लेखिएका विभिन्न पुस्तकहरू तथा पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरूको अध्ययनबाट पनि यस शोधपत्र लेखनका लागि चाहिने आवश्यक सामाग्री सङ्कलन गरिने छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न परिच्छेदमा विभाजन गरिएको छ –

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - लोककथाको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद - लमजुङ -दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन

चौथो परिच्छेद- लमजुङ- दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाको वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद - उपसंहार

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद

# लमजुङ-दुराडाँडा क्षेत्रका लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोककथाको सैद्धान्तिक परिचय

'लोक्' धातुमा 'घञ्' प्रत्यय लागेर व्युत्पादित 'लोक' शब्दलाई नेपाली शब्दकोशले समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगौलिक एकाइमा रहने मानिसको समुदाय वा जनसमूह हो भनेर अर्थ्याएको छ । (त्रिपाठी, २०४० : ११८८) यही लोकको कथा नै लोककथा हो ।

लोककथाको पृष्ठभूमि लोकसाहित्यमा अन्तर्निहित हुने हुनाले यहाँ लोकसाहित्यको छोटो चर्चा-परिचर्चा गर्नु सान्दर्भिक ठहर्छ । लोकसाहित्यका 'लोक' र 'साहित्य' दुई शब्द मिलेर बनेको समस्त शब्द हो । लोकसाहित्य कसैको निजी सम्पत्ति वा पेवा नभई यो लोक जीवनको साहित्य हो । लोकसाहित्य लोकजीवनमा निर्बाध रूपमा छरिएको हुन्छ । नेपाली लोकसाहित्यमा ख्यातिप्राप्त साहित्यकारद्वय धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार "लोकसाहित्य एक जीवन साहित्य हो । यसले मानवका लोकजीवनका अभिव्यक्तिबाट अर्काको मनोरञ्जनको निम्ति अमूल्य अभिव्यक्ति प्रकट गर्दछ । लोकसाहित्य लोकसंस्कृतिको अभिन्न अङ्ग हो ।

यसले लोकस्तरीय जीवन भोगाइको बृहत् परिवेशलाई आत्मसात् गरेको हुन्छ । कुनै पनि राष्ट्रले आफ्नो परिवेशलाई अभिव्यक्त गर्नुपर्दा आफ्ना परम्परागत विशेषता, जातीय अहम् तथा राष्ट्रिय स्वाभिमान जस्ता विविध आधारमा आफ्नो संस्कृतिका विविध पक्षका अभिव्यक्ति दिइरहेका हुन्छन् । यस किसिमका साहित्यमा लोक प्रतिभा, आन्तरिक अनुभूति र हार्दिक उद्‌गार जुन वेला पनि स्वत : स्फूर्तरूपमा प्रकट भइरहेका हुन्छन् । लोकसाहित्यिका रचनाहरू शास्त्रीय नियमको बन्धनबाट मुक्त भई स्वतन्त्ररूपमा प्रकट भइरहेको हुन्छ । लोकसाहित्य रचनाहरू शास्त्रीय नियमको बन्धनबाट मुक्त भई स्वतन्त्ररूपमा चिरकालसम्म जीवित रहन्छन् । यसरी लोककलाकारहरूका अनुभूतिहरूमा लोकजीवनकै पीर, मर्का, आँसु, हाँसो, सुख-दुख, विरह-व्यथा र वेदनाहरू सरल भाषामा अभिव्यक्त भएका हुन्छन् । यसकारण लोकसाहित्य लोकजीवनमा जन्मेर हुर्कदै मौलाउँदै आएको हुनाले लोकजीवन र लोकसाहित्यका बीचमा अति घनिष्ट सम्बन्ध रहेको छ ।

मानव इतिहास अथवा मानव सभ्यताको सँगसँगै जन्मिएर हुर्कदै आएको लोकसाहित्य लोक जीवनबाहेक अन्यत्र हुर्कन, बढ्न र मौलाउन सक्दैन । लोकसाहित्यलाई लोकजीवनले नै जन्माएको, हुर्काएको र बढाएको हुनाले वर्तमानमा यसले फराकिलो क्षेत्र ओगट्न सफल भएको छ । जबसम्म संसारमा मानव इतिहास जीवित रहन्छ, तबसम्म लोकसाहित्य पनि लोकजीवनको सुसेलीको रूपमा अजर,अमर रहिरहन्छ । यसैले यो लोकसाहित्य समस्त मानव मनको मुटुको ढकढुकीको रूपमा रहेको छ ।

लोककथाको पृष्ठभूमिगत अध्ययनको सन्दर्भमा यहाँ लोकसाहित्यिक विधाहरूको विधागत रूपमा वर्गीकरण गर्ने काम त्यति सजिलो नहोला तथापि विविध विद्वान्हरूले विविध आधारमा आ-आफ्नै किसिमले वर्गीकरण गरेका छन् । नेपाली साहित्यको सन्दर्भमा हेर्ने हो भने लेखकद्वय जनकविकेशरी धर्मराज थापा र हंसपुरे सुवेदीले वर्गीकरण गरेका नेपाली लोकसाहित्य अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान टुक्का र गाउँखाने कथा पर्दछन् । अत : लोकसाहित्यका उपाविधाहरूको छोटो चर्चा-परिचर्चा गर्नु सान्दर्भिक भएको कारण तल प्रस्तुत गरिनेछ ।

### २.१. १ लोकसाहित्यको विधागत पहिचान

### २.१.२ लोकगीत

नेपाली साहित्यका विविध विधामध्ये लोकगीत पनि एक महत्त्वपूर्ण लोकसाहित्यिक विधा हो । परापूर्व कालदेखि नै लोकजीवनमा फुर्सदको बेलामा होस् या मेलापातमा, हाँसो-रोदन वैराग्यमा होस् या खुसियालीमा लोकगीत सहज र स्वतः स्फूर्तरूपमा एकल या दोहोरीका रूपमा गाइने अत्यन्त मनमोहक विधाको रूपमा चिरपरिचित छ । नेपाली बृहत् शब्दकोशका अनुसार मानव समाजमा परम्परादेखि गाइँदै आएका लोकभाकाहरू नै लोकगीतहरू हुन् (त्रिपाठी,२०४०: ११८८) । लोकगीत बेनामी लोकसम्पत्ति हुनाले अन्य विधाका तुलनामा सम्पन्न र सजीव विधा पनि हो । मानव जीवनका तीता-पीरा अनुभव, सुख-दुःखका सुस्केरा थकाइ मेटाउने तथा न्यास्रोपन भुलाउने विभिन्न साथी बन्दै आएको लोकगीत कर्णप्रिय, मधुर र गेयात्मक साधन हो । जति गाए पनि जति सुने पनि झर्को नलाग्ने लोकगीत मानवीय जीवनका रागात्मक अनुभूतिहरूको अति उत्तम साधन हो । (थापा, सुवेदी, २०४१ : ६०) । लोकगीत समाजका अपठित, अज्ञानी, अभावपूर्ण जीवनयापन गर्ने ग्रामीण नरनारीहरूका अन्तस्करणको सहज अभिव्यक्ति हो । शास्त्रीय नियमदेखि टाढा रहने हुँदा यसलाई कुनै छन्दमा बाँधिएको हुँदैन । अतः

मानव जीवनसँग बाँधिने लोकगीतले संयोगको बेला होस् या वियोगको बेला, कामको बेला होस् या फुर्सदको बेला, शान्तिको बेला होस् या युद्धको बेला जहिले पनि यसले लोकजीवनलाई साथ दिएर प्रभावित पारिरहेको हुन्छ । के बच्चा, के बूढा, के स्त्री, के पुरूष सबैका निम्ति लोकगीत उत्तिकै प्यारो हुन्छ । त्यसकारण लोकगीत लोकसाहित्यको महत्त्वपूर्ण विधा हो (त्रिपाठी, २०४७ :१ ) । लोकगीत कुनै पनि देश, समाज र जातिको गेयात्मक अभिव्यक्तिमा आउने ठूलो सांस्कृतिक सम्पत्ति मानिन्छ (पराजुली, २०५१: ८८-९०) । जीवन-जगत्का तरलतम् भाव, तद्नुरूपको कोमलभाषा र विशिष्ट लय लोकगीतका प्रमुख तत्त्व हुन् (गिरी, २०५५ : २५ ) । भावका प्रबलताका कारणले लोकगीत सुन्दा-सुन्दै कतिपय मान्छेमा तुरून्त हाँसो वा आँसु देखापर्न थाल्दछ । त्यसैले भावनाको प्रवाह र संवेगलाई लोकजनित लयात्मक अभिव्यक्ति प्रस्तुत गर्दै जाने कलाका रूपमा लोकगीत परिचित छ ।

### २.१.३ लोककथा

लोककथा लोकजीववनको सुख-दु:खको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्ति गर्ने एक सशक्त लोकसाहित्यक विधा हो । 'लोककथा' लाई कथा, दन्त्यकथा, बात र सास्तर पनि भनिन्छ (गिरी, २०५५ : २४ ) । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारका समस्त कथा साहित्यको जनक पनि भनिन्छ । जीवनका सुख-दु:ख, उकाली-ओराली, घाम-छायाँ, हारजीत, घटना-दुर्घटना आदिबाट गुज्रँदै मान्छेले सृष्टिकालदेखि वर्तमान समयसम्मको यात्रा पूरा गरेको छ । यस क्रममा ऊ कहिले शोकाकुल भएर रूँदै र कहिले खुसीले नाच्दै, गाउँदै र उफ्रँदै, कहिले प्रेमसागरमा पौडँदै, कहिले वीरताका भाव पोख्दै र कहिले घृणाका ज्वाला ओकल्दै आएको छ । यसै सिलसिलामा उसले अनन्त कल्पनाका उचाइ र गहिराइ छुने प्रयास पनि गरेको छ । यी विभिन्न क्षणहरूमा मनभित्र खेल्ने अनेक कुराहरू कथाको रूपमा परापूर्वकालदेखि नै मौखिक परम्परामा हुर्कँदै आएको छ । परम्परासँग जोडिएको लोकमानसको तत्त्व बोकेको मौखिक कथा नै लोककथा हो । यस किसिमको अभिप्राय बोकेको लोककथामा प्रयुक्त तथा मानवेतर पात्रहरूले श्रोतालाई विमुग्ध पारी आफूतिर आकर्षण गर्दै काल्पनिक लोकमा पुऱ्याइरहेका हुन्छन् । नेपाली लोककथाहरू "एकादेशबाट" थालिई "सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, भन्ने बेलामा यो कथा खुरूक्क आइजाला" भन्दै टुङ्ग्याइन्छ । लोककथा फुर्सदको बेलामा कथावाचक र श्रोताका बीच रमाइलो वातावरणमा फैलने गरेको पाइन्छ । प्राय:जसो लोककथा जतिवेला जहाँ पायो त्यहीँ भनिदैन । विशेष गरी

साँझपख दाम्लो बाट्ने कुचो बान्ने, नाम्लो बुन्ने, बत्ती कात्ने, मकै छोडाउने जस्ता घरेलु कामहरू गर्दै घर-आँगनीमा अर्थात् पिँढीका डिलमा अनि अँगेनीको छेउमा बसेर श्रोताहरू जुटाई विभिन्न हाउभाउका साथ कथावाचन गरिन्छ । खासगरी बूढापाकाहरूले स-साना केटाकेटीहरूलाई भुलाउन अनि दाइँ-बिटा गर्दा दँगेरेहरूबीच आराम गर्दा लोककथा भन्ने प्रचलन छ । लोककथाले मनोरञ्जन दिलाउनका अतिरिक्त विविध नैतिक सन्देश दिनेजस्ता महत्त्वपूर्ण कार्यसमेत गर्ने हुनाले कथा भन्ने, सुन्ने प्रचलन हालसम्म पनि प्रायः ग्रामीण क्षेत्रहरूमा जिउँदै छ । लोकगीत पद्यात्मक हुन्छ (थापा,२०३० : १४) भने लोककथा गद्यात्मक हुन्छ (थापा, २०३० : ३३३ - ३४६) । लोककथा गद्यात्मक र सामाजिक संस्कृति अनुरूप परिवर्तनशील हुन्छ । यसले परम्पराको निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ ( दिवस, २०३३) । त्यसैले लोककथात्मक ऊर्जालाई सामाजिक परिवर्तनका निमित्त पनि उपयोग गर्न सकिन्छ । कतिपय लोककथाका बीचमा लयात्मक स्वर वा श्लोक घुसाउने परम्परा पनि कत्थकेहरूले निर्वाह गर्दछन् (गिरी, २०५५ :२४) । मौखिक परम्पराले गर्दा ठाउँ ठाउँमा एउटै लोककथाका अनेक पाठभेदहरू फेला पर्दछन् ।

समग्रमा लोकजीवनका सुख-दुःख, समवेदना, आस्था, विश्वास, रीतिरिवाज, धर्म-संस्कृति आदिसँग सम्बन्धित घटनाहरूका आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो र गद्यात्मकता वर्णनात्मकता नै यसको मूल स्वरूप हो ।

### २.१.४ लोकगाथा

लोकगाथा नेपाली लोकसाहित्यको अति नै प्रचलित विधा हो । यो लोक र गाथा दुई शब्द मिलेर लोकगाथा बनेको छ । लोकगाथा शब्द अङ्ग्रेजीको ब्यालेड का हाराहारीमा नेपालीमा प्रचलित छ (गिरी,२०५५ : २६) । नेपाली बृहत् शब्दकोशका अनुसार परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकता समेत विद्यमान रहेको, राष्ट्रिय गौरव वा वीरचरित्र र महत्त्वपूर्ण घट्नाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत नै लोकगाथा हो (त्रिपाठी २०४० : ११८८), कुनै पनि वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई आधारशीला बनाई ईश्वरप्रति बन्दना र भक्तिभाव पोखिएका, महिमा वर्णन गरिएका अनि तत्कालीन समयमा वीर तथा महान् व्यक्तिका क्रियाकलापमा विचरित वर्णनात्मक रूपका लामा आख्यानात्मक लोकगीत पाराका लयहरू नै गाथा हुन् (थापा, सुवेदी, २०४१ : ४७) । लोककथाको विषयवस्तु ऐतिहासिक घट्ना वा धार्मिक एवं कुनै राजा-महाराजा तथा महान् पुरूषहरूको क्रियाकलापमा आधारित

हुन्छ । लोकसाहित्यमा कथातत्त्व, गीततत्त्व र लोकअभिव्यक्तिको सम्मिश्रणले लोकगाथा कहलाउने अवसर पाएको छ (गिरी, २०५५ : २६) । लोकगाथामा प्रेम,शोक, वीरता, भक्ति आदिका भाव सरल र मार्मिक भाषामा प्रकट हुन्छन् । यसका साथै लोकनृत्य गाथा र लोकनाट्यगाथालाई नृत्य, संङ्गीत, अभिनय, संवाद आदिले पनि जीवन्त बनाउन योगदान गर्दछन् । त्यसैले लोकगाथा मानव हृदयबाट प्रस्फुटित भावार्द्रता, मानवजीवनसँग सम्बन्धित घटना, सङ्गीतको स्वर एवम् लयात्मक सामञ्जस्यको चौतारी बनेको हुन्छ (पराजुली, २०४९ :३१) । खासगरी पुर्खाको महिमाको गौरव एवम् स्वाभिमानलाई बचाई राख्ने क्रममा गाइने यथार्थ जीवनको मार्मिक उपाख्यान नै लोकगाथा हो (थापा, सुवेदी, २०४१ : ४७) । यसरी समग्रमा भन्ने हो भने लोकमानसका परम्परा, निष्ठा र साँस्कृतिक अनुष्ठानसँग सम्बन्धित रही लोकस्तरमा जीवित रहिआएको लामो आकारको आख्यानधर्मी लोककथा नै लोकगाथा हो ।

### २.१.५ लोकनाटक

लोकनाटक श्रव्य-दृश्य विधा हो । लोकसाहित्यको विवध विधामध्ये लोकनाटक पनि एक महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । लोकनाटकमा गीत-सङ्गीत, संवाद र नृत्य हुन्छन् ( पूर्ववत्, (३५६ - ६०) । लोकनाटक लामो परम्पराबाट विकसित हुँदै आएको छ । भरतमुनि ( ई.पू. २००) ले ना्यशास्त्र नै तयार पारेका हुनाले लोकजीवनमा यसको अस्तित्व उनीभन्दा पहिलेदेखि रहँदै आएको प्रमाणित हुन्छ । नाट्यशास्त्रमा नाटकलाई ‘पञ्चम देव’ का रूपमा चर्चा गरिएको छ । ‘ऋग्वेद’ बाट पाठ्य, ‘सामवेद’ बाट गीत, ‘यजुर्वेद’ बाट अभिनय र ‘अथर्वेद’ बाट रसलाई लिएर यसको निर्माण भएको कुरा नाट्शास्त्रमा उल्लिखित छ (गिरी,२०५५ : २८) । गाउँघरका चौतारी वा सहरबजारका डवली-डबलीमा देखाइने परम्परागत नाटकलाई ‘लोकनाटक’ भन्दछन् । लोकनाटक लोकजीवनको मनोरञ्जनको पुरानो साधन हो (थापा,सुवेदी, २०४१ : ३४९) । लोकनाटकको तत्त्वका रूपमा कथानक, संवाद, पात्र, अभिनय, भाषा आदिलाई लिन सकिन्छ (गिरी, २०५५ : २८ ) । यिनै गीत- सङ्गीत नृत्य अभिनय, एवं घटना, संवाद जस्ता तत्त्वहरूको सम्मिश्रण हुने हुनाले यी मनोरञ्जनपूर्ण हुन्छन् । लोकनाटकमा अभिनयकर्ताहरूले प्रयोग गर्ने भाषा, संवाद तथा भेषभूषा कृत्रिम र आडम्बरयुक्तनभई लोकस्तरकै सरल-स्वाभाविक यस्ता नाटकहरू कुनै दन्त्यकथामा वा कुनै पौराणिक कथाको घटनामा आधारित हुन पनि सक्छन् (थापा, सुवेदी, २०४१ : ३७७) सामाजिक रीति र नैतिक बन्धनले गर्दा प्राय : पुरूष पात्रहरूले नै लोकनाटकमा भाग लिन्छन् । यस क्रममा महिलाको

भूमिका पनि पुरूष पात्रले गर्छन् । यसका निम्ति उनीहरू महिलाको भेषभूषामा सिँगारिन्छन् । लोकनाटकलाई जोकर, ढँटुवारे, लाहुरे आदि हास्यपात्रले पनि रोचक तुल्याउँछन् ।लोकनाटकमा सामान्य हली, गोठाला, खेताला, माग्ने, चोर, व्यापारी, किसान आदिदेखि राजा-महाराजा अथवा रानी-महारानीसम्म, नायक-नायिका हुन सक्छन् । आधुनिक नाटकको पृष्ठभूमि पनि लोकनाटक भएको यसको विकासमा लोकनाटकको महत्त्वपूर्ण योगदान रहेको छ । अतः समग्रमा लोकद्वारा सिर्जित रचनालाई सङ्गीत, गीत र अभिनयसहित निश्चित पात्रहरू चयन गरेर प्रदर्शन गरिने विधा नै लोकनाटक हो ।

### २.१.६ उखान टुक्का

लोकजीवनको एक महत्त्वपूर्ण सम्पदाको रूपमा उखान टुक्का पनि एक हो । यसलाई सामान्यतया एउटै रूपमा हेर्ने प्रचलन भए पनि यी दुवैमा अर्थगत भेदका कारण बेग्लाबेग्लै अर्थमा प्रकट हुन्छन् । नेपाली भाषामा उखानलाई लोकोक्ति पनि भन्ने गरिन्छ । केही विद्वान्हरूले लोकोक्तिभित्र उखान, टुक्का र गाउँखाने कथालाई समेटेका छन् । (गिरी,२०५५ :२८) । अर्काथरी विद्वान्ले लोकोक्तिलाई लोक-सुभाषित पनि भन्न रूचाएका छन् (उपाध्याय, ई. स. १९७७ :१७४ ) । जे होस् उक्तिहरू हाम्रा अनुभवी पुर्खाका महान्वाणी हुन् जुन आफ्ना सन्तानका लागि छोडेर गएका अमूल्य लोक-सम्पत्ति पनि हुन् । उखानले वास्तवमा स्वतन्त्र रूपमा प्रयोग भएर भाषालाई रोचक र रसिलो पार्दछ । घुमाउरो पाराले भन्ने कुरालाई सङ्क्षिप्त र सूत्रबद्ध रूपमा व्यक्त गर्ने भाषिक कलालाई नै उखान भनिन्छ । अझ स्पष्ट रूपमा भन्ने हो भने उखान लोकले मान्यता दिएका भलाद्मीहरूका रूपमा मानिसले ग्रहण गर्दै आएको हो ( थापा, सुवेदी, २०४१ : ४११-४१५) गहन, सजीव, सरल र सङ्क्षिप्त हुनु उखानका विशेषता हुन् (गरी, २०५५ : २९) जनजीवनमा उखान कति रिझेभिजेका र रचिएका हुन्छन् भने तिनका माध्यमले गरिने घोचपेच, उपहास आदि पनि सहज ठानिन्छन् । बोलीचालीमा उखानको प्रयोग गर्नका निमित्त तँछाडमछाड गरिरहेका देखिन्छन् । यी चुट्किलाहरू र गहकिला उक्ति सामाजिक निर्देशन, शिक्षा, दृष्टान्त, उपमा आदिका रूपमा सूत्रबद्ध भएर प्रयुक्त हुन्छन् ( पराजुली, २०४९ २०) । लोकको विश्वास र नीतिचेतना, सामाजिक रीतिथिति, सांसारिक ज्ञान, कृषि व्यवसाय विवध पक्ष, भौलोलिक, प्राकृतिक अवस्था, पशुपंक्षी र जीवनजन्तु, इतिहास र घटना आदिसँग सम्बन्धित विषयवस्तुहरू उखानसँग गाँसिएका हुन्छन् । टुक्का पनि लोकजीवनकै अनुभूतिको तीक्ष्ण र सङ्क्षिप्त अभिव्यक्ति हो । भाषामा उखानको जति महत्त्व छ त्यत्तिकै टुक्काको पनि

महत्त्व छ । टुक्का भन्नाले खास-खास पदहरू मिलेर बनेको विशिष्ट वा लाक्षणिक अर्थ बुझाउने पदावली भन्ने बुझिन्छ (गिरी, २०५५ : २९) । नेपाली बृहत् शब्दकोशले टुक्काको अर्थ अभिधात्मक भन्दा भिन्नै अर्थ बुझाउने अभिव्यञ्जना वा लक्षण भएको पद वा पदावली भन्ने उल्लेख गरेको छ । भाषामा टुक्काको प्रयोगले गर्दा वाक्य अत्यन्तै सरल, सशक्त, रोचक तथा कलात्मक समेत बन्न पुग्छ । टुक्काले सोझो अर्थ नबताएर लाक्षणिक अर्थ बोध गराउँदछ । जिब्रो टोक्नु भन्दा साँच्चि नै जिब्रो टोकिएर रगत चुहुनु नभई देहान्त हुनु भन्ने अर्थबोध हुने हुनाले टुक्का अति रोचक एवं लाक्षणिक हुन्छ । यस्ता टुक्काहरू लोकोक्तिका हाराहारीमा आउने विशेष अभिव्यक्ति भएकाले लेख्य भाषाको प्रयोगमा र प्रकटीकरणमा यिनीहरुको ठूलो महत्त्व देखापर्दछ (थापा, सुवेदी, २०४१: ४११ - ४१५) । समग्रमा टुक्का भाषिक चमत्कार ल्याउन कथ्ये एवं लेख्य भाषामा प्रयोग हुने व्यञ्जनात्मक उद्‌गार हो भन्न सकिन्छ ।

### २.१.७ गाउँखाने कथा

लोकसाहित्यको अन्य विधाजस्तै गाउँखाने कथा पनि लोककथाजस्तै बेलुकीपख घर-आँगनीमा जम्मा भई फुर्सदको मौका पारी प्रश्नोत्तरको विधि अपनाई प्रस्तुत गरिने रोचक विधा हो । कथावाचकले प्रश्नको रूपमा कथा सोध्ने र उत्तर दिने अनि उत्तर दिन नसकेमा श्रोताले गाउँ दिनुपर्ने हुन्छ । प्रश्नकर्ताले गाउँ लिने वा गाउँखाने भएकाले यसलाई गाउँखाने कथा भनिएको हो । गाउँखाने कथालाई नेपालीमा पहेली पनि भनिन्छ । नेपालीमा विभिन्न भाषिकाहरूमा यसका निमित्त जान्नेकथा, अड्को, चिन्नेकथा, साइतर, सास्तर, कठ्यौरा, घाउटा, झ्याँगा वा झिट्ट जस्ता नाम पनि प्रचलित छन् (गिरी, २०५५ : ३०) । मोतीलाल पराजुलीले गाउँखाने कथालाई बुद्धिपरीक्षण वा मनोरञ्जनका निम्ति आउने रूपकको सूक्ष्मतम रूप भनेर परिभाषित गरेका छन् (पराजुली, २०४९ : १७६) ।

चुडामणि बन्धुका अनुसार गाउँखाने कथाले व्यक्तिलाई आफ्ना बुद्धिको प्रयोग गरी समस्या समाधानका उपायहरू पहिल्याउन सक्ने, बौद्धिक हाँकको सामना गरी प्रतियोगितामा पार हुन सक्ने र विश्लेषण शक्तिलाई तिखार्न सक्ने बनाउँछन् । (बन्धु, २०५४ : ७२) । यसरी नै विक्रमादित्य मिश्रले यसलाई विभिन्न रूपक, श्लेष तथा अन्योक्तिहरूद्वारा धेरै शब्दमा अभिष्टार्थ गोपनको सूत्रात्मक एवंम् रोचक शैली भनेका छन् । गाउँखाने कथाको लागि प्रस्तोता र श्रोता अर्थात् प्रश्नकर्ता र उत्तरकर्ता हुनुपर्दछ । प्रश्नकर्ताले कथा सोध्ने र उत्तर दिनुपर्छ । जवाफ दिन नसकेमा जवाफकर्ताले गाउँ दिनुपर्छ र उत्तरकर्ताले नानाथरी फलाक्दै उत्तरकर्तालाई हिस्स पारेर

प्रश्नको गाँठा फुस्काएर कुतूहल मेटिदिन्छ । यसमा बौद्धिक परीक्षण गर्ने, मान्छेलाई अल्मल्याउने कला हुन्छ । लोकमानसको जीवन भोगाइ सामाजिक सत्यतालाई कलात्मक प्रश्नको छरितो र सही उत्तर तत्काल दिने प्रवृत्ति गाउँखाने कथामा  पाइन्छ । यसरी ज्ञान र अनुभवमा कल्पनासमेत घोलेर सिर्जना गरिएको घुमाउरो चुड्किलो गाउँखाने कथा लोकसाहित्यको बुद्धि विकासको माध्यम बनेको छ । यसमा जीवन र जगत्का विविध कुराहरू भेटिन्छन् । ती कुराहरू प्रकृति, मानव, पशुपंक्षी, वनस्पति, घरव्यवहार, खेतीपाती रअन्य विभिन्न कार्य, व्यवसायसँग सम्बन्धित हुन्छन् । यो गद्यका अतिरिक्त पद्यमा पनि पाइन्छ । कुनै कुरालाई रहस्य वा गर्भमा लुकाएर बौद्धिकताको चमत्कार देखाइने यो लोकसहित्यिक विधा अलङ्कार र प्रतीक प्रयोगका दृष्टिले विशेष महत्त्वपूर्ण छ, (गिरी, २०५५ :३१०) ।

यसप्रकार लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथाहरूले नै लोकसाहित्यका प्रमुख विधाहरू हुन् तापनि गोठाले गीत, बालगीत तथा लोककविताको पनि महत्त्वपूर्ण स्थान देखिन्छ तर अधिकांश विद्वानहरूका अभिमतलाई मध्यनजर गरी यस  शोधपत्रमा यिनै प्रमुख विधाहरूको मात्र सङ्क्षिप्त परिचय दिइएको हो ।

## २.१.८ निष्कर्ष

मानव विकासको इतिहाससँगसँगै विकसित हुँदै मौलाउँदै र झ्याङ्गिदै आएको लोकसाहित्य आजको वैज्ञानिक युगसम्म आइपुग्दा यसले जे-जति क्षेत्र विस्तार गऱ्यो त्यो अत्यन्तै वर्णनयोग्य रहेको कुरा सर्वविदितै छ । चाहे त्यो लोकगीत होस् वा लोककथा, लोकगाथा होस् वा लोकनाटक, उखान टुक्का होस् वा गाउँखाने कथा ती सबैले लोकजीवनमा मानव लोकजीवनमा महत्त्वपूर्ण प्रभाव पारेकै छ । परापूर्वकालमा जस्तै आज पनि लोकगीतहरू लोकजीवनमा मानव मनका ढुकढुकी बन्न निकै सफल भएका देखिन्छन् । वनबुतो, मेलापातोदेखि लिएर आजको  लोकदोहोरी, दोहोरीसाँझ आदिका संस्कारमा समेत छचल्किएर के बालक, के बृद्ध, के युवायुवती सबैका मनमस्तिष्कमा झुण्डिएर हिँडेका छन् । लोककथाको नसा लागेका केटाकेटीहरू आज पनि आफ्ना आमाबाबाहरूका काख-पोल्टामा बसेर लोककथाको आनन्दमा रमाइरहेका पाइन्छन् । लोकगाथा गाएर विवाहमण्डप होस् अथवा पूजाकोठरी जहाँतहीँ आफ्ना पुर्खाहरूको दैवीलीला र वीरताको गाथा गाउँने परम्परा मेटिएको छैन ।लोकनटकको कुरा गर्दा आज देशमा छरिएर रहेका सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूले आ-आफ्नो उद्देश्य पूरा गर्नका लागि लोकनाटकलाई नै प्रमुख साधन बनाएको पाइन्छ । यस्ता

कार्यक्रमहरूमा उखान-टुक्का जस्ता सारगर्भित र रसिला अभिव्यक्तिहरू प्रसङ्गअनुसार सबैको मुखमा झुण्डिएकै पाइन्छ । अझ गाउँखाने कथाले त केटाकेटीदेखि युवायुवती, बूढाबूढी सबैलाई मन्त्रमुग्ध पारेकै हुन्छ ।

यसरी लोकसाहित्यले लोकजीवनमा सशक्त, सहज र प्रगाढ रूपमा प्रभाव पारेको कुरालाई सहर्ष स्वीकार्न सकिन्छ । यस लोकसाहित्यका नैतिक उपदेशात्मक सन्देशसमेत प्रशस्त दिन खोजेर मानवको नैतिक मूल्यमान्यताहरूमा थप ऊर्जा प्रदान गर्न खोजेको अभास हुन्छ ।

## २.२ लोककथाको परिभाषा

लोककथाको बारेमा यहाँसम्म आइपुग्दा धेरथोर परिचय दिदै लोककथा र यससँग सम्बन्धित लोकगाथा, लोकनाटक लोकगीत, उखान टुक्का आदिको छोटो चर्चा परिचर्चा गरियो । अब यस सन्दर्भमा लोककथाको परिभाषा दिनु सान्दर्भिक देखिन्छ । लोककथाका बारेका कुनै वस्तुको ठोस नाम दिएर चिनाए जस्तै ठ्यक्कै एउटै परिभाषा दिन भने सकिन्न तर पनि विभिन्न समयको कालखण्डमा विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरूको केही मोटामोटी अंश यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

(क) नेपाली शब्दकोशका अनुसार-लोककथा भनेको परम्परादेखि मौखिक रूपमा चलिआएको कथा हो (त्रिपाठी, २०४०) ।

(ख) नेपाली लोकसाहित्यका अध्ययनद्वय जनकविकेशरी धर्मराज थापा र हंसपुसरे सुवेदीका भनाइमा कल्पनाका धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनाश पुस्तौं पुस्ता मुखैमुख चलेर आएका कथाहरू नै लोककथा हुन् (थापा, सुवेदी, २०४१ : ३१९) ।

(ग) धर्मराज थापा र हंसपुरे सुवेदीले अर्को एक ठाउँमा लोककथालाई यसरी चिनाएका छन्- लोककथाको मतलब हो आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा बुनिएको घतिलो रचना (थापा, सुवेदी, २०४१ : २३३) ।

(घ) प्रा. डा. वासुदेव त्रिपाठीका अनुसार-लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-प्रतिपुस्ता आफ्ना सम्झनामा सुरक्षित गर्दै आएका छौ (त्रिपाठी, २०४०) ।

(ङ) तुलसी दिवसले- "नेपाली लोककथाको अध्ययन गर्ने सन्दर्भमा लोककथामा मानवको अतीतमात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ" भनी उल्लेख गरेका छन् (दिवस, २०३२ :६) ।

(च) कृष्णप्रसाद पराजुलीका अनुसार- परापूर्वकालदेखि मौखिक रूपमा गाउँबस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथा कुथुङ्ग्रीको बटुलो नै लोककथा हो (पराजुली, २०५७ : ४५) ।

(छ) प्रा. डा. चुडामणि बन्धुका अनुसार- लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत्‌भन्दा भिन्न लोकको निर्माण गरिन्छ (बन्धु २०५८ : २८९) ।

(ज) डा. मोतीलाल पराजुलीका अनुसार-संसारका प्राणी वनस्पतिमा सुख-दुःखका मर्म या कथा-व्यथाको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति लोककथा हो । (पराजुली,२०५८ : २२) ।

(झ) डा. शङ्करप्रसाद कोइरालाका अनुसार- वर्णनात्मक कथाद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसहित्यको एक उच्च विधाका रूपमा लोककथा देखिन्छ (कोइराला, २०५६ : १११) ।

यसरी माथि उल्लेखित केही नेपाली लोकसाहित्य जगत्‌का चर्चित व्यक्तित्वहरूले परिभाषाहरूका आधारमा लोककथालाई यसरी परिभाषित गर्न सकिन्छ - मानव विकासको इतिहाससँगै कथ्य एवंम् श्रुतिपरम्परामा हुर्कँदै र फस्टाउँदै युगौँदेखि वर्तमानसम्म जीवितै रहेर अघि बढिरहेको आख्यानात्मक चमत्कार नै लोककथा हो ।

### **२.२.१. लोककथाको स्वरूप**

नेपाली लोकसाहित्य जगत्‌मा चर्चित व्यक्तित्वहरूले देशका विभिन्न ठाउँविशेषमा घटित घटनाहरूलाई कथ्यरूप दिँदै भौगोलिक विविधताका आधारमा वर्णन गरेका नेपाली लोककथाहरूको स्वरूपलाई यसरी उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

(क) लोककथा केही लामा भए तापनि धेरैजसो लघु आकारका हुन्छन् ।

(ख) लोककथा कथ्य विधा हो । कथानक अनिवार्य भए तापनि पात्र वा चरित्र वातावरण, शैली र सन्देश अपेक्षित नै हुन्छन् ।

(ग) रचनाकार प्रत्यक्ष नभई अज्ञात हुन्छ ।

(घ) लोककथा कुनै अज्ञात ठाउँ विशेषबाट थालनी हुन्छ सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा मुखमा आइजाला भनेर समाप्त गरिन्छ ।

(ङ) लोककथामा तिलश्मी प्रवृत्तिका साथै सामाजिक उद्गार सशक्त रूपमा उठाइन्छ ।

(च) समय, परिस्थिति र स्थान विशेषले यसलाई परिमार्जनतिर धकेलिन्छ ।

(छ) लोककथामा लोकभाषा मुखरित हुन्छ ।

(ज) लोककथामा आवश्यकताअनुसार गद्य-पद्य दुवै शैली अपनाइन्छ ।

(झ) लोककथा सुन्ने र सुनाउने आख्यानात्मक कला हो ।

**२.२.२.लोककथाका तत्त्वहरू**

(क) कथानक

(ख) पात्र वा चरित्र

(ग) परिवेश

(घ) उद्देश्य

(ङ) भाषा र शैली

(च) अभिप्राय

**(क) कथानक :**

लोककथामा वर्णन गरिएका घटना, कार्य आदिका संयोजनबाट कथावस्तु बनेको हुन्छ । लोककथामा वर्णन गरिने घटना, कार्य आदिको प्रस्तुतीकरणको जे-जस्तो योजना मिलाइएको हुन्छ, त्यही नै कथावस्तु वा कथानक हो । लोककथाको कथावस्तु विभिन्न स्थूल वा स-साना सूक्ष्म घटनाहरुका संयोगबाट बनेको हुन्छ । कथावस्तुको प्रारम्भ एकादेशबाट भई भन्नेलाई

फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा वैकुण्ठ जाला भन्ने बेला तुरुन्त मुखमा आइजाला मा गई अन्त्य हुन्छ ।

(ख) **पात्र वा चरित्र** :

लोककथाको कथानकलाई अघि बढाउन प्रयुक्त मानवीय तथा मानवेत्तर वस्तु/प्राणीहरुलाई नै पात्र भनिन्छ । यिनीहरूकै कार्यकारणले घटना वा कार्य अघि बढ्दै जान्छ र एकपछि अर्को जादुगरी घटना वा कार्यको कारण लोककथा अझ बढी रोमाञ्चकारी बन्दै जान्छ साथै तिलस्मी पाराले श्रोतालाई अद्भूत आनन्द दिलाउनुका सार्थ अर्ती उपदेश, जुक्तिबुद्धिसमेत प्रदान गर्दछ ।

(ग) **परिवेश :**

लोककथाको सिर्जना गर्न कुनै घटना, कार्य, विषय/विचार आदिलाई प्रस्तुत गर्न लिइएको सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक तथा ऐतिहासिक परिस्थितिले कुनै न कुनै समय र स्थानलाई आधार बनाएको हुन्छ । त्यसैलाई नै लोककथाको परिवेश मान्न सकिन्छ ।

(घ) **उद्देश्य** :

कुनै न कुनै रूपमा लोककथाले कुनै न कुनै एउटा दृष्टिकोणलाई प्रस्तुत गरेकै हुन्छ । त्यही दृष्टिकोणको प्रस्तुती नै त्यस लोककथाको उद्देश्य ठहरिन्छ । यसैले यसलाई पनि लोककथाको एउटा मुख्य तत्त्व मानिएको छ । प्रथमतः श्रोतालाई मनोरञ्जन प्रदान गर्नु नै लोककथाको प्रमुख उद्देश्य रहेको पाइन्छ भने अर्ती-उपदेश र जुक्ति-बुद्धि प्रदान गर्नु पनि लोककथाको उद्देश्यको अर्को प्रमुख पाटो रहेको पाइन्छ ।

(ङ) **भाषा र शैली :**

भाषाका माध्यमद्वारा नै विचारको/भावको सम्प्रेक्षण हुन्छ । भाव वा विषयलाई व्यक्त गर्ने कलालाई नै शैली भनिन्छ । भाषाको अभिव्यञ्जना शक्तिको उपयोग गरेर कथा-कथनलाई प्रभावकारी तुल्याउनु नै लोककथाको कथाकारको खास विशेषता हो । भाषिक प्रयोगका आधारमा लोककथाको भाषाशैली लोकजीवनमा प्रचलित अति सरल सुबोध्य कथ्य लोकभाषा रहेको हुन्छ । तिलस्मी पाराले लोककथालाई कौतूहलोद्बीपक र रोमाञ्चकारी पनि बनाइएको हुन्छ ।

(च) **अभिप्राय** :

लोककथामा पात्रका क्रियाकलाप, मनस्थिति, परिवेश आदिको विशेषार्थकता झल्काउनका निम्ति तिनका छायास्वरूप विभिन्न शब्द, शब्दावलीहरूको प्रयोग गरिएको हुन सक्छ । यसैलाई अभिप्राय भनिन्छ । अभिप्रायले अलङ्कारको काम गरी सम्बन्धित लोककथाको अर्थसौन्दर्यलाई कलात्मक, उत्कर्ष दिन सक्छ ।

### २.२.३ लोककथाका विशेषताहरू

खास गरेर वैदिक कालदेखि विभिन्न कालखण्डका उकाली-ओराली पार गर्दै वर्तमान युगसम्म आइपुदा नेपाली लोककथाले अनेकौं प्रवृत्ति र विशेषताहरूलाई अँगालेको छ । हरेक लोकसाहित्यिक विधाको आ-आफ्नै छुट्टै विशेषता रहेका हुन्छन् । लोककथाले लोक जीवनका सुख-दुःखका अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने मौखिक परम्परामा हुर्कदै, बढ्दै मानवहृदयलाई मनोरञ्जन दिँदै आएको छ । यसका विशेषताहरूलाई बुँदागत रूपमा यसरी उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

(क) **मौखिक परम्परा**

लोककथा कथ्यभाषाबाट विकसित हुँदै आएको साहित्य हो । यो एक अलिखित साहित्य हो । परापूर्वकालदेखि लेख्य रूपमा नभई भन्ने र सुनाउने परम्परामा चल्दै एक पुस्ताबाट अर्को पुस्ता हुँदै लोककथा हुँर्कने तथा विकसित र विस्तारित हुने भएकाले यसको मुख्य विशेषता मौखिक परम्मरा हो ।

(ख) **अज्ञात रचनाकार**

लोककथामा लेखकको कुनै चिनारी र पहिचान नहुने हुनाले यसको रचनाकार अज्ञात हुन्छ । यो साहित्य त केवल एक व्यक्तिले अर्को व्यक्तिलाई भन्दै र एक व्यक्तिले आफूले सुनेको कथा अर्कालाई सुनाउँदै यसको विस्तार र विकास भइरहेको हुन्छ । समाजमा हरेक लोककथा वाचकले आफ्ना पिता-पुर्खाबाट ग्रहण गरी छोरा-नातिलाई हस्तान्तरण गर्ने गर्छन् । श्रोताले यो कथा कसले भनेको वा लेखेको हो भनेर प्रश्न गर्दा वक्ताले उहिलेको कुरा हो भनेर बुझाउँने गरिन्छ । त्यसैले लोककथाको रचनाकार को हो भन्नुभन्दा पनि कुन समयको हो भनी प्रश्न गर्दा पनि समय किटान गर्न सकिन्न, त्यसैले लोककथामा स्रष्टा अज्ञात रहनु यसको महत्त्वपूर्ण विशेषता हो ।

### (ग) उपदेशात्मकता

कुनै पनि साहित्यले जनमानसमा नैतिक शिक्षा दिनु नितान्त आवश्यक मानिन्छ । लोक कथा पनि नैतिक शिक्षाको मूल्य र मान्यताबाट टाढा रहन सक्दैन । पौराणिक ग्रन्थहरूदेखि आजको वैज्ञानिक दर्शनसम्मको अध्ययन परम्परामा उपदेशात्मक पद्धति अपनाइएको पाइन्छ । भूतप्रेत, राक्षस, देवीदेवतासम्बन्धी कल्याणकारी कार्यको कथा, देशभक्ति र वीरताका कथाहरूले नैतिक उपदेशात्मक सन्देश बोकेका हुन्छन् । कुनै कथाहरूमा अर्काको सम्पत्तिमा लोभ नगर्नु, झुठो नबोल्नु, अर्काको दुःखमा नहाँस्नु, ठगी, चोरी आदि अनैतिक कार्य नगर्नु भन्ने जस्ता उपदेशात्मक कुराहरू पाइन्छन् । यसकारण अधिकांश कथाहरूमा अर्ती उपदेश पाइनु नेपाली लोककथाको प्रमुख विशेषता नै हो ।

### (घ) कल्पनाको प्रधानता

लोककथालाई कल्पनाको उपज मानिन्छ । लोककथामा यथार्थलाई पनि कल्पनाका आधारमा तिलस्मी वा रोचक तुल्याउनका साथै सुबोध्य बनाइएको हुन्छ ।

### (ङ) प्रेमभावको प्रधानता

प्रेम र मानवजीवन एक अर्काका पूरक हुन् । नेपाली लोककथामा मानव जीवनको सहजस्वाभाविक पक्षसँग सम्बन्धित छ भने लोककथामा प्रेम अभिन्न भएर प्रस्तुत भएको हुन्छ । प्रेममा अश्लीलता भन्दा दिव्यता र आदर्श बढी प्रस्फुटित भएको हुन्छ ।

### (च) मङ्गलकामना

लोककथा मानवीय जीवनसँग सम्बन्धित हुने हुँदा यसमा धेरैजसो मङ्गलको कामना गरिएको हुन्छ । कथा सुन्ने र सुनाउने दुवै थरीलाई मङ्गलको कामना गरिएको हुन्छ । यसले भविष्य र वर्तमान तीन कालखण्डको मङ्गलगान गरेको हुन्छ ।

### (छ) सुख र संयोगमा कथाको अन्त्य

सङ्घर्षपूर्ण जीवनका कथात्मक प्रस्तुतिले लोककथाका पात्रहरूले वियोग, निराशा, दुःख, हानि-नोक्सानीका पक्षहरूसँग मुकाविला गर्दै सुखद भविष्यको कारूणिक आभास दिन खोज्छ । लोककथामा अनैतिक वा दुष्ट पात्रहरूको पतन र असल पात्रको प्रगति देखाउने हुँदा लोककथा सुखको संयोगमा टुङ्गिएको हुन्छ ।

### (ज) कुतूहलता र उत्सुकता

अद्भूत रहस्य र रोमाञ्चकताका कारणले लोककथाको श्रोता तथा श्रवण गर्नमा लालायित भइरहेको हुन्छ । श्रोताको उत्सुकताको तृप्ति कथाको अन्त्यमा हुने हुनाले आदि र मध्यभाग कुतूहलमय हुन्छ भने कथाको अन्त्य भागमा सुनौं सुनौं लाग्ने उत्सुकता जागेर श्रोतामा आनन्द प्रदान गर्नु यसको मुख्य विशेषता नै हो ।

### (झ) अलौकिक वस्तुको रहस्यमय प्रस्तुति

भूत-प्रेत, पिशाच-दानवका साथै पशुपंक्षी र परीहरूका कथाले लोककथालाई अझ बढी रोचक बनाएको हुन्छ ।यसैले अलौकिक वस्तुको पात्रहरूको चयनले लोककथा अझ बढी रोमाञ्चकारी हुन्छ । यसैले अलौकिक वस्तुको रोमाञ्चकारी प्रस्तुति लोककथाको अर्को महत्त्वपूर्ण विशेषता हो ।

### (ञ) आदर्शमय प्रेमाभास

मानव जीवनमा प्रेम अपरिहार्य हुन्छ । लोककथा मानव जीवनको सहज-स्वाभाविक पक्षसँग सम्बन्धित छ भने लोककथामा प्रेम अभिन्न भएर प्रस्तुत हुने गर्छ । लोककथाको प्रेम प्रेमी-प्रेमिकासँग सम्बद्ध सीमिततामा भन्दा भाइ-बहिनीको प्रेम, आमा-छोराको प्रेम, पति-पत्नीको प्रेम जस्तो विविध पक्षमा व्यापक रहेको हुन्छ । यस्ता पक्षमा देखिने प्रेम अश्लीलताभन्दा दिव्यता र आदर्श रहेको हुन्छ ।

### (ट) हास्य-व्यङ्ग्य

लोककथा भन्ने बित्तिकै एक मनोरम प्रस्फुटनको सुरूवात हुन लागेको एउटा खुसीयालीको क्षण भन्ने बुझिन्छ । खुसीयालीपूर्ण वातावरण सिर्जना गर्नका निम्ति केही हास्यकला उब्जनु पर्छ । हास्यकला कसरी उत्पन्न भयो भनी बुझ्न त्यसमा वर्णित आलङ्कारिक अर्थ हुन्छ । त्यस्तो आलङ्कारिक अर्थ नै व्यङ्ग्य हो ।

### (ठ) सुनौलो भविष्यको वर्णन

लोककथामा पुनर्जन्मको परिकल्पना गर्दै परिवर्तनको सङ्केत दिन खोजिएको हुन्छ । वर्णनात्मक पक्षको प्रबलता हुने भएकाले घटनाको बाहुल्य पनि लोककथामा प्रशस्त पाइन्छ ।

एक अर्कामा सम्बन्धित घटनालाई वर्णनात्मक परिपाटी अँगाली फूलबुट्टा भर्ने काम वाचकले गर्दछन् ।

### (ड) मनोरञ्जनपूर्णता

लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्ने भएकाले यो अत्यन्तै रोचक कुतूहलताले भरिपूर्ण हुन्छ । लोककथालाई रोचक र कुतूहलपूर्ण बनाउन अनौठा र अपत्यारिला घट्नाक्रमलाई पत्यारिलो बनाउन खोजिएको हुन्छ । यस्ता अनौठा र अपत्यारिला घटना सुनाउँदा बालबालिकाहरू मन्त्रमुग्ध भएर त्यसैमा एकोहोरिन्छन् ।एउटा कथा सकिनासाथ अर्को कथा भन्ने आग्रह गर्दछन् । केटाकेटीहरू मात्र नभएर ठूला मान्छेहरू पनि लोककथा सुन्न थाले पछि समय गएको पत्तै पाउँदैनन् । त्यसकारण मनोरञ्जनपूर्णता पनि लोककथाको विशेषता हो ।

### (ढ) गतिशीलता

गतिशीलता पनि लोककथाको एक अर्को महत्त्वपूर्ण विशेषता हो । यसको तात्पर्य लोककथा गतिशील हुन्छ । लोककथा खास गरेर मौखिक परम्परामा हुँर्कदै र मौलाउँदै आएको हुनाले नै यो आफैँमा गतिशील छ भन्ने प्रस्ट हुन्छ ।

यसरी लोककथाका विशेषताहरूलाई माथि उल्लेखित रूपमा वर्णन गरे तापनि यसका राजनैतिक, आर्थिक, सामाजिक, भौगोलिक आदि पक्षसँग सम्बन्धित विशेषताहरू पनि हुनसक्छन् । ती सबै विशेषताहरू यहाँ उल्लेख गरिरहनु सान्दर्भिक देखिन्न र सम्भव छैन पनि । त्यसैले यहाँ प्रमुख विशेषताहरूलाई मात्र मध्यनजर राखेर चर्चा गरिएको हो ।

## २.३ लोककथाको वर्गीकरण

आधुनिक कथायात्रालाई हेर्दा यसले आफ्नो विकासका धेरै-धेरै मोड तथा घुम्तीहरू पार गर्दै आइसकेको देखिन्छ । परापूर्व कालमा मौखिक परम्पराबाट विकसित हुँदै अनेकौं घुम्ती तथा कालखण्डहरू पार गर्दै वर्तमान युगसम्म आइपुगेको नेपाली लोककथा सर्वसुलभ र मनोरम साधनका रूपमा लोकप्रिय रहेको छ । लोककथालाई सजिलो ढङ्गले अध्ययन गर्नका लागि यसको वर्गीकरण जति आवश्यक छ, त्यति नै दुसाध्य पनि छ । लोककथाको निश्चित वर्गीकरण गर्न असजिलो हुनुमा यसको असीमित व्यापकता प्रमुख कारण बनेको छ । जति व्यापक रहे तापनि यसको वैज्ञानिक वर्गीकरण पहिल्याउनु यस सन्दर्भमा अति आवश्यक देखिन्छ । यसैगरी

लोककथाको मुहानका रूपमा रहेको प्राचीनकाल जुनबेलादेखि नेपाली लोककथाले बामे सर्ने मौका पायो त्यसैबेला सन्दर्भका साहित्यकारहरूको प्रसङ्ग प्रस्तुत गर्न सान्दर्भिक ठर्हछ ।

प्राचीनकालका पूर्वीय आचार्यहरूले प्राचीन लोककथाहरूलाई कथागत विषयवस्तु उद्देश्य अनुसार आख्यानयुक्त रचनालाई मुख्यतयाः धार्मिक कथा, उपदेशात्मक कथा, मनोरञ्जनात्मक कथा गरी तीन भागमा विभाजन गरेका छन् (थापा, सुवेदी, २०४१ : १७) । प्राचीनकालमै अझ संस्कृतका प्राचीन आचार्यहरूबाटै कथा र आख्यायिका गरी लोक कथाको वर्गीकरण दुई किसिमले गरेको पाइन्छ । आनन्दबर्धनले लोककथालाई परीकथा, सबलकथा र खण्डकथा गरी तीन वर्गका बाडेका छन् । त्यसै गरी पूर्वीय साहित्यकार हरिभद्र अचार्यले प्राचीन पूर्वीय कथाहरूलाई अर्थकथा, कामकथा, धर्मकथा र सङ्कीर्ण कथा गरी चारवटा वर्गमा विभाजन गरेका छन् (दिवस, २०३३ : २१) । लोककथाको विषयवस्तुलाई मापदण्ड बनाएर वर्गीकरण अपर्याप्त नै देखिन्छ ।

आजको भौतिक युगमा आइपुग्दा पनि लोककथाका उत्पतिका बारेमा विस्तृत अध्ययन र अनुसन्धान कार्यमा पूर्वीय र पाश्चात्य  एवं नेपाली लोकसाहित्य अध्येताहरू संलग्न भई यस कार्यलाई जारी नै राखेका छन् । लोककथामा खास राष्ट्र, स्थान भूगोल, परिवेश र साँस्कृतिक झलकहरू प्रतिबिम्बित हुनाले तिनमा विविध विशेषताहरू देखिएका छन् । कतिपय लोककथाहरूले भूगोलको स्थानान्तरण गरेर स्थानीय रूपबाट अन्तर्राष्ट्रिय रूप ग्रहण गर्दछन् । त्यसकारण पूर्वीय र पाश्चत्य जगत्का विद्वान्हरूले आ-आफ्नै राष्ट्रका भौगोलिक तथा सास्कृतिक परिवेशअनुसार वर्गीकरण गरेका छन् । यसै सर्न्दभमा कृष्णदेव उपाध्यायले प्रेमकथा, उपदेशकथा, सामाजिक कथा, व्रतकथा, मनोरञ्जन कथा, पौराणिक कथा गरी छ वर्ग विभाजन गरेका छन् (उपाध्याय, ई. सं. १९७७ : १३१) । त्यसै गरी अर्का विद्वान् सत्येन्द्रले कथागत विषयवस्तुका आधारमा लोककथालाई निम्न लिखित आठ भागमा विभाजन गरेका छन् ( उपाध्याय, ई. सं. १९७७ : १३१) ।

१. गाथाहरू
२. पशुपंक्षी सम्बन्धी कथा
३. परीका कहानीहरू
४. विक्रमका कहानीहरू
५. साधुसन्तका कथाहरू

६. कारण निर्देशक कहानीहरू

७. बुझौवलसम्बन्धी कहानीहरू

८. निरीक्षणगर्भित कहानीहरू

यसरी नै भूपेन्द्र राय चौधरीले शौर्यपूर्ण, कौशलपूर्ण र कुतूहलोद्धीपक आदि गरेर दश भागमा बाडेका छन् । भारतीय लोककथाका अध्येताहरूले अधिकांशत विषय वस्तुका आधारमा नै लोककथाको वर्गीकरण गरेका छन् तर सेनले झैं गीतिपरकतालाई पनि वर्गीकरणको आधार मान्ने हो भने अगीतिपरक वा कथानात्मक भनेर पनि एउटा वर्ग छुट्याउनुपर्ने हुन्छ ।

पाश्चात्य साहित्य क्षेत्रका लोककथाका अध्येता सर जर्ज गोमेले लोककथा, वीरगाथा, गीतिकथा र जनश्रुति गरी चार वर्गमा विभाजन गरेका छन् । यसरी नै स्टिथ थमसनले किंवदन्ती, परीकथा, पशुपंक्षीकथा, नीतिकथा र पौराणिक कथा गरी लोककथालाई पाँच वर्गमा वर्गीकरण गरेका छन् । अर्का पाश्चात्य विद्धान एन्टी अर्नेले लोककथालाई पशुपंक्षीकथा, शुद्धकथा र हँस्यौली र चुटकिलाकथा गरी तीन भागमा वर्गीकरण गरेका छन् । (पूर्ववत्) । यसरी केही पाश्चात्य विद्वान्हरूले कथाचक्रलाई आधार बनाएर लोककथाको वर्गीकरण गरेका छन् भने कतिपयले कथानकलाई आधार मानेर लोककथालाई यसरी विभाजन गरेका छन् – (क) नीतिमूलक कथा (ख) परीकथा (ग) किंवदन्ती वा आख्यायिका र (घ) पौराणिक कथा ( पूर्ववत्) ।

यसरी पाश्चात्य जगतका विद्धानहरूले सकेसम्म सङ्क्षिप्ततालाई ध्यानमा राखेर लोककथाको वर्गीकरण गरेका छन् । यसरी अनेक विद्वान्हरूका वर्गीकरणलाई मध्यनजर गर्दा जे जति कमजोरी पाइन्छन् ती सबैको निराकरण हुने वर्गीकरणका रूपमा डा. तुलसी दिवसले गरेको लोककथाको वर्गीकरणलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

(क) सांस्कृतिक-ऐतिहासिक लोककथाहरू

(ख) अर्ती-उपदेशका लोककथाहरू

(ग) पशुपंक्षीका लोककथाहरू

(घ) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

(ङ) अतिमानवीय रूपका लोककथाहरू

(च) दैवी लोककथाहरू

(छ) फलफूलका लोककथाहरू

(ज) साहस र बहादुरीका लोककथाहरू

(झ) धार्मिक लोककथाहरू

(ञ) विविध लोककथाहरू

यसरी माथि उल्लेखित डा. तुलसी दिवसको लोककथाको वर्गीकरण उपयुक्त र मान्य हुदाँहुदै पनि कतिपय दृष्टिकोणबाट विवादमा रूमलिएको पाइन्छ । दिवसपछि कतिपय लोक साहित्यिक स्रष्टाहरूले आ-आफनो पाराले वर्गीकरण गरेको पाइन्छ । लोककथाका बारेमा जे-जति खोज, अध्ययन-अनुसन्धान भएतापनि वर्तमानकालसम्म आइपुग्दा नेपाली लोकसाहित्यको अध्ययन र अनुसन्धानको कार्यमा बहुसङ्ख्यक नेपाली विद्वानहरू देखापरेका छैनन् । यसो हुँदाहुँदै पनि नेपाली लोककथाको अध्ययन र अनुसन्धान कार्यमा डा. तुलसी दिवसकै नाम अगाडि ल्याउन सकिन्छ । यसका साथै जनकविकेशरी  धर्मराज थापा र हंसपुरे सुवेदी, धरणी गौतमका साथै राजेन्द्र सुवेदीले पनि पूर्वीय आचार्यहरूले गरेका वर्गीकरण पद्धतिलाई अँगाल्दै नेपाली लोक कथाको वर्गीकरण गरेका छन् ।

माथि उल्लेखित लोककथाकारका लोककथाहरूको अध्ययन-अनुसन्धान गर्दै यस शोधपत्रमा नेपाली लोककथालाई आठ भागमा वर्गीकरण गर्दा उपयुक्त ठानी यहाँ उल्लेख गरिएको छ । यसै सर्न्दभमा लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथालाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

१. सामाजिक लोककथाहरू

२. धार्मिक लोककथाहरू

३. मानवीय तथा अतिमानवीय लोककथाहरू

४. अर्ती-उपदेश तथा बहादुरीका लोककथाहरू

५. राजपाठसम्वन्धी लोककथाहरू

६. राक्षस सम्वन्धी लोककथाहरू

७. हास्य-व्यङ्ग्यका लोककथाहरू

८. विविध लोककथाहरू

### २.३.१ सामाजिक लोककथाहरू

मानिस समाजमा बस्छ । मानिस समाजमा बस्ने हुनाले उसलाई सामाजिक प्राणी भनिन्छ । समाज विभिन्न कालखण्डमा परिवर्तित भइरहेको हुन्छ । मानवीय जनजीवनका विभिन्न रीतिरिवाज, गुणदोष आदि यस्ता कथामा प्रतिबिम्बित हुन्छ । खास गरी समाजमा धनी-

गरिब, असल-खराब, सत्-असत्, विद्वान्-मूर्ख आदि व्यक्तित्वहरूको अलग-अलग गुण-दोष र व्यवहारबाट समाज चलिरहेको हुन्छ । यस्तै दुराडाँडा क्षेत्रमा प्रचलित यस शोधपत्रमा उल्लिखित कथाहरूमा दाजुभाइको कथा, जुक्तियुक्त फटाहा केटाको कथा, आफ्नो मात्र स्वार्थपूर्ति गर्ने भान्जाको कथा, लाटो सुधो ज्योतिष बनेको कथा, र पशुवाक्य बुझ्ने बुद्धिमती बुहारीको कथा पर्दछन् ।

### २.३.२ धार्मिक लोककथा

खास गरेर सत् र असत् बारेमा पहिचान दिने र असल कार्य गरेमा स्वर्गमा बास पाइने अनि खराब कार्य गरेमा नरकको बास हुने जस्ता आध्यात्मिक आचरणको पाठ सिकाउने खालका कथाहरू धार्मिक लोककथा अन्तर्गत लिइन्छ । यस अन्तर्गत दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाहरूमा पुण्य गर्न खोज्दा पाप भएको कथा, आकाशवाणी सत्य भएको कथा पर्दछन् ।

### २.३.३ मानवीय तथा अतिमानवीय लोककथा

यसअन्तर्गत मानवीय क्रियाकलापसँग सम्बन्धित कथा अर्थात् मानवेत्तर कथाहरू पर्दछन् । मानव-मानव बीचमा सम्पन्न हुने कार्य व्यापार मात्र नभई मानव र अमानव अर्थात पशुपंक्षी बोट-बिरूवा आदिसँगको तादात्म्य सम्बन्ध मानवीय तथा अतिमानवीय लोककथामा मूल वा गौण पात्रका रूपमा उपस्थित भएका हुन्छन् । मानवेत्तर प्राणीहरूले पनि अकल्पनीय कार्यहरू सम्पन्न गरेको देखाइन्छ । यसले मानव मनलाई रोमाञ्च भरिदिने काम गर्दछ । यस अन्तर्गत गोठालोसँग स्यालले गोठालाको विवाह गरिदिएको कथा, अरुलाई मस्ती रानीलाई सास्ती भएको कथा र सुँगुरले सृष्टिकर्ता खोज्दै गरेको काथ आदि कथाहरू पर्दछन् ।

### २.३.४ अर्ती-उपदेश तथा बहादुरीका कथाहरू

लोककथाको मूल तात्पर्य नै मानव मनमस्तिष्कमा नयाँ उभार ल्याउँदै मानव व्यवहारमा अनुशासन र कर्तव्यपरायणताको पाठ सिकाउनु रहेको छ । यसले मात्र आवश्यक लक्ष्य प्राप्ति नहुने हुनाले साहस तथा पराक्रमको दृश्य मनमस्तिष्कमा उजागर गरिदिनु पनि लोककथाको मूल मर्म रहेको हुन्छ । मानव समाजमा कार्यव्यापार केका निम्ति ? भनी प्रश्न उठ्दा सुनौलो भविष्य प्राप्तिका लागि भन्ने उत्तर सन्दर्भले प्रस्तुत गरिरहेको हुन्छ । यस्ता

कथाहरूमा यस शोधपत्रमा बूढाको बुद्धिले बिहे सफल भएको कथा, बाह्र वर्ष ससुराली बसेपछि अल्छीको बुद्धि आएको कथा आदि पर्दछन् ।

## २.३.५. राजपाटसम्बन्धी लोककथाहरू

खासगरी आजभन्दा २४० वर्ष अगाडिदेखि राजसंस्थाले जरो गाड्दै असल भए झनै असल र खराब भए पनि गुणवान भन्दै राजकीय स्तुतिगान गाउने प्रचलन कायम थियो । यसै सन्र्दभमा बढे बढे धनी महाजन, सामन्त, शासक प्रशासकको दोषलाई लुकाएर गुणगान गाउनु नै असल नागरिकको कर्तव्य ठानिन्थ्यो । सभ्यताको विकास सँगै मुलुकले कोल्टे फेरे तापनि यस्ता खाले राजपाठ सम्बन्धी लोककथाहरू कायमै छन् । खास भन्ने हो भने यसलाई इतिहासकै रूपमा भए पनि स्वीकार्दै आएको छ । यस शोधपत्रमा उल्लिखित राजपाठसम्बन्धी कथाहरूमा लोग्नेमान्छेसँग मुख नहेर्ने भन्ने केटीको कथा, खोरको बाघ खोरमै थुनिएको, भावीको लेखनी साँचो भएको कथा पर्दछन् ।

## २.३.६ राक्षससम्बन्धी कथा

राक्षससम्बन्धी लोककथाहरूमा प्रायः गरेर मानवेत्तर पात्रको बाहुल्य हुने हुँदा मानव पात्रहरू गौण रूपमा रहेका हुन्छन् । कतिपय यस्ता खाले कथामा मानवीय पात्र मुख्य पात्रका रूपमा देखा पर्छन् भने कतिपय अवस्थामा मानवेत्तर पात्र मुख्य रूपमा आएका हुन्छन् । यस प्रकारका केही कथाहरूमा मानवीय पात्र र मानवेत्तर पात्रबीचमा द्वन्द्वसमेत देखाइको हुन्छ । यस प्रकारका कथाहरू उपदेशमूलक पनि हुन्छन् । यस अध्ययनमा उल्लेखित कथाहरूमा राक्षसको अन्त्य गर्ने बहादुर राजाको कथा, शिकार खेल्दा एक्लै जङ्गलमा बास बसेको कथा, चोर मितलाई तह लगाएको कथा पर्दछन् ।

## २.३.७ हास्य-व्यङ्ग्य कथा

“बोकाको टाउको नकाटी देवीको पूजा हुन्न” भन्ने उक्तिलाई चरितार्थ गर्ने खालका कथाहरू यसअन्तर्गत पर्दछन् । त्यसैगरी विभिन्न शक्ति र उनीहरूका आनीबानी, गुण, व्यवहार, स्वभाव आदिको अनुकरण गरी श्रोतालाई हँसाउने उद्देश्यले रचना गरिएका कथाहरू हास्य व्यङ्ग्य कथाहरूअन्तर्गत पर्दछन् । यस्ता कथाहरूले श्रोताको मन-मस्तिष्कलाई उत्तेजित पार्दै मरी-मरी हँसाउने काम गर्दछन् भने अर्कातिर विद्यमान विकृति र विसंङ्गतिहरूलाई तीखो व्यङ्ग्य

प्रहार गर्दछन् । यस शोधपत्रमा उल्लेखित गोठाले बूढाले तन्नेरी केटीसँग विहे गरेको यसको ज्वलन्त उदाहरण हो ।

### २.३.८ विविध लोककथाहरू

यस शोधपत्र अध्ययन वा लेखनको सिलसिलामा माथिको वर्गीकरणमा उल्लेख नभएको लोककथाहरू विविध लोककथाहरूअन्तर्गत पदर्छन् । उपदेशात्मक, मनोरञ्जनात्मक अथवा अन्य कुनै न कुनै उद्देश्य नरहेका केवल श्रुतिमधुर खालका कथाहरू यस वर्गीकरण अन्तर्गत पर्दछन् । यस प्रकारका लोक कथाहरू यस शोधपत्र अध्ययनको सिलसिलामा केवल एउटा कथामात्र वर्णनमा आएको छ,- त्यो हो टोपीको कारण लात र आँप खाएको कथा ।

यसरी आठ भागमा, विभाजित लमजुङ जिल्लाको दुराडाँडाको क्षेत्रमा प्रचलित लोककथाले त्यहाँको ऐतिहासिक, सामाजिक, साँस्कृतिक, आर्थिक, नैतिक एवं शैक्षिक स्थितिको झलक मात्र नदिएर त्यहाँका जनमानसलाई लोकसहित्यतर्फ उन्मुख गराउँदै मनोरञ्जानात्मक विषयवस्तु व्यापक रूपमा प्रस्तुत गरेको छ । यस्ता कथाहरूले समाजमा पुर्खाहरूले गरेको कार्यको अनुसरण गर्ने, बरालिएर हिँड्ने ठिटा-ठिटीहरूलाई नैतिक मूल्य र मान्यताको पाठ सिकाउने काम पनि गरेको पाइन्छ । केही कथाहरूले चातुर्य र कुशलता प्रदान गरेको तथा दैवी ज्ञान प्रदान गरेको पाइन्छ ।

## २.४ नेपाली लोककथाको संकलन र अध्ययन परम्परा

मानव सभ्यताको विकास सँगसँगै लोककथाको इतिहास पनि गाँसिएर आएको हुँदा यसले मानवीय मूल्य र मान्यतासँग अन्योन्याश्रित सम्बन्ध छ । श्रुतिपरम्पराबाट विकास हुँदै आएको लोककथालाई शिक्षित मानव समुदायले लिखित रूपमा संकलन गरी सुरक्षित रूप दिन थाल्यो । यस सन्दर्भमा जनकलाल शर्मा भन्दछन् –“जुन समयमा मानवको जिब्रोले वर्ण उच्चारण गर्न थाल्यो र मानव मस्तिष्कमा नियन्त्रण केन्द्रको विकास हुन थाल्यो, त्यसै बेलादेखि मानव समाजमा आफना अनुभवका कुरा अरूलाई सुनाउने र अरूबाट सुन्ने परम्परा बस्यो ( शर्मा, २०४९ : १८० ) । त्यस्ता कतिपय घटना वा कथावस्तुलाई हामी लोककथा भन्दछौं । लोककथा श्रुतिकथन परम्परामा आधारित हुने हुदाँ यसलाई दन्त्यकथा पनि भन्ने गरिन्छ । ( पूर्ववत्) वक्ता सामाजिक परिवेशको उपज हुनेहुँदा नेपाली लोककथामा वेद, उपनिषद, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र काथासारित्सागर, बृहत्कथा, बौद्धजातक कथामाला आदिको

परम्परा एवं प्रभाव पनि पाइन्छ (पूर्ववत्) । यही क्रममा नेपाली लोककथाको प्रारम्भिक विन्दुका रूपमा गुणाढ्यको कथालाई लिन सकिन्छ । बृहत्‌कथापछि **पिनासको कथा** (१८७२), **मुन्सीका तीन आहान** (१८७६), **भानुदत्तको हितोपदेश मित्रलाभ** (१८३३), **वीरसिक्का** (१९४६), **स्वस्थानी ब्रतकथा** (१८९१), **तीजको कथा** (१९४८), **बेतालपच्चीसी** (१९४२), **शुकबहत्तरी** (१९५८ : ५०), **सिंहसानबत्तीसी** (१९४८-५०), **लालहीराको कथा** (१८८८), **अच्चमको बच्चाको कथा** (१९७० पछि), **प्रह्लाद भक्ति कथा** (१९४८), **प्रेमसागर** (१९५२), लगायत विभिन्न कथाहरू संस्कृति एवं संस्कृत इतर परम्पराबाट लोककथाको धारालाई प्रभाव पार्ने गरी भित्रिएका देखिन्छन् (पोखरेल, २०४३ : ४३-३७२) ।

पाश्चात्य परम्पराको चर्चा गर्ने हो भने मनोवैज्ञानिक सिग्मण्ड फ्रायडका अनुसार- मान्छेको अवचेतन मनमा अनेकौं वासनात्मक इच्छाहरू दमित अवस्थामा रहेका हुन्छन् र चेतन मनलाई थाहै नदिई ती अतृप्त कामेच्छाहरू दमित अवस्थामा बाह्य रूपमा प्रकट हुने क्रममा लोककथाको पनि जन्म भएको हो (पूर्ववत्) । त्यसैगरी पाश्चात्य मुलुकमा केही विद्वान्हरूको भनाइमा लोककथाको उत्पति कुनै स्थानमा नभएर विश्वका विभिन्न ठाउँहरूमा भएको हो र मान्छेका आन्तरिक मनोवृत्तिहरू समान हुनाले विभिन्न स्थानका लोककथाहरूमा पनि त्यो समनता देखा परेको हो ।

नेपाली साहित्यका स्रष्टा तथा समालोचक वासुदेव त्रिपाठीको मत यस्तो रहेको छ- “मान्छेले भाषा पाउनुभन्दा पनि पहिले आदिम मान्छेले मानिसको भाषा नै कथा भन्यो र सुन्यो होला” (पूर्ववत्) । यस दृष्टिकोणले हेर्दा लोककथाको जन्म प्राचीन मानवको जन्मसँगै भएको कुरा पुष्टि हुन्छ । नेपाली लोककथाको  थालनी विशुद्ध परम्परालाई हेर्दा बोधविक्रम अधिकारीको **नेपाली दन्त्यकथा** (१९९१), कृतिबाट लोककथाको थालनी भएको मानिन्छ । त्यसपछि ललितजङ्ग सिजापतिको **दन्त्यकथामाला** (२००३), सुवर्णशमशेर **जवराको दन्त्यकथा** (२००५), शिवमणि र अमरमणिको **कथाकहानी** (२०११), जुजुराम कुसलेको **सुनौलोकथा** (२०१६), इमानसिं चेमजोङको **किराती लोककथा** (२०११), करूणाकर वैद्यको **नेपाली दन्त्यकथासङ्ग्रह** (२०२२), लीलासिं कर्माको **हाम्रो लोकसंस्कृति** (२०२४), ललितजङ सिजापतिको **नेपाली लोककथा** (२०२५), आदि स्मरणीय कृतिहरू नेपाली लोककथाका क्षेत्रमा देखिन्छन् (पूर्ववत्) । यसका साथै लीलासिंह कर्माकै **हाम्रा लोककथा** (२०३८) । पासाङ गोपर्माको **बुहारी लोककथा** (२०२४), राजेन्द्र सुवेदी र धरणी गौतमको मेची अञ्चलका लोककथाहरूको संकलन (२०३८), शिवकुमार श्रेष्ठको **किराँती लोककथाहरू** (२०४७), र **किराँती लोककथा संगालो** (२०५१), तुलसी दिवसको **नेपाली लोककथा** (२०३२), आदि नेपाली लोककथाहरू उपलब्ध भइसकेका छन्  (पूर्ववत्) ।

यसका साथै विभिन्न पत्रपत्रिकामा पनि लोककथा विशेषाङ्क र विभिन्न लेखहरू प्रकाशित भएका छन् । शारदा, मधुपर्क, डाँफेचरी, गोरखापत्र, हाम्रो संस्कृति आदि पत्रिकाले प्रशस्त मात्रामा लोककथा सम्बन्धी अनेकन लेखहरू प्रकाशित गरेका छन् । यसै क्रममा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका स्नातकोत्तर विद्यावारिधि गर्ने शोधार्थीहरूबाट पनि लोककथाको संकलन र विश्लेषण गर्ने प्रयास भइरहेका छन् । यस्तै प्रयासको रूपमा "नेपाली लोककथा अभिप्रायहरूको अध्ययन" शीर्षकमा वि. स. २०५४ सालमा विद्यावारिधि शोधकार्य सम्पन्न गरे यता लक्ष्मी सुवेदी, रेनुका राई, प्रेम बहादुर अधिकारी, अनितादेवी भट्टराई आदि व्यक्तिहरूले स्नातकोत्तर तहको शोधकार्य सम्पन्न गरिसकेका छन् । यस परिप्रेक्षमा प्रस्तुत लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाको संकलन, वर्गीकरण र विश्लेषण पनि एक प्रयास हुनेछ ।

यसरी हरेक कालखण्डमा प्रकाशित लोककथासङ्ग्रहहरूले लोकसाहित्यको अध्ययन परम्पराको विकास भइरहेको छ । अझै नेपालका गाउँ वस्तीहरूमा पिछडिएर रहेका नेपाली दाजुभाइ, दिदीबहिनीमा रहेका प्रतिभालाई प्रस्फुटित गर्नु सान्दर्भिक देखिन्छ ।

# तेस्रो परिच्छेद

# लमजुङ–दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन

## ३.१ विषय–प्रवेश

लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा बसोबास गर्ने मानिसहरू परिश्रमी छन् । आफनो योग्यता र क्षमता भ्याएसम्म दिनभरि आ-आफ्ना कामधन्दामा व्यस्त रहन्छन् । त्यहाँका मानिसहरू कोही कृषि व्यवसाय गर्छन्, कोही पशुपालन, कोही व्यापार, शिक्षण आदि आदि । एउटै घरका मानिसहरू दिनभरि बेग्लैबेग्लै कामधन्दामा गए तापनि बेलुकी एकै ठाउँमा जम्मा भएर एउटाले जानेको कुरा अर्कालाई र अर्काले जानेको कुरा अर्कालाई सुनाउने गर्दछन् । त्यसैबेला विभिन्न जोक, उखान-टुक्का भन्नाका साथै रमाइला-रमाइला लोककथाहरू भन्ने गर्दछन् । त्यसै गरी मेलापात जाँदा, खाजा खान बसेको बेला, गाईवस्तु चराउन गएको बेला, बसिबियाँलोका निम्ति पनि लोककथाहरू भनेर सुनाउने गर्दछन् । त्यस्तै कहिलेकाहीँ विवाह, ब्रतवन्ध, पूजाआजा आदि भएको बेला रमाइलो गर्नका निम्ति लोककथाहरू भन्ने गर्दछन् । कहिलेकाहीँ घाँस दाउरा खोजेर आउँदा थकाइ लागी पीपल चौतारामा बसेर युवायुवतीहरू बसेर गीत गाउँछन् भने बूढापाकाहरू रमाइला-रमाइला लोककथा भनेर सुनाउँने गर्दछन् । यस्तै–यस्तै बेला र परिस्थितिहरूमा यस शोधकार्य तयार पार्ने उद्देश्यले सम्भव भएका बेला उतिखेरै कापी र कलम लिएर लेख्ने र कापी, कलम नभएका बेला सुनेर स्मरण गरी आफनो गन्तव्यस्थलमा आइपुगे पछि पुनः लेखनकार्य गरेर तयार पारिएको हो । यसका साथै कतिपय कथाहरू जान्ने मान्छेसँग व्यक्तिगत रूपमा भेटेर भन्न लगाई आफूले लेख्ने काम पनि गरिएको हो । अन्य केही कथाहरू लिखित्म रूपमा प्राप्त गरेर यसमा समावेश गरिएको छ । यसरी तयार पारिएका लोककथाहरू क्रमैसँग प्रस्तुत गरिन्छ ।

## ३.२ लोककथाहरूको सङ्कलन र परिचय

### ३.२.१ दाजुभाइको कथा

एकादेशमा दुई दाजुभाइ रहेछन् । उनीहरूका आमाबा बितिसकेका रहेछन् । उनीहरूका आफ्ना भन्ने कोही पनि थिएनन् । दाजुले अक्षर चिन्नसम्म पनि पाएको रहेनछ भने भाइचाहिँ गाउँको विद्यालयबाट प्रवेशिका उत्तीर्ण गरेको रहेछ । भाइले गाउँमै सानोतिनो नोकरी गर्दो रहेछ । उसले अदालतमा काम गर्दो रहेछ । भाइले नोकरी गरेर कमाउने गर्दथ्यो भने

दाजुले घरको काम गर्दथ्यो । ती दुई दाजुभाइ राम्रो कमाइ गरेर धनी हुँदै गएछन् रे । त्योदेखि गाउँको सामन्त एकजनाले इर्ष्या गरेछ । भाइ नभएको मौका छोपी दाजुलाई तिमी एक घान भुटेको मकै पनि भाइलाई भनेर राखिदिन्छौं । तर भाइ भने कार्यालयमा बसेर मीठा-मीठा खानेकुरा खान्छ, तिमीलाई वास्तै गर्दैन भनेछ । अनपढ मान्छेलाई त्यस्ता कुराले ठूलै प्रभाव पारेछ । सामन्तले भनेछ- "जागिर तिमी खान जाऊ र भाइलाई घरको काममा लगाऊ ।"

बेलुकीपख सधै झैं भाइ आइपुग्दा दाजुले घरको काम केही पनि नगरी त्यसै झोक्रिएर बसेको रहेछ । के भयो दाइ ? भनेर भाइले सोध्दा भोलिदेखि जागिर खान म जान्छु, हैन भने म छुट्टिएर बस्छु भनेछ । अनेक प्रयास गर्दा पनि केही नलागे पछि भोलिपल्ट दाजु चाहि जागिर खान गएछ । कार्यालयको एउटा कुर्चीमा दिनभरि बस्दा पनि राम्रो काम र मीठो माम नपाएर जिल्ल परेछ । बेलुकी भोको पेटमा छेपारा नाच्न थालेछ । त्यसै बेला कुर्सीमै निदाएछ । कार्यालयको पिउनले नानाथरी गाली गर्दै कुर्चीबाट खसालिदिएछ । त्यसपछि सरासर घरमा आएर भोलिदेखि त नै जा म जान्न भनेर भाइलाई भनेछ । फेरि दाजुभाइको यथास्थितिको काम शुरू भएछ । सामन्त छिमेकीलाई फेरि फट्याइँ गर्न मन लागेछ । दाजुलाई उकास्न गएछ । त्यो फट्हा सामान्तले तिमी त अगतिला रहेछौं, जागिर भाइले खाएको हुन्छ र ? तिमीजस्ता नपढेकाहरूलाई त शहरमा पाइन्छ, बरू शहर तिर जाउ, जागिर पाइन्छ, सुख पनि पाइन्छ भनेछ । हो क्यारे भनेर दाजुले त्यो बेलुकी पनि भाइसँग कि आफू जागिर खान जाने कि छुटिएर बस्ने धम्की दिएछ । एक-दुई पटक जान्छन् आउछन् भनेर भोलिपल्ट दाजुलाई जागिर खान जान दिएछ ।

दाजु जागिर खोज्दै सहरमा हिँडेछ । सहरको एकजना फटाहाले जागिर यहाँ पाइन्छ भनेछ तर कबोल गर्नु पर्दछ भनेछ । कबोल अनुसार काम गर्ने दिनभरि खाने पातभरि जसले छोड्छ वा हटाउँछ त्यसको हात काटिदिने भन्ने कबोलमा दुबै मन्जुर भएछन् । साहुले एउटा इनारको नजिकै एउटा घ्याम्पो राखेको रहेछ । त्यस घ्याम्पाको पिँधमा सानो प्वाल पारेर एउटा पाइप जोडी अगाडिको बारीमा पुऱ्याएको रहेछ । अब उसले जागिर खान आएको त्यो गाउँले दाजुलाई घ्याम्पामा इनारको पानी बाल्टीमा ल्याई भर्ने काम लगाएछ । दिनभरि बाल्टीबाट पानी खन्याउँदा पनि घ्याम्पो भरिएनछ । बेलुकी साहु आउँदा त्यो दाजुले घ्याम्पो भर्न नसकेर न्याउरो मुख लगाएछ ।

बेलुकी खाना खाने बेला भयो भनेर भित्र बोलाएछन् तर अगाडि केही नदेख्दा के खाने ? भनी दाजुले प्रश्न गरेछ । साहुले उसको हातको औंलाले अमलाको पातमा रहेको एउटा

सितो भात देखाइदिएछ । त्यो भात मुखमै हराएछ । अरू भात पातमा नअटाएर नदिएको कुरा बताएछ । कबोल सुनाइदिएछ । यसरी नै भोलिपल्ट पनि त्यही अमलाको पातमा दिएको एक सितो भातले ज्यान जाने भो भनेर आफ्ना दुई हात काट्न दिएर गाउँले दाजु घर फर्किएछ । घरमा आफ्ना दुवै हात गुमाएर आएको दाजुलाई धेरै सम्झाएर घरमा छाडेर भाइले दाजुको बदला लिन दाजु गएकै शहरमा जाने निधो गरेछ । दाजु झै सोध्दै जाँदा त्यही फटाहा सामान्तको घरमा पुगेछ । दाजुलाई गरेकै कबोल गरेर भाइलाई पनि जागिर दिने भनेर आफ्नो घरमा राखेछ । काम पनि सोही इनारको पानी ल्याएर घ्याम्पो भर्न लगाएछ ।  एक बाल्टी पानी ल्याएर खन्याउँदा पानी हराएको थाहापाई हेर्दा षडयन्त्रको प्वाल देखेछ र त्यो प्वालमा कालीमाटीले बन्द गरिदिएछ । दुई चार बाल्टी पानी खन्याउँदा घ्याम्पो भरिएछ अनि ऊ दिनभरि गीत गाएर घरमै बसेछ । बेलुकी खाना खाने बेलामा हँसिया खोजेर केराको पात काट्न लागेछ । अब त्यो साहुले केराको पात भरि भात पस्किदिन परेछ । साहुले तिमी पेटभरि खाऊ तर खेर नफाल भन्दा कबोलको कुरा गरेछ र साहुको सातो लिएछ । एवंम रीतले केराको पातमा भात भर्न लगाउने र केही खाएर अरू गलत्याउने गर्दा एक महिनामा सबै अन्न सकिएछ ।

एकदिन बँसीखेत जोत्न पठाउँदा साहुनीले बेलुकी घर फर्कदा एक भारी दाउरा पनि ल्याउनु है भनिछ र जागिरे भाइलाई जोत्न पठाएछन् । बँसीखेतको नजिकै ठूलो हाट लागेको रहेछ । त्यहाँ जेसुकै पनि किन्न र बेच्न पाइने रहेछ । त्यसै ठाउमा दुईवटै गोरूको पुच्छर काटेर अरू बेचेर घरमा पैसा पठाइदिएछ । दुई पुच्छर मुसाको प्वालमा छिराएर बल गरेर तानेझैं गरेर गुहार गुहार मुसाले गोरू खाएछ भनेछ । त्यो आवाज साहुले सुनेछ र खेतमा हामफाल्दै आएछ । त्यसपछि गोरू विना हलो जुवाको के काम ? भनेर काटकुट गरेर एक भारी दाउरा बोकी घर फर्केछ । त्यही बेलुकी साहु र साहुनी घरमा सबै सिध्यायो जा भनौं भने दुईहात काटिहाल्छ बरू ससुराली भागौं भनेछन् तर सो कुरा भाइले थाहा पाइहालेछ । राति निदाएको मौकामा भाग्ने जमर्को गर्दा भाइले पनि ओछ्यानमा मूढो सुताएर आफू कोसेली राखेको बाकस भित्र पसेछ । त्यो बाकसमा रोटी रहेछ । राति नै बाकस बोकेर ती दुई साहुका दम्पति हिँडेछन् । धेरै बाटो हिँडेपछि बाकस खोली हेर्दा त्यही जागिरे भाइ रहेछ तर रोटी भने सकेछ ।

अब के गर्ने काम लगाउनु पऱ्यो भनेर ससुरालीमा हामी आएको खबर गर भनेर पठाएछन् । ससुराली घरमा गएर ज्वाइँ बिमारी भएको र भातको माड मात्र खाने कुरा बताइदिएछ । बेलुकी खाना खाने बेला सबैको भागमा चौरासी व्यञ्जन थिए भने ज्वाइँलाई केवल एक कचौरा माड मात्र देख्दा सहरिया ज्वाइँ छक्क परेछ । त्यही खाएर सुतेछ । राति

उसलाई निन्द्रा लागेनछ र जागिरे नोकर भाइलाई उठाएर केही खानेकुरा ल्याउन अनुरोध गरेछ । उसले एक डालो भट्टमास र पानी खाइसकेपछि पखला लागेछ र बाहिर जाऊ न भन्दा भाइ मानेनछ र घ्याम्पोमा नै छेर्न भनेछ । बिहान उज्यालो हुनै लाग्दा भाइलाई त्यो घ्याम्पो फाल्न भन्दा उसले टेरेनछ र आफै बोकेर हिँडेछ ।

त्यति नै बेला उठेर सासूलाई कान फुक्न पुगेछ र भनेछ हेर्नुस त्यस्तो बिमारी ज्वाइँलाई किन पानी बोक्न घ्याम्पो बोकाएर पठाएको ? नभन्दै बाहिर निस्केर हेर्दा ज्वाइँ त घ्याम्पो बोकेर हिडेका रहेछन् । हत्त न पत्त ज्वाइँको पछि पछि ए ज्वाइँ पानी लिन जानु पर्दैन भनेर जाँदा झन् ज्वाइँ त भागाभाग गर्न थालेछ । धारैनिर पुग्दा चिप्लिएर लडेछ र घ्याम्पो ढुङ्गामा ठोकिएर फुट्दा ज्वाइँ सासु दिसा र पिसावमय भएछन् । लाजले भुतुक्कै भएको ज्वाँई दौडेर घरमा आई त्यो सबै तैँल गरेको होस् त्यसैले दुई हात काट्न र तेरो तनखा लिएर जा भनी  भाइलाई बिदा दिएर आफू पनि सुइँकुच्चा ठोकेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ साल जेठ महिनाको बिदाका दिन पारेर चौतारीमा बसी पुरानकोट ३ का बामदेव ढुङ्गानाले सुनाउनुभएको हो ।)

### ३.२.२ जुक्तियुक्त फटाहा केटाको कथा

एकादेशमा दुई श्रीमान-श्रीमती थिए । उनीहरूको एउटा अत्यन्तै चतुरो छोरो थियो रे । आफ्ना बाआमाको एकमात्र छोरो भएको हुँदा ऊ अत्यन्त पुलपुलिएको थियो । घरमा आउने सबैलाई एक न एक उपाय खोजी झुक्कयाउने, दुःख दिने र त्यसको फाइदा आफूले लिने अनि हाँस्ने हँसाउने् गर्दथ्यो । यसै प्रसङ्गमा त्यस केटाले आफ्नै आमाबालाई झुक्कयाउने षडयन्त्र गर्न लागेछ । उसले बालाई हेर्नुस् हाम्री आमा त बोक्सी रहिछिन् नपत्याए भरे सुतेको ठाउँमा टोक्न आउँछिन्, यसो विचार गर्नुस् त भनेछ । त्यसै गरी आमालाई हाम्रा बा त जँड्याहा रहेछन् नपत्याए भरे सुतेको बेला मुखमा सुँघ्नुहोस् त भनेछ ।

बेलुकी आमा बा अबेरसम्म निदाएनछन् । अब त निदायो होला भनेर लोग्नेको मुख सुग्न गइछ । त्यसैबेला बोक्सी रहिछ र पो टोक्न आएकी त भनेर एक चड्कन हानेछ । चड्कनको रन्को सहन नसकेर रुन लाग्दा लोग्नेले तँलाई बोक्सी डङ्किनी भनेर गाली गरेछ । त्यसरी नै जड्या भनेर लाछी आफू जाँड रक्सी खादै अर्कालाई चुट्दै गर्ने भनेर कराइछ । एक

आपसमा भनाभन हुँदा छोराले गरेको षडयन्त्रको पोल खुलेछ । त्यसपछि छोरो घर छाडेर भागेछ र काकाको घरमा गएर बसेछ । भोलिपल्ट काकाले खेत रोपाइँको बेला छ, म खेतला खोज्न जान्छु, काकी भात पकाउँछे तँ गोरू लिएर खेतमा जा अनि बीउ खान नदिइकन गोरू चराउनु भनेर खेतमा गएछ । उसलाई उट्पट्याङ् गर्ने बानी परी सकेको थियो । खेतमा पुग्ने बित्तिकै उसले झ्यापझुरूप पारेर एक मूठा बीउ उखेलेर लौरामा उनेर काँधमा हालेछ र बाँकी बीउ स्वात्तै चराइदिएछ । काका खाना खाएर डोको र कोदालो बोकेर खेतमा गएको त सारा बीउ चराइदिएछ । त्यो देखेर काका बीउ खोज्न हिडेछ । घरमा गएर काकीलाई काकी काकी काकलाई त गजुवा गोरूले हानेर ठहरै पार्‍यो भनेछ । हत्त न पत्त काकी हेर्न जाँदा त काका बीउ खोजेर भर्खर ल्याउँदै रहेछन् । त्यस पछि यस्तो फटाहालाई राख्न भएन भनेर एक चड्कन दिएर लखेटेछन् ।

त्यसपछि केटो फटाफट भागेर टाढाको गाउँमा पुगेछ । गाउँको नजिकै एउटा खोलो तर्न लागेको मात्र के थियो एउटी बूढी आफ्नी तरूनी अवस्थाकी छोरी लिएर आउँदै रहिछे । बूढीले ए बाबु हामीलाई पनि खोलो तारिदिनु पर्‍यो भनी । त्यसपछि केटासँग परिचय माग्दा स्याल्मेडाँडा गाउँ ज्वाइँ मेरो नाम भनेर परिचय दियो । पहिले छोरीलाई तारिदिने त्यसपछि आमालाई तारिदिने भनेर छोरीलाई खोलो तारेर फटाफट छोरी लिएर भाग्यो । बुढीले गुहार गुहार छोरी लग्यो भन्दा वरपरका सबै खेतलाहरू जम्मा भए । के भयो ? भन्दा छोरी लग्यो । कसले लग्यो ? भन्दा ज्वाइँले लग्यो भनी । सबै जनाले छोरी ज्वाइँले नलगे कसले लाने त ? भनेछन् । त्यस पछि छट्टू केटो केही पर पुगेर थकाइ मारेछ । केटीलाई फकाउदै बाटो हिड्दै गर्दा गोठलाहरू वस्तु बाखा चराउँदै गरेको देखेछ । एउटा सानो बोको म्याँ म्याँ कराउँदै पछि लाग्यो । केटाको पालो त्यसलाई टपक्क टिपेर खोकिलामा हालेर टाप कस्यो । जाँदा जाँदा एउटा ठूलो कुन्यो भएको खेतको नजिकै पसल गरेर बसेकी बूढीको पसलमा पुगेछ । हेर्नोस त्यो कुन्यो मेरो हो भोलि दाइँ छ । त्यहाँबाट ४ पाथी धान दिउँला आज रोटी खान दिनुस् न भनेछ । ४ पाथी धान पाउने आशाले बूढीले पेटभरि रोटी खान दिइछ । अनि तिमीलाई बोलाउनु पर्दा के भनेर बोलाउने भनेर बूढीले सोधी 'हग्चु' भनेर बोलाउने भनेर ती दुई केटा-केटी त्यहाँबाट हिडेछन् । अलि पर पुगे पछि झमक्क रात परेछ । त्यहीको एउटा घरमा बास मागेर बसेछन् । केटाले बाखाको पाठोलाई एउटा पालीको किल्लामा बाँधेछ । प्रशस्त ओढ्ने ओछ्याउने पाए पछि पिंढीमा दुवै जना मस्तले सुतेछन् । बिहानपख नाङ्गै बाखाको छेउमा गएर सुतेछ । त्यो देखेर घर धनीले के गरेको भन्दा यसले सबै जाडो खाइदिन्छ त्यसैले यसको छेउमा सुतेको भनेछ ।

त्यसो भए यो बोको हामीलाई बेच भन्दा सबै लुगा दिने भए दिन्छु भनेछ । त्यो घरधनीले सबै लुगा दिएर बाखो छाडेछ । अलि परको चौतारोमा सबै लुगा सुकाएर बसेछ । बटुवाहरू आउदा यो त लुगा फल्ने चौतारो बनेछ । एउटा बटुवाले पनि के हो यस्तो भन्दा यो त लुगा फल्ने चौतारो हो भनेछ । कपडा टिपेर साध्य भएन भनेछ । बटुवाले पनि लौ त मलाई बेच्नुहोस् भनेछ । तीन पाथीमा त्यो चौतारा पनि बेचेछ । यसै गरी बटुवाले बाटोमा भेटेको बूढो गोरुलाई पैसा हग्ने गोरु र भालुलाई पनि पैसा हग्ने भालु भनेर गोबरमा पैसा छर्दै तीन-तीन पाथी पैसा ठगेछ ।

उता भोलिपल्ट रोटी पसलकी बूढी धान लिन आउँदा रोटी खाने केटालाई नदेखेर ए हग्चु भनिछ । दँगेरेहरू यो बूढी पागल हो क्यारे भनेर हैन यहाँ खलोमा काँ हग्ने भनेर हप्काउँदै ऊ तल खोलातिर जाने नि हग्न तेरीमा बूढी भनेछन् । बूढी जिल्ल परेर मलाई छकाएछ त्यो मोराले भन्दै फर्किछन् । उता जाडो खाने बोकाले पनि जाडो खाएन सबै, कपडा पनि उसैले लग्यो भनेर भुतभुताई रहेकी थिइन घरपट्टि साहुनी । चौतारो किन्नेले पनि कपडा फलेको पाएन । पैसा हग्ने गोरूले गोबरै हग्यो, पैसा हगेन अनि भालुले त किन्ने मान्छेलाई नै घाइते बनाएर भाग्यो । यसरी बाटोमा धेरैलाई छक्काउँदै त्यो केटाले पैसा, स्वास्नी, कपडा लिएर राति एउटा घरमा बास बस्न पुगेछ । त्यो घरमा एउटी सेतै फुलेकी बूढी रहिछ । बूढीको छोरा नाति सबै मरेर बूढी मात्र काल पर्खेर बसेकी थिई । केटाले बूढीलाई मार्न पाए सधैं यहीं बस्न पाइन्छ भन्ने सोचेर बुढीलाई मार्ने जुक्ति गर्दै भनेछ "बूढी आमा ! हजुरको आँगनमा भएको इनारमा हेर्दा त तपाईका सबै छोरा नाति-नातिना देखिने रहेछन् ।" बूढीले पनि साँच्चै हो कि भनेर निहुरेर इनारमा के हेरेकी थिइन् केटाले घचेटेर हुत्याइदिएछ । त्यस दिनबाट त्यहाँ केटो र केटाले लगेकी केटी आनन्दले बसेछन् ।

केही दिनपछि त्यस घरमा पाहुना आए । ती पाहुनालाई केटाले राम्ररी चिन्यो । तिनीहरू उसैको बाबु, छोरी हराउने बूढी, पाठोको साहु, भट्टीवाली बूढी र अरूहरू थिए । पाहुनाहरू राति कुरा नगरौ, भोलि बिहान कुरा गरौंला, भनेर खाना खाएर सुत्ने तरखरमा लागेछन् । सुत्नेबेलामा- "हेर्नुहोस् तपाइँहरू नौलो ठाउँमा आउनु भएको छ, यस गाउँको नियम थाहा पाउनुपर्छ, सुन्नुहोस तपाईहरू आउँदा माथि डाँडोमा तेल पेल्ने कोल र गोल पोल्ने खाडल देख्नु भयो होला । यस गाउँमा बास बस्ने जो केहीले पनि रातिमा दिसा उम्कायो भने कि त्यहीं कोलमा पेल्छन् कि खाल्डोमा पोल्छन्" भनेर केटाले भनेछ । केटाको यस कुराले सबै पाहुनाले

हामी दिसा उम्काउँदैनौं भनेर दिनभरिको थकाइले भुसुक्क निदाएछन् । केटाले पहिलानै ढड्याएर राखेको पिनालाई मुछेर मुलायम बाएर परेवाको प्वाँखले सबैको मलद्वारामा छुस् छुस् लगाइदिएछ । भोलिपल्ट उज्यालो हुने बेलामा एउटाले यसो मलद्वारमा छामेछ । दिसा कट्कटीएको जस्तो लागेर नजिकैको साथीलाई भनेछ । उसले पनि आफनो मलद्धार छाम्दा दिसा कट्कटिएको जस्तो लागेछ । यसरी पालै-पालो छामाछाम गरेछन् । आखिरमा लौं भ्यायो कि कोलमा पेल्ने भो, कि खाल्डोमा पोल्ने भो भनेर रातारात भागेछन् । उज्यालो भएपछि केटो उठ्यो । सबै पाहुनाले कुलेलम ठोकेकाले आन्नदसँग बसेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ साल भााद्र २३ गते विद्यालय स्तरीय नेपाली विषयको गोष्ठीमा भाग लिइरहेको बेला पुरानकोट ३ का कालीदास ढुङ्गनाले सुनाउनुभएको हो ।)

## ३.२.३ आफ्नो मात्रै स्वार्थ पूर्ति गर्ने भान्जाको कथा

एकादेशमा दुई जना मामाहरू थिए रे । ती दुई जना मामाहरूको एक जना भान्जा थिए रे । ती भान्जा सानैदेखि चलाख र कुटिल चालबाजी थिए रे । मामाहरू पनि धनी त थिए नै तर पनि अत्यन्त लोभी थिए रे । हरेक व्यवहारमा ती मामाहरू र्‍याल चुहाएर दुनो सोझ्याउन खप्पिस थिए रे । यता मामाहरूको यस्तो चाला थियो भने उता भान्जा भने कसरी हुन्छ चुतिया मामाहरूलाई कुनै न कुनै बहानामा फसाउने गर्थ्यो रे । मामाहरूको पनि त्यही एउटी दिदी भएका कारण बेलाबखतमा दिदीको घरमा आउने गर्दथे ।

एक दिनको कुरो हो भान्जाले आफ्नो मामाहरू घरीघरी आउँछन् तर केही फुस्काउँदैनन, एक पटक फसाउनु पर्‍यो भन्ने विचार गरेछ । भोलि मामाहरू पक्का मेरो घरमा आउँछन् भनेर आफनो घरमा पालेर राखेको हात्तीलाई सिक्काहरू खुवाएछ । भोलिपल्ट मामाहरू आएछन् । त्यत्ति नै खेर हात्तीले हगेछ, यसो गर्दा त पैसाका सिक्काहरू पो खसालेको देखियो । मामाहरूको र्‍याल चुहाउने बानी “ए भान्जा यो के हो गोवरमा पनि पैसा ?” भनेर सोधेका छन् । मामाहरू हो, यो तपाईहरूको भान्जाले पालेको हात्ती चानेचुने हात्ती होइन । यसले दिनहुँ पैसा हग्छ । त्यसो भएर पो म धनी हुदै गएको छु त भन्यो । मामाहरूको मनमा छटपटी खेलिहाल्यो । अब कसरी यो हात्ती लैजाने भनेछ, अन्त्यमा आठ हजार रूपियाँ पाए दिन्छु भनेछ । आखिर यो

हात्ती मामाहरूले किनेर लगी छाडे । भोलिपल्ट हात्तीले हग्न थाल्दा हात थाप्न पुगेका मामाहरूले गोबर सिवाय अरू केही पाएनन् । यसै गरी १-२ दिन विचार गर्दा पनि पैसा नपाएपछि निराश भएर भान्जालाई हप्काउन भनी फेरि दिदीको घरतिर लागेछन् ।

यता भान्जाहरू पनि मामाहरूले हात्तीले पैसा नहगेको झोंकमा मलाई हकार्न आउँछन् । भन्ठानेर अर्को उपाय अपनाइसकेको थियो । उसले जंगलबाट दुईवटा बाँदर समातेर ल्याएछ । एउटा भित्र कोठामा थुनेर राखेछ र अर्को चाँहि बाहिर पिँडीमा बाँधेर राखेछ । मामाहरू रिसले मुरमुरिँदै आएछन् । भान्जाले भने हँसिलो अनुहार बनाएर तपाइँहरू अहिले रिसाउनु भएको छ म तपाइँहरूको चित्त खुसी पारिदिन्छु । हिड्नुस् जाऊँ भनेर एउटा बाँदर लिएर जंगलतिर लागेछ । जाँदा-जाँदा रमणीय दृश्य देखेर मामाहरूको मन शान्त भएछ । जंगलको बीचमा पुगेपछि अब त भोक पनि लाग्न लाग्यो । जा घरमा गएर खानेकुरा तयार गर्नु रे भन् भनेर बाँदरलाई छाडिदिएछ । बाँदर फुस्कन पाएपछि सिधै जंगलतिर पसेछ । केही समय घुमघाम गरेर घरमा फर्केछन् । घरमा अर्को बाँदर पालीको खाँबोमा बाधी राख्नु भनी आमालाई अह्राएको रहेछ । आमाले पनि त्यसै गरेकी रहिछिन् । घरमा खानेकुरा ठीकठाक रहेछ । अब भान्जाले मामाहरूलाई भनेछ -"हेर्नोस् यो बाँदर त अत्यन्त आज्ञाकारी छ, जहाँ पुगेर काम अह्राएर घरमा पठाए पनि तुरून्तै आएर भनिदिन्छः यो त टेलिफोन जस्तो छ ।" यो देखेर मामाहरूको मनमा फेरि अर्को चस्का पसेछ र भनेछन् -"भान्जा यो बाँदर त हामीलाई दिनुपऱ्यो ।" भान्जाले पहिले त दिन्न भने जस्तो गरेछ र पछि भने चार हजार रूपियाँ तिरी लगेछन् । परीक्षण गर्नका लागि भोलिपल्टै मामाहरू बाँदर डोऱ्याएर जंगलतिर लगेछन् । घना जंगलको बीचमा पुगेपछि ल जा घरमा मीठो-मीठो खाना पकाउनु रे भन् भनेर छाडिदिएछन् । बाँदर पनि उसको बाटो लागेर साथी खोज्दै जंगल तिर लागेछ ।

दिनभरि जंगल चाहारेर मामाहरू घरमा फर्केछन् । घरमा सोध्दा त बाँदर आउँदै नआएको थाहा पाए । ए ! भान्जाले हामीलाई फेरि ठगे, बाह्र हजार ठगे, अब छोड्ने होइन भनेर मुड्की कस्दै दिदीको घरमा आउँछन् । भनेर आमालाई मरेको बहाना पारी तुलसीको मोठमा सुत्न लगाएछ र आफू रून थालेछ । गाली गर्न गएका मामाहरू यस्तो दर्दनाक दृश्य देखेर चुप लागेछन् । केही समय पछि एउटा लौरो ल्याएर भान्जाले आफ्नी आमालाई यसो छुवाएको त आमा जुरूक्क उठिछ । त्यसपछि मामाहरूले त्यो लौरो पनि माग गरेछन् । पहिले त त्यस्तो प्राण बचाउने चीज कसैले दिन्छ ? भनेर नदिने कुरा गरेछ । तापनि आठ हजार रूपियाँ पाएमा दिने

कुरा गरेछ । मामाहरूले आठ हजार तिरेर लौरो पनि लगेछन् । अब उनीहरूको बीस हजार फस्यो । घरमा गएर परीक्षण गर्न पर्‍यो भनेर आ-आफ्नो श्रीमतीहरूलाई घोच्चै घोच्चाले हिर्काएर मारेछन् । पछि बचाउनका निम्ति लौराले छुवाएको त कोही पनि बाँचेनन् । अब जीवनमा भान्जाले पैसा त फसायो फसायो उल्टै ज्यानै लियो भनेर भान्जालाई केही नबोली गएर मार्ने निधो गरेछन् । सरासर भान्जाको घरमा गएर एउटा बोरामा पोको पारी नदीमा लगेर फालेछन् । अब त ढुक्क भयो भन्दै बिस्तारै घर आएको त नदी किनारमा घोडा अड्याएर पौडी खेल्न गएको साहुको घोडा लिएर मामाहरूभन्दा अगाडि घर पुगेछ । घरमा गएर हेर्दा त भान्जा पो अगाडि घरमा ! के अचम्म भयो यो भनेर सोधेछन् । हेर्नुस् मामाहरू हो तपाइँहरूले नदीको छेउमा फालिदिएकोले अलि अलि पैसा र यो घोडा पाएँ । तर बीचैमा फालेको भए अझ बढी पाइँने रहेछ भनेछ ।

त्यसपछि उसो भए त हामीलाई पनि एक-एक ओटा बोरामा कसेर त्यही नदीमा फालिदिनु पर्‍यो भनेछन् । भान्जालाई पनि के खोज्छस् काना आँखा भने झैं भएछ र दुवै मामालाई बोरामा कसेर फाल्न लाग्दा बोराभित्रबाट बीचमा हैन भान्जा बीचैमा भनेछन् । उसको पालो दुवै मामाहरूलाई पालैपालो नदीको मुस्लोमा फालिदिएछ । हेर्दाहेर्दै मामाहरूलाई नदीले बगाएर मात्र लगेन उनीहरूको प्राणपखेरू त्यतै गएछ । त्यस पछि उसको सधैका लागि मामाहरूबाट ढुक्क भई बसेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ साल भाद्र महिनामा पुरानकोट ३ का कालिदास ढुङ्गानाले सुनाउनु भएको हो । )

### ३.२.४ लाटो सुधो ज्योतिष बनेको कथा

एकादेशमा एउटी अधवैसे आइमाई थिई रे । उसको श्रीमान् बेलैमा स्वर्गे भइसकेका रहेछन् । उनको श्रीसम्पत्ति भन्नु नै एउटा छोरो थियो, त्यही पनि लाटो सुधो । सानो छँदा हुर्काइ बढाइ त गरिन् तर बिहे गर्ने बेला भयो कसैले छोरी दिन आएनन् । दिन प्रतिदिन लक्का जवान हुँदै आयो र एक दिन बेलुकी आमा-छोराका बीचमा कुराकानी भयो । “मैले तेरा लागि धेरै ठाउँमा केटी खोजें कही पाउन सकिन । अब त आफै पधेँरामा पानी लिन आउने

एउटी केटीलाई ट्वाक्क ढुङ्गाले हिर्का अनि त्यो मुसुक्क हाँस्छे, हिड जाऊँ भन् र लिएर आइज" भनेर छोरालाई भनी । छोराले पनि आमाले भनेको कुरा ठीकै जस्तो मान्यो ।

आमाले भनेको कुरा सम्झेर एक दिन छोरो पधँरामा राम्री केटी आएको बेलामा एउटा छेलो हान्ने जत्रो ढुङ्गो लिएर धाराको उपल्लो पट्टि लिएर बसेछ । एउटी अठार बीस बर्से तरूनी केटी पानी लिन आइछ । त्यसै बेला लाटाले आमाले भने बमोजिम पुर्पुरोमा हानेछ । ती पँधेर्नी केटी च्वाँ भन्न पनि नपाई स्वर्गे भइछ । त्यो भयाभह घटना देखेर लाटो कुलेलम ठोकेछ । घरमा गएर आमासँग कुरा गर्दा त आमा पनि झसङ्ग भइछ । उसो भए कसैलाई नभन्नू भनी अर्की केटीको खोजीमा हिँडेछन् । अनेक जुक्ति बुद्धि लगाएर आमाले लाटो सुधोलाई एउटी केटी खोजेर विवाह गरिदिइछ । विवाह पश्चात् १५ औं दिनमा दुलेनी फर्काउन भनी जान तयारी गरेछन् । त्यसै बेला आमाले छोरालाई भनिछ- "हेर छोरा ससुरालीघरमा गएको बेला त सासू-ससुराले जे भने पनि बेसै भएछ भन्ने नि ।" छोराले पनि हुन्छ भनेर आमासँग बिदाबादी भएर ससुरालीतर्फ लागेछ ।

बाटामा केही गफगाफ गर्दै ती दुई नव दुलाहा दुलही-बेलुकीपख ससुराली घरमा पुगेछन् । केही समयका गफगाफ पछि सासुले गुनासो गर्दै भनिछ- "ज्वाइँ यो साल त खेत पनि सबै पहिरोले लग्यो" भन्दा ज्वाइँले बेसै भएछ भनेछ । फेरि दूध खाने गरेको भैंसी पनि मऱ्यो भन्दा बेसै त भएछ नि भनेछ । यस्तो भनाइबाट रूष्ट भएका सासू–ससुराले ज्वाइँको त्यति मान गरेन छन् । त्यसो भएर भोलिपल्ट बिहानै भोकै घर फर्केछन् । एक वर्षपछि दुलहीले कर गर्दा गर्दा ससुराली जान तयार भएछ । आमा चाहिँले सम्झाएर भनिछ-"हेर त्यस्ता बेला त नाश भएछ भन्नु पर्छ । बेस भएछ नभन्नू ।" अब आमाको अर्ती उपदेश लिएर ससुराली गएछ । ससुराली घरमा पुग्न साथ धेरै गफगाफ चलेछ । त्यसै क्रममा सासूले भनिछ " यस पटक त ज्वाइँ खेत पनि बिराएर धान फल्ने पनि बनाईयो, भैंसी पनि अर्को किनेर ल्याइयो भन्दा" त ज्वाइँ सोहेवले त नास भएछ भनेछ । त्यस पछि रूष्ट भएर ज्वाइँलाई कहिल्यै छोरी नपठाउने बाचा गर्दै घरबाट निकालेर लखेटेछन् । त्यस पछि रूदैं रूदैं घर फर्केछ । त्यो लाटो सुधो । आमा-छोराकाबीच केही भनाभन भएपछि आमाले त्यसो भनेको बेलामा त बेस भएछ भन्नुपर्थ्यो । नास भएछ भनिछस् किन कुटाइ नखाने त नि ? दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले भनेर चित्त बुझाइछ ।

एक दुई वर्ष पछि आफ्नी प्यारी श्रीमतीको झझलल्को आएर लाटो सुधो आफ्नै सुरले ससुराली घरतिर गएछ । बेलुकी रात झमक्क परिसकेपछि डराइ-डराइ करेसामा गएर लुकेर बसेछ । त्यो बेलुकी सेलरोटी पकाउन थाल्दा के गरौं, के गरौ भएर एउटा भकारीको चोइटो ल्याएर जति पटक स्वाइँअँ गऱ्यो त्यति नै पटक भाँचेछ । रोटी पकाइसकेपछि गन्दा भकारीको चोइटा ३०४ वटा भएछन् । खाने खाने तयारी गर्दा उसलाई के गरूँ के गरूँ भएर कराएर भनेछ- “रोटी पाके ३०४ मेरो भागमा एक हजार ।” यो को कराएको हो भनेर हेर्न जाँदा त आफ्नै ज्वाइँ पो रहेछ । पहिलेका कुरा बिर्सेर भित्र ल्याई कति खेर आउनुभयो भनेर सोध्दा भर्खर आएको हुँ भनेछ । त्यस पछि रोटी गन्दा उसले भने झै ३०४ वटै थिए । अब सबैले हाम्रो जवाइँ त जान्ने ज्योतिष पो रहेछन् भनी मान मर्यादा गरेछन् । केही दिनपछि छोरी समेत कोसेलीपात बोकाएर भरिया लगाई पठाएछन् । त्यसको केही महिना पछि एक जना साहुको घोडा हराएछ । कतै खोज्दा पनि नपाएको कुरा थाहा पाएर लाटाकी सासुले हाम्रो ज्वाइँ जान्ने छन् हेराउने भए म झिकाइदिन्छु भनिछ । नभन्दै भोलिपल्ट ज्वाइँलाई झिकाईछ पनि । ल अब मेरो घोडा पत्ता लगाएमा धेरै पैसा पुरस्कार दिन्छु पत्ता नलगाइदिए सराप दिन्छु भनेछ । त्यस पछि उसले तीन दिनको समय दिएछ । हरेक दिन दिउँसो घरमा बस्ने अनि राति भएपछि घोडा खोज्न जाने गरेछ । दोस्रो दिन राति घोडा त एउटा ठूलो उखुबारीको बीचमा उखुका पात खाएर बसेको पत्ता लगाएछ । त्यस पछि ऊ ढुक्कले बसेछ ।

तेस्रो दिन आफ्नो घोडाको पत्तो लागेछ कि भनेर घोडाको साहु आएछ । उ त्यो परको उखुबारीमा उखुका पात खाएर बसेको छ त्यहीँ लिन जानु भनेछ । नभन्दै घोडा पनि त्यहीँ रहेछ । त्यस पछि धेरै इमान पाएर लाटो आफ्नो घरमा गएछ ।

अर्को वर्ष राजाको दरबारमा रानीले लगाएको हीराको हार हराएछ । त्यो खबर पनि लाटाकी सासुले थाहा पाएर मेरा जवाइँले पत्ता लगाउँछन् भनेर राजाको दरवारमा ज्वाइँलाई झिकाइछ । राजाले बूढीको ज्वाइँलाई अगाडि राखेर भनेछन्- “ मेरी रानीको हीराको हार पत्ता लगाइदिने भए पत्ता लगाऊ नत्र तिम्रो ज्यान लिने छु” भनेर एउटा क्रुर शासकको परिचय दिएछ । उसलाई तीन दिनको समय दिएछ । अब लाटो अरू बेला जस्तो दरबार बाहिर जान पनि पाएनछ । एक दिन पछाडि तँ अब २ दिन बाँच्छस् भनेछ । त्यसपछि १ दिन गर्दै जाँदा अब १-२ घण्टाको समय सुनाएछन् । अन्त्यमा अब केही मिनेट मात्र बाच्ने समय छ भन्दा बेसुरमा कहीँ खोन्दा केही लागेन “आए निधरी तेरै काल” भनेर कराएछ । त्यसैबेला त्यो दरवारमा

एउटी निधेरी नामकी सुसारे बस्दी रहिछे । त्यसले सुनेर लिनुहोस्, मलाई माफ गर्नुहोस् भन्दै हीराको हार लिएर आइछ । लाटो गोज्याङ्ग्रो ज्योतिष जिल्ल परेछ । हीराको हार पाएपछि हत्त न पत्त राजालाई बुझाएछ । त्यो दिनदेखि राजाले धेरै धन सम्पति दिएर बिदाइ गरेछन् । धेरै धन सम्पत्ति इनाम पाएर लाटा सुधो सुखसँग दिनचर्या बिताएछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(२०६७ सालको हरिबोधनी एकादशीको दिन बेलुकी पूजा हेर्न जाँदा दुराडाँडा ५ का विष्णुप्रसाद न्यौपानेले सुनाउनु भएको कथा यहाँ समावेश गरिएको छ ।)

## ३.२.५ पशुवाक्य बुझ्ने बुद्धिमती बुहारीको कथा

कुनै एक ठाउँमा दुई बाबु-छोरा बस्थे रे । बाबु गरिब थियो । उसले भेडा पालेको थियो । आफ्नो छोरालाई सधैं भेडा चराउन लगाउँथ्यो । एकदिनको कुरा हो, बाबुले आफ्नो छोरालाई एउटा भेडो लिएर सहरतिर जा अनि काटेर बेची नुन किनेर यही भेडालाई बोकाएर लिएर आइज भनेछ । एकछिन त अकमक्क परेछ छोरो आफ्नो बाबुको बचन काट्न हुन्न भनेर भेडो लिएर सहर तिर हिडेछ ।

जाँदा-जाँदा साँझपख छोरो ठूलो सहरमा पुगेछ । सहरमा पुगेर एउटा पसले साहुकी छोरीसँग भेट भएछ । ती केटीले आफ्नो घरमा बास दिने वचन दिइछन् । त्यो रात त्यही पसलमा बिताएछ । भोलिपल्ट बिहान केटो अकमक्क परेको देखेर ती केटीको मनमा दया जागेछ । ए दाइ तपाइँ किन अकमक्क पर्नु भएको ? मैले गर्न सक्ने कुनै सहयोग भए गरिदिन्छु, नआत्तीकन समस्या बताउनुहोस् ” भनिछ । कता-कता साहुकी छोरीको यस्तो दयालु बचन सुनेर त्यस केटाको मनमा मायाको साङ्लो पलाएर आयो । मेरो बाबाले मलाई यो भेडा काटेर बेच अनि नुन किनेर यसलाई  बोकाएर ल्याउनू भनेर पठाएका हुन् । यो भेडा काटेर बेचेपछि फेरि कसरी नुन बोकाएर लैजाने भनेर अकमक्क परेको हुँ भन्दा केटीले त्यसको उपाय म बताइदिन्छु । तपाई कत्ति पनि नआत्तिनुहोस् । पहिले यसको ऊन काटेर बेच्नुहोस् त्यसपछि नुन किनेर यहीं भेडालाई बोकाएर लैजानुहोस् भनिछ । केटाले पनि केटीले भनेजस्तै गरेछ । नुनको भारी ठीकठाक पारेर अन्य केही सरसामानहरू आफ्ना बाबुको आँखा छलेर केटालाई बोकाएर केटीले पठाइदिइछ । धेरै टाढा सम्म उनीहरूको आँखा एक आपसमा जुधेछन् ।

घरमा पुगेपछि बाबुले आफ्नो छोराको परीक्षण गर्न पठाएको त ठूलो बुद्धिमतापूर्ण कार्य गरेको देखेर छोरालाई कसका बुद्धिले यसो गरिस् ? भनेछ । ती सहयोग गर्ने केटीको सम्पूर्ण वृतान्त बताएछ । अन्त्यमा असाध्यै मायालु आँखाले हेरिरहेका र आफूले पनि बिर्सन नसकेको कुरा बताएछ । उसो भए तिनै केटी विवाह गरेर ल्याउने भनेर आफ्नो छोरालाई लिएर बाबु छोरा त्यतै लागेछन् । राति बसेर अनेकन कुरा गरेपछि विवाहको चाँजोपाँजो मिलेछ अनि भोलिपल्ट त्यही केटी लिएर घर फर्केछन् । बाटामा आउँदा-आउँदा एक ठाउँमा बास बस्नुपरेछ । बास बसेको  ठाउँ नजिकै एउटा स्याल अचम्मसँग कराएछ । बाबु-छोराले कस्तो अलछिन देखाएको होला भनेर गाली गरेछन् । नयाँ दुलहीले भने स्याल कराएको ध्यान दिएर सुनिन् । उनी पशुवाक्य बुझ्थिन् । स्यालले अलछिन लगाएको होइन, उनले "हे मनुवा, तल खोलामा एउटा लास छ, त्यसको अङ्ग-अङ्गमा सुन र असर्फीका गहना छन् । त्यो लास पाखामा झिक र गहनापात निकाली मलाई सिनो छाडिदेऊ भनेको छ" भनिन् । स्याल कराइसकेपछि ती दुलही खोलामा झरिन् । लासलाई झिकेर पाखामा हेर्दै थिए । दुलहीले लासको घाँटीमा लगाएको सुनको माला चुडाल्न नसकेर टोकेर फुत्काइन् । छोराले नयाँ बुहारीको क्रियाकलाप देखेर त्यस्तो लास टोकने राक्षसनीलाई म भित्र्याउँदिन भन्यो । बाबुले पनि ती दुलहीलाई माइतमा नै पुऱ्याइदिने विचार गऱ्यो । बुहारीलाई फिर्ता लिएर जाँदा-जाँदा एक ठाउँमा रात पऱ्यो । त्यहीँ बास बसेर भोलिपल्ट जाने क्रममा एउटा चौतारोमा थकाई मार्न ससुरा-बुहारी बसिरहेको बेला एउटा कौवा कराएछ । कौवाले भन्दो रहेछ- "ए मनुवा यस चौतारोको ठूलोचाहिँ छपनी पल्टाएर हेर्नु, त्यहाँ असर्फीले भरिएको एउटा घ्याम्पो छ, त्यस घ्याम्पाको मुखमा एक दुनो दही छ । त्यो दही मलाई देऊ र असर्फी तिमी लैजाऊ ।" यो सुनेर बुहारीले सोची- "जम्मु मन्त्री कराउँदा त यो गति काली कौवा कराउँदा कुन गति ?" अन्तिममा उनले जसो परे पनि पर्ला भनेर ससुरालाई कौवा कराउनुको आशयबताइन् । ससुराले पनि सम्पत्ति पाइने आशाले छपनी पल्टाउने विचार गरे । आखिर ससुरा-बुहारी मिलेर छपनी पल्टाएर सम्पत्ति लिई उनीहरू घरतर्फ नै फर्के । घरमा पुगे पछि ससुरोले बुहारीलाई भने- " हेर बुहारी छोरो घर बस्दिन भन्छ, म चाहिँ तिमीलाई त्याग्ने पक्षमा छैन । उसलाई भुलाउन केही वर्ष म परदेशतर्फ लिएर जान्छु । तिमी घरमा बसेर प्रशस्त सम्पत्ति कमाउ, जग्गा–जमिन जोड र एउटा नाति पनि जन्माई राख ।" बुहारीले पनि मुन्टो हल्लाएर हुन्छ भनी ।

भोलिपल्ट घरको सबै सम्पत्ति बोकेर बाबु-छोरा परदेशतर्फ हिडे । बुहारी निकै चलाख भएका कारण ससुराले भनेजस्तै गरेर आफ्नो कर्तव्य पूरा गर्नतर्फ लागी । आफूसँग भएको अलि-अलि पैसाले धागो किनेर पगरी बुनिछ । उसले बुनेको अति राम्रो पगरी बेच्न लैजाने क्रममा धेरै सिपाहीका साथ हिँडेको एउटा जर्नेलले देखेर भनेबमोजिम पैसा दिएर किनेछ । पगरीको धेरै मूल्य पाएर अरू धेरै धागो किनिछ । राम्रा-राम्रा पगरीहरू किनेर राजाको दरबारसम्म बेच्न पुगिछ । अब उसले प्रशस्त धन त जम्मा पारी नातिका लागि भने आफ्नो ससुरा र लोग्ने गएतिर बस्न पुगिछ । त्यहाँ उसले भट्टी पसल थापेर बस्न थाली । ती बाबु-छोरा भट्टीमा जाँदा लामो समय भएका कारण ती केटीलाई चिन्न सकेनन् । ती बाबु-छोराले कमाएको सम्पूर्ण सम्पत्ति आकर्षण गरेर आफूतिर तानी । छोरासँग त रासलीलामा समेत चुर्लुम डुबाई । आठ-नौ महिनापछि लोग्नेले लगाएको औंठी समेत फुकालेर आफैंले लिन सफल भई । केही समय पछि प्रशस्त सम्पत्ति हात पारेर बेपत्ता भई, घरतर्फ लागी ।

केही वर्षपछि आफूले कमाएको सम्पत्ति पनि भट्टीवाल्नीले भ्वाम पारेका कारण अब प्रदेशमा बसेर काम छैन भनी बाबु-छोरा घरतर्फ लागे । घरमा आउँदा धनसम्पत्ति पनि जोडेको, घर–खेत, वस्तुभाउ सब बन्नुका साथै टुकटुक हिड्ने छोरो अथवा बूढाको नाति पनि देख्दा बाबु छोरा छक्क परे । छोरो चाहिँले म हिँडेका तीन वर्ष भयो । एक पटक पनि घरमा आएको छैन कसरी जन्म्यो छोरो ? भन्दा श्रीमतीले कड्केर भनी- "तपाईहरू कहाँ कसरी बस्नुभएको थियो, सब वृतान्त मलाई थाहा छ । म भट्टी पसल गरेर बसेको थाहा पाउनु भएन, कसरी आउनु हुन्थ्यो, कसरी मसँग फस्नु भयो, याद छ ? भन्दा लोग्ने नतमस्तक भएछ । अझ औंठी कति बेला दिनुभएको थियो ? भन्दा त झनै लाचार भएछ । त्यस पछि तीनैजना एकआपसमा मिलेर बस्ने र सानो छोराको पालन पोषण गर्ने वाचाका साथ सबै रहँदा भए ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ सालको हरिबोधनी एकादशीकै दिन बेलुकी पूजा हेर्न जाँदा दुराडाँडा ५ का चन्द्रकान्त न्यौपानेले सुनाउनु भएको कथा यहाँ समावेश गरिएको छ ।)

## ३.२.६ पुण्य गर्न खोज्दा पाप भएको कथा

एकादेशमा एक जना पण्डित बस्थे रे । उनको घरमा एक दर्जन भन्दा बढी गाईहरू पालेका थिए रे । एक जना सार्की जातको मान्छेले एउटा बूढो गाई त्यही पण्डितको घरको बाटो

गरेर ल्याएछ । त्यस्तो दुब्लो गाई कहाँ लैजान ल्याएको ? भन्दा उसले जवाफमा यसलाई काटेर मासु बेच्न लैजाने भनेछ । त्यस्तो कुरा सुन्दा पण्डितलाई अचम्म लागेछ र भनेछ हेर बाबु यो यस्तो गाई काटेर मासु बेच्नु महापाप हो । त्यसैले यो काम नगर भन्दा सार्कीले त्यसो भए म के गरेर खाने त ? भनेर सोधेछ । पण्डितले यो गाई बेचेर कति पैसा कमाउँछस् भनेर सोधेछन् । सार्कीले एक सय रूपैया पाउने कुरा बताएछ । उसो भए म रू. एक सयको बदला रू.दुई सय दिन्छु यो गाई मलाई छोडेर जाऊ भनेर पठाइदिएछन् ।

भोलिपल्टदेखि सार्कीले यस्तो जुक्ति निकाल्यो कि अन्यत्रभन्दा दोब्बर मूल्य पण्डित दिन्छन्, त्यसैले धेरै गाई उनैलाई बेच्नुपऱ्यो भनेर गाईको खोजीमा हिँडेछ ।

अर्को दिन दुईवटा गाई लिएर पण्डितकै घरको बाटो आएछ । त्यो दिन पनि चार सय दिएर गाई राखेछन् । अर्को दिन आठवटा गर्दै दोब्बरका दरले ल्याउदै गर्दा एक दिन पण्डितले चौसठ्ठी गाई किन्नु पर्ने भएछ । पण्डितको धनराशि सकिएका कारण उनी गाउँकै साहुकहाँ ऋण माग्न गएछन् । साहुले के गर्नका लागि पैसा चाहियो ? भन्दा आफूले गाई किनिदिएर पुण्य गर्न खोजेको कुरा बताएछन् । यस्तो कुरा सुनेर साहु छक्क परेछ । साहुले पण्डितलाई तिमीले पुण्य गर्न खोज्दा महापाप गरेछौं भनेछ । पण्डितले त्यसको आशय बुझ्न् खोज्दा पहिले एउटा गाई बेच्न ल्याउँदा त्यसको दोब्बर पैसा दिएर गाई बेच्न प्रश्रय दिएछौ, त्यसैले उसले अरू-अरू गाई खरिद गर्न थालेको हो भनेछ ।

त्यसपछि आफू पण्डित भएर गाई मार्ने जस्तो महापाप गर्न हुन्न त्यसलाई बचाउनुपर्छ भन्दा ठूलो महापाप भएछ भनेर पश्चाताप गर्दै आफ्नै कामधन्दा गरेर बसेछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*

*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ सालको दशैंको टीकाको दिन साथी-साथी बसेर रमाइलो गर्ने क्रममा धुसेनी ८ का बाबुराम भण्डारीले यो कथा भनेकै बेला लेखेर तयार पारिएको हो ।)

### ३.२.७ अकाशवाणी सत्य भएको कथा

कुनै बखतमा एकजना चमत्कारी राजा थिए रे । दरबार सजाउन र रमणीय स्थल बनाउँन भनेपछि हुरूक्कै हुन्थे रे । ती राजाको नाम भस्माखर थियो । एकपटकको कुरो हो, राजाले आफ्नो दरबारमा भएका चीजबीजहरू त सजाएका थिए नै, उनले बगैचासमेत हराभरा पार्ने योजना बनाए । त्यसै अनुसार आफ्नो बगैचाका ७ वटा ढुङ्गेधारा बनाउने योजना बनाए ।

योजना अनुसार काम पनि भयो । धारामा ल्याउने पानीको मुहान निकै माथि थियो तैपनि पानी चलाउन खोज्दा चलेन । यसको कारण के हो होला भनेर राजा यत्रतत्र सर्वत्र भौंतारिएर तर कारण भने खुलेन ।

निकै समय बित्यो तर धारामा पानी चलेन भनेर राजा झोक्रिएरहेको बेला अकस्मात आकाशवाणी भयो । आकाशवाणीमा राजाको ढुङ्गे धारामा पानी चलाउन दरबारको कुनै एक जना मान्छेको बली चढाउनुपर्छ भन्ने सुनियो । अब दरवामा कसलाई भोग दिने भन्ने चर्चा चल्दा जेठी बुहारीलाई दिने निधो भयो । जेठो छोरो सिकार खेल्न गएको थियो । बेलुका घरमा आउँदा आफ्नी श्रीमती सुँक्क-सुँक्क गरेर रोइरहेको पायो । आफ्नी श्रीमती त्यसरी रोइरहेको देखेर कारण बुझ्दा श्रीमतीले भनी-“ धारामा पानी नचढेर आकाशवाणी भयो । त्यसमा मान्छेको भोग चढाउने आदेश आयो रे । त्यसमा कसलाई भोग चढाउने भन्दा मलाई नै रोजे । त्यसैले तपाइँ र मेरो भेट भोलिदेखि बिछोडमा परिणत हुनेछ ।” भोलि झिसमिसे उज्यालो नहुदै भागेर भए पनि ज्यान जोगाउँला भनेर उनीहरू त्यो रात बिताउन पुगेछन् ।

भोलिपल्ट उज्यालो नहुँदै राजाको जेठो छोरो र बुहारी कुलेलाम ठोकेछन् । दरबारमा खैलाबैला मच्चियो । उनीहरू जाँदाजाँदै एउटा घना जङ्गलको बीचमा रहेको एउटा महलमा पुगे । त्यहाँ एउटा मोहनीरूपी युवक राक्षस बस्दोरहेछ । राजकुमार अघि बढेर राक्षसको ढोका बन्द गरिदिए । भोलिपल्टदेखि ती दुई दम्पति त्यहीँ बस्न थाले । दिउँसो राजकुमार सिकार खेल्न जान्थे । आफ्नो प्रियतमलाई त्यो राक्षस थुनेको ढोका नखोल्नू भनेको थियो । धेरै दिनपछि त्यो ढोकाभित्र के रहेछ भनेर श्रीमतीचाहिँले खोलेर हेरिछ । मोहनीरूपी राक्षसले देख्नसाथ मोहित पारिहालेछ । केही दिनपछि ती युवतीले राक्षसले भनेको मान्न थालिछ । एक दिन खानेकुरामा विष राखेर दिनु भनेछ । राजकुमारले त्यो चाल पाई खान अस्वीकार गरेछ । अनेक गर्दा पनि जिद्दी गरेपछि राजकुमारले खान त यो खान्छु तर केही जानी म मरिहालें भने मेरो कलेजो, मुटु र फोक्सो हरियो पातमा पोको पारेर फालिदिनु भनेर त्यो खाना खाए । नभन्दै भोलिपल्ट उठ्दा त राजकुमार मरिरहेको थियो । राक्षससँग मोहित भएकी हुनाले उनकी श्रीमती रोइनन् । उनले भने अनुसार कलेजो, मुटु र फोक्सो हरियो पातमा पोको पारेर नदीमा फालिदिइन् ।

राजकुमारको कलेजो, मुटु र फोक्सो हरियो सालको पात त सुन्दर सुनको बाकसमा पो परिणत भएछ । त्यसभित्र ती राजकुमार जिउँदा अवस्थाममा रहेछन् । त्यसलाई एउटी अवोला युवतीले पौडी खेल्दै गर्दा भेट्टाइछन् । त्यस बाकसलाई लिएर गई घरमा गएर खोली हेर्दा त सुन्दर युवक केटा देखिए । जीवन भर पुरूषको मुख नहेर्ने बाचा गरेको त आज यस्तो

युवकसँग मुख देखाउनुपर्‍यो भनिछ । मलाई ईश्वरले यस्तै लेखेका रहेछन् भनेर तिनी युवकसँग आनन्दले जीवन  बिताउन थालिन् ।

उता राजकुमारको मृत्युपछि ती युवतीले त्यही राक्षससँग विहे गरेर सुखी जीवन बिताउन थालिन् भने राजाको दरबारमा चाहिँ राजकुमार र राजकुमारीले दरवार छाडेर गएपछि ठूलै सङ्कट आइपर्‍यो । विभिन्न ठाउँमा खोजी गरेतापनि पाउन सकेनन् । राजाले बनाएको ढुङ्गेधारामा पानी पनि आएन ।

राजकुमारकलाई भने झल्याँस्स आफ्नो दरवारको याद आएछ । त्यसपछि केहीदिनमै उनीहरू दरवारतर्फ लागेछन् । जाँदा-जाँदा उनीहरू उही जङ्गलको बीचमा रहेको पुरानै दरबारमा पुगेछन् । राजकुमारले झटपट राक्षस सुत्ने कोठा बन्द गरिदिए । त्यसपछि आफूलाई विष खुवाएर मार्ने पहिलाकी राजकुमारीलाई खुकुरीले छप्काएर दुई टुक्रा पारिदिए । उनीहरू त्यो रात त्यहीँ बसी भोलिपल्ट सबेरै त्यहाँबाट हिँडे । केही दिनपछि आराम गर्दा-गर्दै आफ्नो पुरानै दरवार तर्फ लागे । तीन-चार दिनपछि दरवारमा पुग्दा त पहिलेकी राजकुमारी छप्काएकै दिन देखि ढुङ्गेधारामा पानी आउन पनि थालेछ । त्यसपछि पानी आएको र हराएको जेठो छोराले बुहारी पनि लिएर आएको हुँदा दरबारमा उत्साह र उमङ्गका साथ रमाउन थालेछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ साल भाद्र १५ गते सर्वोदय क्याम्पसबाट घर फर्कदै गर्दा चौतारीमा बसेर चन्द्रेश्वर ९ का ईश्वरीप्रसाद अधिकारीले सुनाउनु भएको कथा पुनर्लेखन गरी यहाँ समावेश गरिएको छ ।)

## ३.२.८  स्यालले गोठालाको विहे गरिदिएको कथा

सिन्दुरेको उच्च पहाडी लेँकमा एउटा गोठालो सधैँभरि गोठमा बस्थ्यो रे । धेरै दूध जम्मा गरी दही मथेर घिऊ निकाली गाउँमा ल्याएर बेच्ने उसको दिनचर्या नै बनेको थियो रे । एकदिनको कुरा हो गोठालो घाँस काट्न जङ्गलमा गएको बेला एउटा छट्टू स्याल गोठभित्र पसेर दूध-दही सिनित्तै पारेछ । बेलुकी गोठालो आउँदा कसले खाएको हो पत्तो पाउन सकेनछ । त्यसै गरी भोलिपल्ट पनि स्यालले दूध–दही चोरेर खाएछ । एवम् रीतले धेरै दिन गोठमा चोरी  भएछ ।

कुनै एक दिन यस्तो चोरलाई त्यसै छाड्न भएन बरू लुकेर बसेर समात्नुपर्‍यो भनेर गोठको एक छेउमा बसेछ । दिउँसो मध्याह्नतिर अब त गोठाले घाँस काट्न गयो भन्ने बेलामा स्याल "नानीको बानी घिऊ खाने" भने झैं गोठभित्र पसेछ । ठेकीभित्र टाउको निहुराएर दूध खान मात्र के खोजेको थियो गोठालाले झ्याप्प पारी हाल्यो । त्यसपछि चनाखो स्याल हजुर म तपाइँका निम्ति जे काम गर्न पनि गरिदिन्छु । यसपटक मलाई छाडिदिनुहोस् भनेछ । गोठालोले मेरो बिहे भएको छैन गरिदिन्छस् भनेर सोधेछ । स्यालले पनि म तपाइँको बिहे राजकुमारीसँग गरिदिन्छु भनेछ । त्यसपछि बिहे गर्ने आशामा गोठालाले स्याललाई छाडिदिएछ । स्याल पनि त्यताबाट सोझै राजाको दरबारतिर गएछ । दरबारको बगैंचामा गएर विभिन्न फलफूलहरू टिपेर खान थालेछ । त्यहाँका पाले-पहराहरूले स्याललाई लखेट्न खोजेछन् तर स्याल भने म चानचुने स्याल होइन म त राजालाई पो भेट्न आएको हुँ भनेछ ।

दरबारका पाले-पहराहरूले स्यालले दर्शनभेट खोजेको छ भनेर बिन्ती बिसाएछन् । कस्तो रहेछ, किन भेट्न खोजेको रहेछ ? दरबारमा पठाइदेओ भनेर हुकुम दिएछन् । अब स्याल राजाको दर्शनभेटमा पुगेछ । दर्शनभेटपछि एक रात दरबारमै बसेछ । बेलुकी खानेकुरा खीर रहेछ । खीर सुनको थालमा राखेर स्याललाई दिएछन् । खीर खाइसकेर त्यो सुनको थाल १० कान्ला तल हुत्याइदिएछ । किन फालेको थाल ? भन्दा हाम्रो दरवारमा त एकपटक खाएको जुठो फालिदिने चलन छ भनेछ । स्यालको कुरा सुन्दा त्यो देशको राजा कति धनी होला ? भनेर अचम्म लागेछ । राजाले त्यस्तो धनी राजाको छोरा कस्ता छन् भनी स्यालसँग सोधेछन् । राजकुमार अत्यन्त राम्रा र बिहे गर्ने बेला भएका छन् भनेछ । उसो भए हाम्री राजकुमारीसँग बिहे गर्दा हुन् ? भन्ने प्रश्न स्यालसँग राखेछन् । स्यालले पनि कुन्नि के गर्छन् ? तैपनि म एक पटक सोधेर आउँछु भनेर हिँडेछ । स्याल सोझै गोठालोकोमा पुगेछ । गोठालोलाई राजकुमारी ठिक्क पारेको कुरा बताएछ । गोठालोलाई सफा–सुघ्घर बन्न आदेश दिएर फेरि राजाको दरबारतिर लागेछ । दरवारमा पुगेर म त राजकुमारीको बिहेका निम्ति आएको हुँ पहिले त मानेका थिएनन्, पछि बल्ल-बल्ल मनाएको छु । यहाँको के विचार छ ? भनी सोधनी हुँदा असल लग्न ठहऱ्याएर बिहे छिनेछन् । बिहेमा एक हजार जन्ती लिएर आउने आदेश राजाले दिएछन् । अब स्याल बिहे छिनेर गोठालोकोमा पुगेछ । बिचरा गोठालोको जन्ती अरू को हुन्छ र ? केवल दुई जना मात्र हिँडेछन् । दरबार नजिकैको खोलामा पुगेर पानी धमिलो पारिदिएछ । बाँसको गाजमा आगो लगाइदिएछ अब खोला धमिलो भएछ अनि बास पड्कन थालेछ ।

स्याल गोठालोलाई लिएर दरबारमा पुगेछ । जन्ती खै त ? भन्दा स्यालले मेघ गर्जनका साध पानी परेको हुँदा साघुँ भाँच्चिएर सबै जन्ती खोलामा परे, मुस्किलले तपाइँको ज्वाइँलाई समातेर वारि आइयो, नपत्याए चट्याङ परेर पड्केको आवाज सुन्नु भएकै थियो होला भनेर प्रमाण दिएछ । राजाले पनि स्यालको कुरो पत्याएछन् । रातभरि बिहेको काम सकेर भोलिपल्ट दुलही अनमाएर पठाएछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*

*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा सुन्दुरे ५ निवासी भिमबहादुर दुराले २०६७ साल मंसीरमा सुनाउनु भएको हो ।)

## ३.२.९. सुँगुरले सृष्टिकर्ता खोज्दै गरेको कथा

धेरै धेरै पहिलेको कुरो हो । नेपालको एउटा कुनै पहाडी गाउँमा मगरहरूको बस्ती थियो । मगरहरू पढेलेखेका भने थिएनन् परन्तु हट्टाकट्टा र बलिया भएकैले कृषि र पशुपालनमा खुब दत्तचित्त भएर लाग्दथे । यही पेशाबाट उनीहरूले जीवन गुजारी रहेका थिए ।

मगरहरू गाई-भैंसी, भेडा बाखाका अतिरिक्त सुँगुरहरू पनि पाल्दथे । जसको मासुले दशैं तिहार र अघिपछि आवश्यक समयमा भोजभतेर चलाउँथे । उनीहरू आफ्ना नातेदारकहाँ सौगातको रूपमा पनि सुँगुर पुऱ्याइदिने गर्थे ।

एक दिनको कुरा हो, त्यही गाउँमा बस्ने एउटा जसे नामको मगर आफ्नी छोरी भेट्न भनी पाल्लेगाउँ जान तम्स्यो । उसकी छोरी केही दिन अघि मात्र सुत्केरी भएकी हुनाले जसेले छोरीकहाँ जाँदा एउटा सुँगुर समेत छोरीलाई खुवाउन भनेर लिएर जाने विचार गऱ्यो । सुँगुरलाई त्यत्तिकै डोरीले बाँधेर घिच्याउदै लान नमिल्ने हुनाले जसेले सुँगुरलाई एउटा काठमा चारवटा खुट्टा बाँधेर बोकेर लैजाने सुर गऱ्यो । आफ्नो छोरालाई समेत सुँगुर बोक्न लगाएर बाबु छोरा भै सुँगुरलाई काठमा खुट्टा बाँधी काठको दुवै छेउ बाबुछोराले काँधमा राखी बोकेर जान थाले । यसरी काठमा झुन्डिएको अवस्थामा बोकिएको सुँगुरले आकासतिर मुख फर्काउन परेको हुँदा सुँगुरले आकासको त्यस्तो दृश्य देख्नै पाएको थिएन । जसेका बाबु छोरा छोरीको घर पुग्दा दिन बितिसकेर केही रात पनि कोट्टिसकेको हुँदा सुँगुरले आकासको दृश्य देख्ने सिलसिलामा सूर्य, चन्द्रमा र ताराहरू सहितको निलो र विशाल आकास राम्ररी देख्न पायो । सुँगुरलाई आफूले देखेको त्यति राम्रो दृश्यको बारेमा अरू आफ्ना जातिलाई सुनाउने चाहना बढेर आयो । जसेको छोरीको घरमा पुऱ्याएपछि काठको बन्धनबाट छुट्टाइएको सुँगुर खोरमा थुनियो । भोलिपल्ट

उसलाई काटेर खुवाउने जसेको इच्छा थियो तर छोरी केही बिमारी परेको कारण सुँगुरको मासु २-४ दिन पछि मात्र खुवाउने विचार भयो ।

जसेले छोरीकहाँ पुऱ्याएको सुँगुर २-४ दिन पालिने सिलसिलामा अरू त्यहाँका आफ्नै जातिका सुँगुरहरूसँग पनि भेटघाट भयो । उसले आफूले देखेको आकाशको रमणीय दृश्यको जानकारी सबैलाई गरायो । सबै सुँगुरहरू यस्तो दृश्य देख्न आफू असमर्थ भएकोमा आफ्नै जिन्दगीलाई धिक्कार्न थाले । उनीहरू आपसमा यस्ता कुरा गर्न थाले- "हामीलाई सृष्टिकर्ताले बृहत् अन्याय गऱ्यो, सँधै हामी घोसे मुन्टो लगाएर हिड्नुपर्ने प्रकृतिको जीवन हामीलाई दिएर सृष्टिकर्ताले गरेको अन्यायको लागि कसरी बदला लिन सक्छौं ?" यस्तै कुराकानी गर्दै सबै सुँगुरहरू सृष्टिकर्तासँग निकै चिडिए । उनीहरूले अब सृष्टिकर्तालाई साक्षात् भेट गरी आफ्नो जिन्दगीमा परिवर्तन गराइदिन आग्रह गर्ने अठोट पनि गरे । अरू सबै प्राणीहरू निर्धक्क तल माथि, दायाँ–बायाँ जता मन लाग्छ त्यतै हेर्न सक्ने आफूहरू भने सँधै तल फर्केर जमिनमा थुतुनो जोडेर हिड्नु पर्ने अवस्थाबाट पार पाउन सृष्टिकर्ताको खोजीमा हिड्न थाले । यसरी सृष्टिकर्ता कतै भेटिन्छ कि भनी सुँगुरहरू त्यतिबेलादेखि जसको खोजी गर्न थाले तिनै सृष्टिकर्तालाई खोज्ने सिलसिलामा आजसम्म पनि सुँगुरहरू जमिनतिर नाकले सुँध्दै थुतुनोले कोट्याउँदै (खोस्रँदै) सृष्टिकर्ता कतै भेटिन्छ कि भनी खोजी गर्दैछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा दुराडाँडा ४ निवासी ब्रह्मदत्त अधिकारीले २०६७ सालको जेठ महिनामा आफैले लेखेर दिनुभएको कथा यहाँ समावेस गरिएको छ ।)

## ३.२.१० अरूलाई मस्ती रानीलाई सास्ती भएको कथा

एकादेशमा एक जना अति सोझा राजा थिए । मन्त्री बैठके र सिपाहीलाई उनी साथीसरह मान्दथे । कुनै काममा कतै जानुपरे पनि कसैलाई रोकतोक थिएन । एकदिनको कुरा हो, राजा, मन्त्री सिपाही र बैठके चारैजना भ्रमणमा निस्केछन् । जाँदा-जाँदा एउटा चौतारोमा पुगेछन् र त्यहीँ आराम गर्न लागेछन् । चौतारी नजिकैको एउटा ठूलो घरको कौसीमा चारजना सुन्दरी केटीहरू सिंगार पटार गर्दै कपाल कोरिरहेका दृश्यमा ती चारजना भ्रमणकारीहरूको आँखा परेछ । ती चारवटी मध्ये कान्छी चाहिँले दिदीहरूलाई सोधी- "दिदी तिमीहरूलाई चौतारोमा बस्ने चारजना कुन मन पऱ्यो ? भनेर सोधिछ । तीनै दिदी बहिनीले पालैपालो जवाफ

दिएछन् । क्रमशः जेठीले सिपाही, माहिलीले बैठके र साहिलीले मन्त्री रोजे र कान्छीले राजालाई देखाई । चारजना युवतीहरूको कुरा चतुरो मन्त्रीले सुनिरहेको थियो । तिनीहरूले आफूलाई रोज्ने युवतीको घरघरमा गएर उसको बाबुसँग बिहेको प्रस्ताव राखौं भनेर गएछन् । घरमा गएर प्रस्ताव राख्दा त्यस्ता खानदानका मान्छेले छोरी माग्दा युवतीका बाबुले स्वीकार गरेछन् । ठूलो राजकीय खानदानमा छोरीको बिहे गरिदिएर युवतीका बाबु खुसी भए ।

पहिल-पहिला त खानदानमा परेकाले सबै मख्ख थिए । पछि भने अरूभन्दा कान्छीचाँहि राजासँग परेकाले कान्छीको इर्ष्या गर्न थाले । एकपछि अर्को दिन आउँदो रहेछ, सबै दिदीबहिनीहरू गर्भिणी भए । अब राजाले धाई कसलाई बनाउने भनेर कान्छीलाई सोधे । अरूको भन्दा आफ्नै दिदीहरूको विश्वास ठूलो भनेर दिदीहरूलाई धाई बनाउन आग्रह गरेकी हुँदा राजाले पनि त्यसै गरिदिए । राजा र रानीलाई दिदीहरूले इर्ष्या गरेको पत्तै भएन । दिदीहरूले पनि के खोज्छस् काना आँखा भने जस्तै धाईको निम्तो पाएपछि षडयन्त्रको तानावानामा लागे । उनीहरूले कस्तो षडयन्त्र गर्न थाले भने सुत्केरी व्यथा लागेपछि टाउकोमा घ्याम्पो हालिदिने छोरा पाए बिरालो र छोरी पाए छुचुन्द्री देखाइदिने निधो गरे । त्यसपछि बच्चालाई भने एउटा थाङ्नामा पोको पारेर नदीमा फालिदिने निधो गरे । त्यसपछि बिरालोको छाउरो, मुसोको बच्चो र छुचुन्द्रोको बच्चो खोजेर ठिक्क पारे । त्यसपछि एक-दुई दिनमै रानीलाई सुत्केरी व्यथा लाग्यो । एक्कासि एउटा घ्याम्पो ल्याएर यसमा मुन्टो घुसाऱ्यो भने आराम हुन्छ भनेर टाउको छोपिदिए । रानीले छोरा पाइन् । त्यसलाई थाङ्नामा पोको पारे र बाकसमा राखी नदीमा फालिदिए । बिरालेको छाउरो ल्याएर, लौ रानीले बिरालेको छाउरो पाइन भनेर राजालाई देखाए । राजाको रिसको सीमा रहेन र “यस डङ्किनीलाई ढिँडो र गुन्द्रुक दिनु” भनी उठेर हिँडे । उता त्यो नदीमा फालिएको बच्चाचाहिँ फूलबारी बगैँचाका बूढाबूढीले नदीमा बग्दै आएको के रहेछ भनेर समाती हेर्दा त असाध्यै राम्रो बालक देखेर आफ्ना कुनै सन्तति नभएका कारण धर्मपुत्रका रूपमा लगेर पाल्ने निधो गरे । उनीहरूले त्यो बालकलाई फलफूलको रस चुसाएर पाले ।

केही दिनपछि राजाको मन पलायो । फेरि रानीलाई माया गर्न थाले । पुनः दोस्रो पटक पनि रानी गर्भिणी भइन् । दोस्रो पटक पनि धाई तिनै पापिनी दिदीहरू भए । पहिलेजस्तै गर्ने सल्लाह भयो । त्यसैगरी रानीलाई सुत्केरी व्यथा लाग्दा टाउकोमा घ्याम्पोले छोपिदिए । बच्चा जन्मियो तर त्यसलाई थाङ्नामा गुट्मुट्याएर बाकसमा बन्द गरी नदीमा फालिदिए भने राजालाई चाहिँ रानीले मुसो पो पाइन् भनेर सुनाए । यसपटक राजा झनै रिसाए । रानीलाई घोडाको लिती सोर्न लगाए भने दिदीहरूको षडयन्त्रको जालो पत्तै पाएनन् । फूलबारी बगैँचाका

बूढाबूढीले पहिले जस्तो अर्को बच्चा प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै फलफूलको रस खुवाएर हुर्काउन थाले । केही समय पछि राजा रानीको मन पलाएर आयो । फेरि तेस्रो पटक पनि रानी गर्भिणी भइन् । तिनै अपराधी दिदीहरू धाई भएका कारण पहिलाजस्तै षडयन्त्र गरे । तेस्रो पटक चाहिँ महाराज रानीले छुचुन्द्रो पाइन् भनेर देखाए । अब त राजको रिसको सीमा नै रहेन । यसलाई तुरून्त दोबाटोको ठाँटीमा लगेर थुनिदिनु र एकछाक मात्र खानदिनु अनि जे-जति मानिस त्यो बाटो भएर हिड्छन् तिनीहरूले थुक्क बिराली थुक्क मुसी, थुक्क छुचुन्द्री भनेर तीन पटक नथुकी हिड्न नपाउने सूचना गर्नू भन्ने उर्दी आठ पहरियालाई दिएर राजा विरक्त मान्दै दरबारबाट निस्के । राजाको उर्दी बमोजिम सबै काम भयो । बिचरी रानी दिदीहरूको षडयन्त्रले पाउनसम्म दु:ख पाएर बसिन् ।

यता राजाका दुई छोरा र एक छोरी ती दयालु फूलबारी बगैँचाका बूढाबूढीले हुर्काएर तन्नेरी-तरूनी बनाए । बूढाबूढी मरेपछि बहिनी घरमा बस्थी भने दाजुहरू सिकार खेल्न जङ्गलमा जान्थे । सिकार खेल्ने क्रममा उनीहरूका बाबुसँग जङ्गलमा भेट भयो तर एक आपसमा बाबु छोरा हौं भन्ने थाहा थिएन । केटाहरूले सिकार खेल्दा हानेको गोली जेमा ताक्यो त्यसैमा लाग्दथ्यो भने राजाले हानेको गोली त्यसै खेर जान्थ्यो । यस्तो देखेर राजा अचम्म परी तिमीहरू को हौं ? कहाँबाट आएका हौं ? घरमा कोको छन् ? भन्दा घरमा एउटी बहिनी मात्र भएको कुरा बताए । बहिनी फूलबारी बगैंचाको हेरचाह गरेर बस्छिन् भन्दा राजालाई त्यो बगैँचा हेर्न जाने इच्छा जागेछ । केटाहरूले बहिनीलाई नसोधी हुन्न भनेर घरतिर लागेछन् । त्यसै दिन त्यस बगैँचामा एकजना दाह्री कपाल सेतै फुलेका वृद्ध योगी आएर सबै दृश्यावलोकन गरी भनेछन्- “हे बालिके ! यो फूलबारी बगैंचा त अनुपम सौन्दर्यशाली रहेछ । मात्र तीन चीज भएको भए यो बगैँचा स्वर्ग समान हुने थियो ।” राजकुमारीले पनि बाबासँग बिन्ती गरिछन्- “बाबा ती तीन चीज के के हुन् र कहाँ पाइन्छन् ? योगीले भने- “ बालिके ती चीज लिन स्वर्ग जानुपर्दछ तर अहिलेसम्म कति गए कति कोही सफल भएका छैनन्, लाखौं मरिसके । ती तीन चीजचाहिँ हारङ्गी रूख, बुलबुले चरो र सुनौला पानी हुन् । यति बताएर आफू जङ्गलको बीचमा धुनी जगाएर बस्ने कुरा गरी अल्पिए ।

त्यसदिन बेलुका दाजुहरूले ल्याएको विषय र फूलबारी बगैँचाको बारेमा छलफल भयो । राजालाई बगैँचा हेर्न ल्याउने निर्णय हुनुका साथै योगीले बताए अनुसार जेठो दाजुले आफ्नो औँठी बहिनीको हातको औँलामा लगाइदिएर स्वर्गतिर लागे । जङ्गलको बीचमा सेतै दाह्री जुगा फुलेको योगी भेट भए । योगीले जान नसक्ने कुरा बताउँदा पनि जिद्दी गरेकाले आफ्नो

जट्टा जमिनमा बजारेर लौं यसैको बाटो जाऊ, डराउन चाहिँ हुन्न नि भने त्यो जट्टा एउटा डल्लो बस्तु बनेर उफ्रदै ढ्याङढ्याङ र ढुङढुङ गर्दै अगाडि बढ्यो । त्यो डल्लो आयो, आयो समात्यो, दौड दौड भन्न लाग्यो । राजकुमारले साच्चै हो क्यारे भनेर हेरेका त भुतुक्कै भए । घरमा छोडेको औँठीबाट पिल्ल रगत बग्यो । पक्कै दाजु मरे भनी भाइ चाहिँ पनि एउटा हीराको हार बहिनीको गलामा लगाई दिएर बिदा भए । बाटोमा धुनी तापिरहेका योगीले नजाऊ भन्दा अटेरी गरेर गएका उनी पनि दाजु जस्तै गरेर मरे । हारबाट रगत आएको हुँदा कान्छा दाजु पनि पक्का मरे भन्ठानेर आफै जान निस्किन् । दाजुहरू जस्तै घना जङ्गलको बीचमा भएका योगीले नजाऊ भन्दा उनले जिद्धी गरेकीले म एउटा जट्टा फालिदिन्छु, यसले कराउँदै र उफदैं आयो-आयो, समात्यो भेट्टयो भन्छ तर नआत्तिनु र पछाडि नहेर्नु भने । यस्तो थाहा पाएर उनले कानमा पिउरी कोचेर स्वर्गमै पुगिन् । बाटोमा नै बुलबुले चरो भुर्र उडेर आई राजकुमारीको टाउकोमा बस्यो र भन्यो- " मै हुँ बुलबुले चरो । ऊ ! त्यो हारङ्गी रूख हो, एउटा हाँगो भाँच, ऊ त्यहाँ सुनौला पानी छ, एक सिसी थाप । यहीँ तीन चीज लिन आएकी होइनौ ?" राजकुमारीले यिनै तीन चीज लिइन् र फर्किन् । चरोले बाटोमा पानी छर्कैदैं हिड्नु भन्यो । राजकुमारीले त्यसै गरिन् । हजारौं मृत शरीर उठेर हे मेरी आमा मलाई बचायौ, म तिम्रै पछि लाग्छु भनेर जात्रा लागे । आखिरमा उनले आफ्ना दुई दाजुभाइलाई लिई अरूलाई आ-आफ्ना घर जाऊ भनेर बिदा गरिन् ।

ती तीन चीज ल्याएपछि फूलबारी बगैंचा स्वर्ग बन्यो । सारा देश देशावरको मान्छे आउने क्रममा तिनका बाबु पनि हेर्न आए । सबैलाई मिठाई र चम्चा दिने निर्देशन बुलबुले चराले दियो । सबैले खाएभैँ खान खोज्दा राजाले मिठाईको बदला चम्चा प्लेट पो टोकिएको हुदाँ बुलबुले चराले तैंले आफ्नै छोराछारीलाई नचिनेको हुनाले यस्तो भएको हो भनेर बताउँदा राजा छक्क परे र पश्चातापपछि सबैलाई दरबारमा लगेर आनन्दपूर्वक बसे ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(यो कथा २०६७ साल चैत्र महिनामा दाउरा काटेर चौतारीमा बसेका खेताजाहरूमाभ्क धुसेनी ९ का डम्बर बहादुर अधिकारीले सुनाउँनु भएको हो ।)

### ३.२.११ बूढाको बुद्धिले बिहे सफल भएको कथा

एकादेशमा एउटा असाध्यै राम्रो बिहे गर्न लायक केटो थियो रे । उसले एउटा धनाढ्य साहुकी छोरी मन पराएको थियो रे । एकदिनको कुरो हो केटा पक्षका दुई चार जना बिहेका निम्ति केटी माग्न त्यही धनाढ्य साहुको घरमा गएछन् । केटीको बाबुले कसै गरे पनि छोरी नदिने कुरा बताएछ तर केटी भने त्यो केटासँग प्रेम बसेको हुँदा बिहे गर्ने सहमति जनाइछ । आखिर केटीका बाबुले बिहे छिन्नै पर्ने भएछ । बिहेमा उसले एउटा शर्त राखेछ, त्यो के हो भने जन्ती एकसय जना भन्दा घटी वा बढी हुनुहुन्न र उनीहरू बीस बर्ष उमेरका मात्र हुनुपर्छ भन्ने कुरा । यति नै हो अब के गर्ने भन्दा केटा पक्षकाले पनि स्वीकार गरेछन् । त्यसपछि असल लगन ठहऱ्याई बिहे छिनेछन् ।

बिहे त छिनियो केटापक्षका घरमा आएर कुरा गर्दा निकै आपत परेछ । केटाको बाबु साठी बर्षका रहेछन् तर जन्त जान नपाइने भयो । सबै सामग्री जुटाएर बिहेका निम्ति एकसय जना बीसबर्षे केटाहरू लावालस्कर लागेर हिड्न लाग्दा एउटा बाकसमा बूढो बाबुलाई पनि बोकेर लुकाएर लगेछन् । दुलहीको घरमा पुगेपछि बेलुकी स्वयम्वरको काम गरेर भतेर खाएर आ-आफ्ना थान्कामा रहेछन् । भोलिपल्ट जन्ती बाखो पकाउन उनीहरूले चामल माग्दा पाँचमुरी चामल र खसी एकसय ओटा दिएछन् । त्यसका साथमा अन्य चीजहरू पनि दिएछन् । त्यति खाइनसके दुलही नदिने कुरा पनि बताएछन् । जे भए पनि हुन्छ भनेर जन्तीहरूले स्वीकार गरेछन् ।

ठूलै समस्या आइपऱ्यो भनेर  बाकसभित्र बसेका बाबुसँग सल्लाह मागेछन् । बूढाको सल्लाह अनुसार धेरै दाउरा हालेर आगो बाल अनि एउटा खसी काट । त्यसपछि एउटा हाँडी ल्याएर चामलको खट्टे भुट्न थाल भनेछ । सबै जना घेरा लागेर बस र एउटा खसी टुक्रा टुक्रा पारेर पोल्न थाल । अनि जति घान भिक्यो उति नै खट्टे बाँडेर र पोलेको मासु पनि एक-एक चौटो भिकेर खाओ । एवं रीतले चामलको खट्टे र पोलेको मासु खादै जाओ सबै सकिन्छ  भनेछ । नभन्दै बूढाको अर्ती मानेर एक–एक गरेर खसी काट्दै पोल्दै चपाउँदै र एक-एक घान खट्टे एक-एक मुठी भिक्दै बुकाउँदै जाँदा सबै सकिएछ ।

त्यसपछि भान्सा उठाएर दुलहीका घरमा जाँदा दुलहीका बाबु छक्क परेछन् र यस्ता साहसीलाई छोरी दिनैपर्छ भनेर छोरी अन्माएर राम्रैसँग विदावारी गरेछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(२०६७ वैशाख १३ गते विष्णुप्रसाद न्यौपानेका नातिको ब्रतबन्धको भोजखाएर बसेका बेला गफ गर्ने क्रममा सुनाएको कथा यहाँ समावेश गरिएको छ ।)

### ३.२.१२ बाह्र वर्ष ससुराली बसेपछि अल्छीको बुद्धि आएको कथा

एकादेशमा एउटा गरिब किसानको परिवार थियो । त्यस घरमा बाबुआमा र छोराबुहारी गरेर ४ जना थिए रे । छोराको भर्खर बिहे भएकाले बुहारी नयाँ दुलही थिई । बाबु चाहिँ आफू गरिब भएका कारण कुनै कुराले पनि पुग्दैनथ्यो र त हरेक दिन कचकच–कचकच गरिरहन्थ्यो । अझै बाबु र छोराका बीचमा सधैँ झगडा भइरहन्थ्यो । आफ्ना बाबुले सधै कराएको करायै दिक्क भएको थियो । यसरी कराउनुको कारण भने छोरा अल्छी थियो, कुनै काम गर्दैनथ्यो अनि खानाचाहिँ मीठो–मीठो खोज्थ्यो ।

एक दिनको कुरा हो, बाबुआमा कसैले थाहा नपाउने गरी छोराचाहिँ बाबुलाई मार्न धारिलो वञ्चरो लिई भऱ्याङमुनि लुकेर बस्यो । बाबुचाहिँ गाउँतिर कतैबाट कचकच–कचकच गर्दै घरमा आइपुगेछ । घरमा केही काम नगरेको, सबै लथालिङ्ग देखेर आमाचाहिँले चिर्को परेको मुख पनि कति कराउन सक्या ? एउटा छोरो छ, भर्खर विवाह गरेकी बुहारी त्यसले पनि के भन्ली भन्ने विचारै नगरी कति कराउने ? छोरा अल्छी छ भन्ने जानेकै छौं नि भनिछ । बरू खाना पाकेको छ, खान आऊ भनिछ । त्यसपछि बूढाले “मेरै लागि कराएको हो ? उसैका लागि भनेको हुँ, छोरो बिग्रेला-भत्केला, जोरी शत्रुको अगाडि लाज मर्नु होला भनेर कराएको ?” भनेछ । एउटा छोरो पनि नभएको बेला पारेर केको भात खाने, खान्न म त छोरो नआई भनेछ । त्यस्तो वचन सुनेर छोराको मनमा दयाभाव पलाएर आएछ । त्यसपछि आफूले लिएको वञ्चरो अलक्क लुकाएर चुप लागेर छोरो बाहिर निस्केछ । फेरि बाबु भने कराउन छाडेनछ । भोलिपल्ट बिहानै ज्योतिष–पण्डितकहाँ गएर मैले ठूलो पाप गरेको छु, त्यसको कटनी कसरी हुन्छ भनेर सोधेछ । पण्डितले -“तिमीले बाबुलाई मार्ने ठूलो षडयन्त्र रचेछौ, त्यसको पापमोचन गर्न १२ बर्ष ससुराली गएर कमारो बन्नुपर्छ ” भनेछ ।

अल्छी केटाले १२ वर्षसम्म ससुराली घरमा गएर अनेक तरहका दुःख-कष्ट सहेर बसेछ । १२ वर्ष पूरा भएपछि ससुरासँग बिदाबादी गरेर निस्कन लाग्दा ज्वाइँ कुनै पनि काम गर्नु भन्दा अगाडि राम्रोसँग विचार पुऱ्याउनु पर्छ । पहिला बाटो हेरेर मात्र पाइला चाल्ने गर्नुपर्छ भनेछ । त्यहाँबाट निस्केर जाँदाजाँदै एउटा गाउँमा बास बस्न पुगेछ । त्यहाँका मानिसहरू दुष्ट

स्वभावका थिए । बेलुकी सुत्नका लागि एउटा कोठा देखाइदिए । कोठामा खाटमाथि तन्ना, झुल ठीकठाक थियो । सुत्नुअघि ससुराले भनेको कुरा झल्याँस्स सम्झेर खाटको डसना पल्टाएर हेरेको त मसिनो धागो मात्र जेलिएको खाट रहेछ र त्यसमुनि एउटा खाल्डोमा आगोको भुङ्ग्रो दन्किरहेको पो रहेछ । त्यो देख्नसाथ ऊ झसङ्ग भएर आत्तियो । कुनै कुराको वास्तै नगरी सुतेको भए यहीँ मरिने रहेछ भन्ने लाग्यो । त्यसदिन त्यहाँको खतराबाट उम्केर ऊ बाटो लाग्यो । जाँदा-जाँदा ऊ फेरि अर्कै गाउँमा बास माग्न पुग्यो । उसले बास मागेको घरमा आमा-छोरी मात्रै रहेछन् । राजाकी छोरी बिरामी हुनाले त्यस गाउँबाट एकजना पालो कुर्न जाने गरेका रहेछन् । त्यसदिन उसले बास मागेकै घरको पालो परेको रहेछ । घरबूढीले त्यस युवकलाई वास दिन्छु तर आफू आज मर्ने हुनाले तपाईले मेरी छोरीसँग बिहे गर्नुपर्छ भनिछन् । केटोले त्यो मानेनन् । बरू बूढीमाऊको सट्टा आफै राजाको दरबारमा छोरी कुर्न गइदिने कुरा गऱ्यो । बूढीले पनि ठीकै छ भनी । जाँदा-जाँदा ऊ अबेर राजाको दरबारमा पुग्यो । त्यहाँ उसलाई देखेर पाले-पहराहरूले दरबारमा आउनाको कारण सोधे । उसले राजकुमारीलाई कुर्न आएको बतायो । उसलाई राजकुमारी बिरामी भएर सुतेको कोठामा पुऱ्याइयो । त्यसपछि बिरामीको जिम्मा लगाई सबै आ–आफ्नो बाटो लागे ।

बिरामी कोठामा हरेक रात एउटा अनौठो घटना घट्दो रहेछ । बिरामी निदाएको बेलामा बिरामीको नाकको प्वालबाट रौँ जस्तो कुनै वस्तु निस्केर बिस्तारै बढ्दै गएर त्यसले बिरामीको कुरूवालाई डसेर पुनः बिरामीकै नाकको प्वालमा पस्दो रहेछ । यसरी हरेक दिन जसको बिरामीको कुर्न पालो परेको छ ऊ सुतेको ठाउँमै डसेर मर्दो रहेछ । बिहान भएपछि घारो, कात्रो ल्याएर घाटमा लगी दाह संस्कार गरिने रहेछ । त्यसैले त्यहाँ हरेक रात बिरामी कुरूवा नयाँ भर्ना हुने रहेछ । अल्छी बटुवा बिरामी कुर्न गएको दिनमा पनि बिरामीको नाकको प्वालबाट मसिनो धागो जस्तो वस्तु निस्किएर ठूलो हुँदै आयो । ससुराले रात्रिमा जाग्रम भनेको सम्झेर ऊ सुतेको थिएन । जब त्यो वस्तु आफूतिर आयो तव उसले आफूसँग भएको धारिलो हतियारले हानेर टुक्रा-टुक्रा पारिदियो । भोलिपल्ट बिहानै मलामीहरू घारो, कात्रो लिएर लास उठाउन आए तर बिरामी कुरूवा कौसीमा निस्केर यताउता हेर्दै थियो । मलामीहरूले बिरामी कुरूवा जिउँदै देखेर घारो, कात्रो लुकाए । राजकुमारीलाई बिरामी बनाउने जीव पनि मरेको र बिरामी कुरूवा पनि बाँचेको हुनाले सबै जना खुसी भए । उनीहरूलाई दैनिक लास जलाउनु पर्ने झन्झट पनि भएन । बिरामी राजकुमारीको शरीर हल्का भएकाले यताउति गर्न थालिन् ।

बिरामी कुरूवाको यस्तो चलाखी र पराक्रम देखेर राजा पनि खुसी भए । आफ्नो छोरीको व्यथा निको पारिदिएकोले राजाले त्यहीँ बिरामी कुरूवालाई आफ्नो छोरीसँग बिहे गरी दिनुको साथै आधा राज्य पनि दिए । उता त्यो अल्छी बटुवाले बास मागेको घरकी बूढी पनि बटुवाले आफ्नो जीउ बचाई दिएकाले खुसी हुँदै आफ्नो छोरी त्यसै बटुवालाई टक्राउन गई । अल्छी केटो तीन-तीनवटी पत्नी र प्रशस्त सम्पत्ति पाएकाले आनन्दपूर्वक बस्दो भयो ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(२०६८ असार महिनामा चन्द्रेश्वर ९ का शालिग्राम अधिकारीले मध्यान्ह खाजा खान बसेका बेला गफ गर्ने क्रममा सुनाएको कथा यहाँ समावेश गरिएको छ ।)

### ३.२.१३ लोग्ने मान्छेका मुख नहेर्ने भन्ने केटीको कथा

कुनै एक देशमा राजाका सात भाइ छोराहरू थिए रे । ती सातै भाइको बिहे गर्ने उद्देश्यले केटीहरू खोज्न हिँडेका राजाले सातै जना केटीहरू भएको घरमा पुगेछन् । सबै बिहेको कुरा छिनेर फर्केका राजा खुसीले मख्ख परेछन् तर कान्छो छोराले भने बिहे गर्न मानेनछ । अरू सबै छ भाइ राजकुमारहरूको छ दिदीबहिनी राजकुमारीहरूसँग बिहे भएछ । कान्छो छोरो भने आफ्नो बिहे आफै गर्ने उद्देश्यले केटी खोज्न हिँडेछ । धेरै टाढा पुगेपछि घना जङ्गल आएछ । त्यहाँ एउटा राक्षससँग भेट भएछ । राक्षसले तिमी कहाँ जान लागेका भन्दा केटाले म बिहे गर्न केटी खोज्न जान लागेको भनेर उत्तर दिएछ । त्यसो भए तिमीलाई जस्तोसुकै समस्या परे पनि म समाधान गर्छु भनेर आस्वासन दिएर आ-आफ्नो बाटो लागेछन् ।

राजकुमार जाँदा-जाँदा एउटा ठूलो जङ्गलको बीचमा रहेको एउटा महलमा पुगे । त्यहाँ एउटी केटी बाह्रवर्षसम्म केटाको मुख हेर्दिन भनेर बसेकी रहिछिन् । उनले घरको मूल ढोका बन्द गरेर बसेकी हुँदा राजकुमारले घरको गाह्रो भत्काएर भित्र पसेछ । एक्कासि राजकुमार भित्र पसेको देखेर राजकुमारी रिसले क्रोधित हुँदैं तिमी को हौ ? यहाँ किन आएको ? भन्दा राजकुमारले म तिमीसँग बिहे गर्न आएको भनेछ । यस्तो कुरा सुनेर राजकुमारीले म १२ वर्ष सम्म केटाको मुख नहेर्ने बाचा गरेर बसेकी हुँ तर तिमीले देखाइहाल्यौ भनिछ । यदि तिमी मसँग बिहे गर्ने हो भने बघिनीको दूध लिएर आऊ म त्यसपछि तिमीसँग बिहे गर्छु भनिछ । राजकुमारले पनि जिउँदो बघिनी नै समातेर ल्याएछ । त्यसपछि नदीको पानी ल्याउन भनिछ । राजकुमारले पनि नदी नै ल्याइदिएछ ।

त्यसपछि राजकुमारीका बाबुसँग कुरा गर्न लागेछन् । राजाले पनि नौ मुरी चामलको भात खाने जन्ती लिएर आउन आदेश दिएछ । त्यसपछि राजकुमार सरासर राक्षसकहाँ आएर कुरा बिसाएछ । नौ जना राक्षसहरू जन्ती लिएर बिहे गर्न आएछ । नौ मुरी चामलको भात लगायत अन्य सबै परिकारहरू सकिकन चुला लगाएको ढुङ्गा समेत राक्षसहरूले खाइदिएछन् । त्यसपछि साँच्चिकै केटो लायक रहेछ भनेर राजाले धेरै धेरै धन दौलतका साथ लावा लस्कर अघि लगाई राजकुमारीलाई डोलीमा अन्माएर पठाइदिएछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(प्रस्तुत कथा चन्द्रेश्वर ९ निवासी तोयनाथ अधिकारीले २०६८ असार महिनाको मध्यान्हमा खाजा खान बसेका बेला गफ गर्ने क्रममा सुनाएको कथा यहाँ समावेश गरिएको छ ।)

### ३.२.१४ खोरको बाघ खोरमै थुनिएको कथा

एकादेशमा एउटा गाउँ रहेछ । त्यो गाउँको किसानको एउटा छोरो नेत्र नामको केटो सधै बँसी खेतको गोठमा पराल बोकेर जानुपर्थ्यो रे । एक दिनको कुरो हो बँसी झर्दै गरेको नेत्र गाउ बँसीको बीचमा पर्ने घना जङ्गलमा पुगेछ । त्यहाँ किसानहरूले आफ्ना वस्तु भाउ खाएर दिक्क पारेको बाघलाई खोरमा थुनेका रहेछन् । थुनिएको बाघले केटालाई देखेर बिन्ती गरेछ । बाघले मलाई यो खोरमा लगाएको ढोका खोलिदेऊ भन्दा केटाले मलाई नै खाइदिन्छौं त्यसैले खोल्दिन भनेछ । अनेक बिन्ती गरेर केटोलाई नखाने सर्तनामा गरेको हुँदा केटाले खोरमा थुनिएको बाघलाई ढोका खोलेर छाडिदिएछ ।

नानीको बानी घिऊ खाने भने झैं खोरबाट फुत्कनासाथ एक्कासि केटोलाई झम्टेछ । केटोले अनेक बिन्ती गर्दे पीपललाई सोधेर मलाई खाऊ भनेछ । त्यसपछि एकपटक सोधेर खाउँला नि त भनेर पीपललाई सोध्न दुवै गएछन् । बाघले यो केटालाई खाउँ कि न खाउँ ? भनेर प्रश्न गर्दा मानिस पापी हुन्छन्, मेरो छहारीमा बसेर मेरै वरपर थुक्छन्, जटा काट्छन्, रूखमा चढ्ने निहुँमा मलाई लातीले हान्छन् । त्यसैले यो केटालाई खाए हुन्छ तर एकपटक गंगाजीलाई सोधेर खाऊ भनेछ । त्यसपछि दुवै गंगाजीकोमा गएछन् । बाघले आफू खोरबाट फुत्केदेखि पीपललाई सोधेसम्मको सबै कुरा बताएछ । त्यसपछि गंगाजीले पनि मानिस पापी हुन्छन्, मलाई नै कुल्चिएर नुहाउन आउँछन् । दिसा-पिसाब सिङ्गान खकार सबै मेरै छातीमा

फाल्छन् । अनि भएभरका फोहोर मलाई नै पठाइदिन्छन् । त्यसैले यो केटालाई खाए हुन्छ भनिछ । केही समय सोचेर जे भए पनि एक पटकसँग गाईलाई सोधेर खानु भन्ने आदेश दिइछ ।

बाघ र नेत्रे सरासर गाई कहाँ गएछन् । सबभन्दा पहिला बाघ अगाडि तम्सेर केटालाई खानको लागि पीपललाई सोधेको त्यसपछि गङ्गाजीलाई सोधेको र गङ्गाजीको आदेश अनुसार तिमीलाई सोध्न यहाँ आएका हौँ । त्यसैले अब म यस केटालाई खाउँ कि न खाउँ भनेर गाईसँग सोधेछ । गाईले पनि मानिस पापी हुन्छन् । दूध दिइन्जेल मलाई मीठो- मीठो घाँस कुँडो खुवाउँछन्, राम्रो भकारोमा बाँध्छन् तर दूध थाकेपछि नमीठो-नमीठो घाँस मात्र दिन्छन्, खोले कुँडो पनि दिदैनन् । उल्टै लट्ठीले चुट्छन् । त्यसैले यो केटालाई खाए हुन्थ्यो तर एक पटक मन्त्री जम्मुलाई सोधेर खानू भन्ने आदेश दिइछन् । बाघले जे भए पनि अव एक पटक मन्त्रीलाई सोध्छु त्यसपछि कऱ्याप्प पारेर यसलाई खान्छु भनेर जम्मुकहाँ गएछन् ।

जम्मु मन्त्रीकहाँ गएर सबैसँग सोधेर पाएको जवाफ सुनाएछ । जम्मु मन्त्रीले कुरा बुझिहालेछ र तिमी जस्ता मन्त्रीले कुरा बुझिहालेछौं र तिमी जस्ता बलिया पनि खोरमा थुनिएका थियौ र ? यो हुन सक्तैन भनेछ । त्यसो भए कसरी थुनिएका थियौ त मलाई देखाउन सक्छौ भन्दा आफू बाघले थुनिएको ठाउँ देखाउन गएछ । बाघ ढोकैनेरै पुगेर देखाउँदा अझै मन्त्रीले नपत्याएको हुँदा भित्रै पसेछ । त्यसैबेला मन्त्री जम्मुको पालो पहिले जस्तै गरेर खोरको ढोका लगाई थुनिदिएछ । लौ त बाघ दाइ राम्ररी बस यो बालकलाई नखाऊ भनेर आफ्नो बाटो लागेर सुइँकुच्चा ठोकेछ । केटो नेत्र पनि आफ्नो बाटो लागेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला ।*

(प्रस्तुत कथा शोधार्थी सानो छदाँ बुबाबाट सुनेर चाख लागेको हुँदा पुनः २०६७ असोज १ गते भन्न लगाई लेखेर यहाँ समावेश गरिएको हो ।)

## ३.२.१५ भावीको लेखनी साँचो भएको कथा

एकादेशमा दिलदास नाम गरेका राजा थिए रे । उनले दिनहरू सुखसयलमा बिताइरहेका थिए । साथै उनको दरबारिया संयन्त्र सबै आनन्ददायक नै थियो । रानी, राजकुमार, राजकुमारी सबैजसो दरवारमै रमाउँथे भने राजा दिलदास दिनभरि सिकार खेलेर बेलुकी मात्र दरवारमा सवार गर्थे ।

एकदिनको कुरा हो, राजा सिकार खेल्न त्यो दिन निकै टाढा पुगेछन् । दिनभर सिकार खेल्दा कुनै पनि किसिमको सिकार हात लागेनछ । दरबार फर्कने क्रममा आउँदा आउँदै झमक्क रात परेछ । दरबारमा पुग्न नसकी त्यतै कसैको घरमा बास माग्न पुगेछन् । उनले एउटा अत्यन्त गरिब किसानको घरमा त्यसमा पनि छोरो मान्छे कोही नभएको सुत्केरी आइमाईको घरम बास माग्न पुगेछन् । त्यस घरकी सुत्केरी महिलाले यहाँ बाँस पाइन्न, छोरो मान्छे केही पनि छैनन्, घरमा बस्ने ठाउँ पनि छैन, यस्तो झुपडीमा के वास बस्ने ? बरू अन्यत्र जानुहोस् भनिछ । रात परिसकेकाले अन्यत्र जाने आँट राजाले गरेनछन् । त्यहीँमाथि पनि त्यसदिन त्यो घरमा छैटी परेको रहेछ । जाऊँ भने अँध्यारोमा कता जाऊँ नजाऊँ भने बास मिल्न आटेन भनेर बरू म यहीँ सङ्घारमा सुत्छु भनेछन् ।

मध्यराततिर राजा सुतेको सङ्घारमा कोही आएर ठिङ्ग उभिई बाटो छोड्नुहोस् भित्र जानु छ भने । राजाले तिमी को हौं ? किन यसबेला यहाँ आयौ ? भन्दा म भावी हूँ आज यो घरमा जन्मेको बालकको छ दिन पुग्यो, उसको भाग्य लेख्न आएको हूँ म भन्यो र राजालाई भाग्यको बारेमा जान्ने इच्छा जागेका कारण भावीलाई तिमीले लेखेका कुरा मलाई भन्ने भए भित्र जान दिन्छु नत्र दिन्न भनेछन् । भावीले हुन्छ भनेपछि राजाले भित्र जाने बाटो दिएछन् । भित्र गएर बालकको भाग्य लेखेर फर्कने क्रममा राजाले भावीलाई के लेख्यौं त ? भनेर सोध्दा यो बालकको बिहे दिलदासकी कान्छी छोरीसँग हुनेछ भनेर भनेका मात्र के थिए, राजा झसङ्ग भएछन् । राजाले बाटो छाडेपछि भावी कुलेलम ठोकेछ ।

त्यो रात राजालाई निन्द्रा नै परेनछ । उनको मनमा षड्यन्त्रको जालो उत्पन्न भयो । कुरा के भने यस्तो झुपडीमा बस्ने गरिबको छोरालाई मेरी कान्छी छोरी कसरी दिऊँ ? बरू केही धन- दौलत दिएर यस सुत्केरी आइमाईलाई फकाएर बच्चा हात पार्नुपर्‍यो र त्यसलाई अन्यत्र लगेर मार्नु पर्‍यो । भोलिपल्ट उज्यालो हुने बित्तिकै राजाले सुत्केरी आइमाईलाई म एउटा प्रस्ताव राख्छु भन्दा आइमाईले हुन्छ भनिछ । तपाई यस्तो गरिब हुनुहुन्छ । खानेकुरा केही छैन बरू यो बच्चा मलाई दिनुहोस् । म दरबारमा लगेर राम्ररी पालन पोषण गरिदिन्छु । तपाइँलाई पनि केही पैसा दिन्छु । बालक ठूलो भएपछि राम्रो शिक्षा-दीक्षा दिएर फेरि ल्याइदिन्छु । हेर्नुहोस् सुत्केरीमा स्याहार पुगेन भने त गाडिएको गाडियै भइन्छ भनेर आश्वासन दिएछन् । ती आइमाईले पनि बालकको पालनपोषण पनि हुने, आफूले पनि सुख पाउने ठानेर हुन त हुन्छ तर आज सात दिन मात्र भयो, न्वारन गरेर दिउँला भनेर पठाइछन् । न्वारनको दिन राजा पैसा

लिएर आइपुगेछन् । पहिले पनि केही पैसा छाडेर गएका थिए । पैसा दिएर बच्चा आफ्नो काख-पोल्टामा थापी राजाले यो कुरा कसैलाई नभन्नू नि भनेर त्यहाँबाट हिँडे ।

बालकलाई थाङ्नामा पोको पारेर हिँडेका राजालाई नदीमा फालूँ कि जस्तो लाग्यो नदीमा लैजादा कसैले देख्न सक्छ त्यसैले यस बालकलाई यतै कतै झाँडीमा लुकाएर छाडेमा त्यसै मर्नेछ भन्ठानेर सिस्नाको गाँजमा लगेर अलक्क राखेछन् । राजाले छाडेर गएपछि त्यो बच्चा च्याँ-च्याँ गरेर रोएको एउटा बटुवाले भेट्टायो । झाडीमा के रहेछ भनेर यसो हेर्दा त बच्चा पो रहेछ भनेर त्यसलाई उठाएर आफ्नो घरमा लग्यो । ऊ निःसन्तान भएकाले घरमा त्यस्तो सुन्दर बच्चा ल्याउँदा छुट्टै किसिमको रौनक छायो । बालकलाई फलफूलको रस र गाईको दूध पिलाएर हुर्काए । असल हेरचाह र उपयुक्त पोषण पाएर बालक हलक्क बढ्न थाल्यो । यस्तै क्रममा धेरै वर्षहरू बिते । संयोगवस एकदिन दिलदस राजा पनि घुमदै फिर्दै त्यही घरमा आइपुगेछन् । पहिला त्यो घरमा कोही बालक नभएको देखेका राजाले एकाएक हुर्केको केटो देख्दा अचम्मित त भए नै । तैपनि केही सोध्नुपर्‍यो भनेर सोधनी गरेछन् । यो बालक को हो ? कहाँबाट ल्यायौ ? भन्दा ती दम्पतिले डुल्दै जाँदा सिस्नोको झाडीमा थाङ्नामा फालिराखेको र रोइरहेको अवस्थामा फेला पारेर ल्याइयो अनि हाम्रा कुनै सन्तान नभएकाले राम्रो पालनपोषण गरेर हुर्काइयो भनेछन् । यति कुरा सुनेपछि राजाको मनमा चिसो पसेछ । अझ तिथि-मिति र ठाउँ थलोसमेत बताए पछि आफूले छाडेको कुरामा पक्का विश्वास भयो । आफूले मार्न खोजेको बालक त अझै जीवितै रहेछ । यसलाई मार्ने अझै षडन्यत्र गर्नु पर्‍यो भनेर राजा फेरि त्यो बालकलाई जागिर लगाइदिने बहानामा दरबारमा लैजाने योजना बनाए । आफ्नो धर्मपुत्रले जागिर खाएर आयो भने छ झन् बुढेसकालको साहारा पनि हुने भयो भनेर ती बटुवा दम्पति मख्ख परे । राजाले केटोलाई लिएर दरबारतिर लागे । दरबारतिर लगे पछि एउटा सार्कीलाई राम्रो किसिमको जुत्ता सिलाउन आदेश दिए । त्यसदिन यो जुत्ता दिन भोलि बिहान ठीक १०.०० बजे एउटा केटो आउँछ । त्यस केटालाई जुत्ता लगाएर हेर्न लगाउनू र हेर्न लाग्दा निहुँरिएको हुन्छ त्यसैबखतमा खड्कले दुई टुक्रा पारिदिनू भन्ने आदेश दिए ।

भोलिपल्ट बिहान त्यस केटालाई सार्कीकहाँ राम्रो खालको जुत्ता अडर गरेको छ, ठीक १०.०० बजे गएर लिएर आउनु भने । यो कुरा तल्लो कोठामा बसेको राजकुमारले सुनिरहेको थियो । असल खालको जुत्ता त्यो केटालाई दिनु भन्दा अगाडि आफै गएर लिनपर्‍यो भन्ने विचार भयो । राजकुमार केटो भन्दा १० मिनेट अगाडि पुगेर जुत्ता माग्यो । सार्कीले पनि राजाले भनेजस्तै गरेर जुत्ता लगाएर निहुरिएको बेलामा छप्कायो । त्यसको ५ मिनेटपछि केटो पुग्दा त

त्यस्तो घटना घटेको देख्यो । त्यतिखेर राजाको षड्यन्त्रको पर्दाफास भयो र दगुरेर राजाकहाँ खबर पुऱ्यायो । राजाले आफ्नै छोराको विभत्स हत्या देखेपछि देवले पनि यस्तै गर्दा रहेछन् । छैठौं दिनमा भावीले लेखेको नमेटिने रहेछ भनी आफ्नी कान्छी छोरी त्यही केटालाई दिई प्रशस्त धन–दौलत दिएर नपुगी आधा राज्य नै दिएर राखेछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला*

(प्रस्तुत कथा शोधार्थी सानो छदाँ आमाबाट सुनेर चाख लागेको हुँदा पुनः २०६७ असोज १० गते भन्न लगाई लेखेर यहाँ समावेश गरिएको छ ।)

## ३.२.१६ राक्षस अन्त्य गर्ने बहादुर राजाको कथा

एकादेशमा रणसिंह नामका राजा थिए । उनकी चारवटी रानी हुँदा पनि सन्तान भएनन् । त्यसैले उनी निकै चिन्तित थिए । राजाको चिन्ताको विषय राजाको मन्त्री, बैठके र विश्वकर्मालाई थाहा थियो । राजाको चिन्ता हरण गर्न एक दिन तिनीहरूले राजालाई लिएर घना जङ्लतिर सयर गर्न लागेछन् । जङ्गली जनावरहरूको डर हुने हुँदा बेलुकीको खानपिन पछि पहिले विश्वकर्मा, दोस्रो पटक बैठके, तेस्रो पटक मन्त्री र चौथो पटक राजा आफै पहरेदार बन्ने वाचा बाधी निन्द्रदेवीको तरखरमा लागेछन् ।

पहिले विश्वकर्मा पहरेदार बस्यो । त्यसपछि उसको पालो सकिएको हुँदा बैठके पहरेदार बस्यो । तेस्रो पटक मन्त्रीको पालो आयो । मन्त्रीको पालो सकिएपछि पहरेदारको पालो राजाको आयो । आफ्नो पालो सकिएकोले मन्त्रीले राजालाई बोलाएर सुत्न गएछ । तिनै जनाको पालोमा कुनै किसिमको बिध्नबाधा आएन तर राजाको पालोमा भने निकै टाढा देखि घस्रयाङ-घुस्रयाङ गर्दै केही चीज अगाडि बढेजस्तो लाग्यो । राजा पनि धनुर्वाण तयारी अवस्थामा राखेर बसिराखे । त्यो आवाज झन् ठूलो आवाजका साथ अगाडि बढ्यो । राजाले पनि रातको समय भएकाले केही विचारै नगरी धनुर्वाण छोडे । सधैजसो राजाले छोडेको वाँण पुनः ठोक्रोमा फर्कन्थ्यो तर त्यस पटक भने फर्केन । कुरा के रहेछ भनेर हेर्न जाँदा राजा आफैँ मुर्छा परे । कुरा के रहेछ भने उनका सन्तान नभएकाले एउटा हात्तीलाई छोरो सरह गरेर असाध्यै राम्ररी पालेका थिए । राजा घरबाट निस्केपछि हात्तीले पिछा गरेर आएको रहेछ । राजाले वाँण छोड्दा त्यसै हात्तीको दायाँपेटमा लागेछ । हात्ती पछारिँदा वाँण चेपिएर ठोक्रोमा नगएको रहेछ । राजाले

यो विभत्स अवस्था देखेर सहन नसकी मुर्छा परे । राजाले हात्तीलाई अंगालो हालेर मेरो बाबु भनेर सुम्सुम्याउँदा सुम्सुम्याउँदै हात्तीको तातोले भुसुक्क निदाए ।

भोलिपल्ट उज्याले भएर घाम लाग्दा समेत अरू तीनजना निदाइरहेछन् । उठेर हेर्दा त राजा रहेनछन् । पक्कै पनि राजा सिकार खेल्न गएका होलान् भनेर खाना पकाएर खाइवरी राजाको भाग दुना, बोहोतामा छोपेर राखिदिए । कागजको टुक्रामा 'राजा हामीले खायौ' भनेर लेखे र त्यसलाई रूखमा टाँसिदिए अनि उनीहरू सिकारको खोजीमा हिँडे । राजा पनि आएर हेर्दा खानेकुरा रहेछ त्यो खाए र रूखको एक छेउमा टाँसेको कागज हेर्दा उनीहरू हिँडेछन् भनेर आफू पनि बाटो लागे ।

उता विश्वकर्मा, बैठके र मन्त्रीहरू जाँदा  जाँदा एउटा चौबाटोमा पुगेछन् । यहाँ त राजा पछि-पछि आएको भए अल्मिन सक्छन् भनेर एउटा सूचना लेखेर टाँस्ने विचार गरे । सूचनामा "काँतर छौं  भने रणसिंह राजा लोहारपुरको बाटो जाऊ, मूर्ख छौ भने रणसिंह राजा हामी पछि आऊ" भनेर एउटा ठूलो सालको रूखको बायाँपट्टि भागमा टाँसेछन् । मन्त्री पहरेदार र विश्वकर्माले राजा काँतर नबनी आफ्नो पछि आउलान् भनेर त्यसो गरेका थिए भने त्यहाँका गोठालाहरूले त्यस्तो सूचना पढेर त्यसको ठीक उल्टो बनाएर "काँतर छौ भने रणसिंह राजा हामी पछि आऊ, मूर्ख छौ भने रणसिंह राजा लोहारपुरको बाटो जाऊ" भन्ने बनाएर टाँसिदिएछन् । राजा त्यहाँ आइपुगे र रूखमा टाँसेको सूचना पढ्दा आफूलाई के काँतर बनाउनु त बरू मूर्ख बन्नै ठीक छ भनेर लोहारपुरको बाटो लागे । यसरी गोठालाहरूले राजा र उनका आसेपासेबीच बिछोड गराइ दिए ।

बिछोड भएका राजा जाँदा-जाँदा एउटा घना जङ्गलको बीचमा पुगे । त्यहाँ एउटा सुन्दर महल रहेछ । महल यति सुन्दर छ भने यहाँका मानिस कति सुन्दर होलान् भन्ने राजालाई लाग्यो । राजाले त्यो महलको माथितिर हेरिरहे । दैवसंयोग के हुन गयो भने त्यस महलको सातौं चोटामा बसेर कपाल कोरिरहेकी एक परम् सुन्दरी राजकुमारीको सुनको काँइयो झ्यालबाट फुत्त तल खस्यो । राजाले पनि काँइयो उठाएर माथि हेरे । माथि हेर्दा एउटी परम सुन्दरी माथिबाट त्यो काँइयो मेरो हो मलाई लेऊ भनी राजा ती सुन्दरीको कोठामा पुगे । ती सुन्दरीले तिमी को हौ ? कहाँबाट आयौ ? भन्दा राजाले, "म विजयपुर राज्यको राजा हुँ " भने । त्यसपछि ती  सुन्दरीले यहाँ खतरा छ भनिन् । राजाले स्पष्टीकरण माग्दा ती सुन्दरीले भनिन् "मेरा पितामाता, दाजुभाइ दिदी-बहिनी भरिभराउ थिए, यहाँको राक्षसले सबैलाई मारेर

खाइदियो । म अत्यन्त राम्री भएकाले माया गरेर राख्यो ।" उसले अरू मान्छे आएको थाहा पायो भने गन्धले पनि थाहा पाउँछ । अनि खोजेर खाई हाल्छ भनेर ती केटीले राजालाई सुनाइन् । दिनभरि वनमा डुल्न जान्छ, बेलुकी आएर नौ मुरी फलामको चिउरा र एउटा पोखरीको पानी सिनित्त पारेर सुत्छ भनिन् । उसो भए दिनभरि मीठा मीठा गफ गरेर बसौं राति उसले थाहा नपाउने कोठामा थुनिदेऊ म त्यहीँ बस्छु भनेर राजाले भन्यो । सुन्दरीमा पनि जवान केटाको आशा बढेर आएको हुँदा मख्ख परेर सहमति जनाउन पुगिन् ।

दिन बित्दै गए । उनीहरूको एकआपसमा प्रेम सम्बन्ध बढेर गयो । एक दिन राजाले त्यो राक्षसको मृत्यु कहाँ छ ? भनेर सुन्दरीलाई सोध्न लगाए । राक्षस राति आएर आन्नदसँग बसेको बेलामा सुन्दरी सुँक्क सुँक्क गरेर रूँदै अघिल्तिर पल्टिइन् । किन रोएकी ! भनेर राक्षसले सोध्दा मलाई अरू त पीर थिएन एउटा पीर लाग्यो, त्यो के भने हजुर छउन्जेल त यसरी बस्छु तर हजुर मरेपछि मलाई कसले माया गर्छ ? भनिन् । यस्तो कुरा सुनेर राक्षसले म हजार वर्ष बाँच्छु पीर लिन पर्दैन भन्यो । त्यसो भए तपाइँको काल कहाँ छ भन्दा राक्षसले "यहाँबाट दश हजार कोस टाढा एउटा विशाल खम्बा छ जसले त्यो खम्बालाई एक सर वाँण हानेर फुटाल्छ, तब म मर्छु । त्यस खम्बाबाट नाना किसिमका जीव-जन्तु निस्कन्छन् र खानेकुरा माग्छन् । तिनीहरूले जे जे माग्छन् दिनु पर्छ ।" यति भनेर राक्षस उठेर गयो र राजकुमारी पनि सुतिन् । भोलिपल्ट बिहान जव राक्षस उठेर गयो तब उनले राजा थुनेको कोठा खोलिदिइन् । राजाले राजकुमारीसँग राक्षसको मृत्युबारे जान्ने इच्छा प्रकट गरे । सुन्दरीले रातिको सबै कुरा बेलिबिस्तार लगाइन् । राजा पनि स्फटिकको खम्बा चूर्ण गराउन बाटो लागे । राजासँग उड्ने पेरङ्गो रहेछ । उनी त्यसमा बसेर दशहजार कोस टाढा रहेको स्फटिकको खम्बामा पुगेर सर खैंचेर वाँण छाडे र खम्वा चूर्ण भयो । त्यसबाट अरिङ्गाल, सर्प बिच्छी, खजुरो आदि जीव निस्केर खाने कुरा मागे । राजाले पनि सबै कुरा पूरा गराएर त्यहाँबाट दरबारतिर लागे । राजा दरबारमा नपुग्दै राक्षसले संसार छाडिसकेको थियो । अब राजाले विधिपूर्वक सुन्दरी राजकुमारीसँग बिहे गरेर रहँदा भए ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला*

(प्रस्तुत कथा धुसेनी ९ निवासी आदरणीय दाजु दामोदर अधिकारीले गफ गर्ने क्रममा सुनाउनु भएको हो ।)

### ३.२.१७ एक्लै जङ्गलमा बास बस्दाको कथा

एकादेशमा धनबीरे नामको एउटा सिकारी दिनभरि सिकार खेलेर बेलुकी त्यतै वरपरका गोठहरूमा गएर बास बस्ने गर्थ्यो रे । एक दिनको कुरा हो । सधैं झै सिकार खेल्न गएको धनबीरेले त्यो दिन कुनै पनि सिकार पाउन सकेनछ । कुनै पनि सिकार नलिई त्यसै के फर्कने भनेर बेलुकीसम्म सिमेलीको लेकमा डुली रहेछ । सिमेलीको लेकमा जान लिपेको डाँडो काटेर ओरालो लाग्नु पर्थ्यो । फर्कदा फेरि त्यही उकालो चढ्न २-३ घण्टा लाग्थ्यो नै । बेलुकी पख सिकारीले एउटा थार मारेछ । सबै मासु काटेर जाबोमा राख्दा झमक्कै रात परेछ । यसबेला डाँडापरिको गोठमा पुगेर बास बस्न सकिन्न । त्यसैले यही रूखमा चढेर बस्नु पऱ्यो भनेर रूखमा चढेर एउटा कापोमा आफूलाई डोरीले राम्ररी बाँधेर बसेछ । राति अबेरसम्म कुनै किसिमको आवाज आएन । जब रातिको १२.०० बजे तिरको समय आयो त्यतिखेर कतैबाट कल्याङ-कुलुङको आवाज आयो । यताउति बुटाहरू हल्लाए जस्तो भयो । अझ नजिकै दुई जना एकापसमा कुरा गरे जस्तो सुनियो । आँखा खोलेर त्यो सिकारीले हेर्ने प्रयास गर्दा मान्छे जस्तो हिँडेको देख्यो । एउटा चाहि तेरो गोरूले मेरो बारीको तोरी खायो होला भन्दो रहेछ । सिकारीलाई यस्तो सुनसान लेकमा कहाँको गोरू आयो होला ! खेतबारी नै नभएको ठाउँमा के को तोरी हुँदो हो र तोरी खायो होला भन्ने लागेछ । अझ नजिक आएर कुरा गर्न लाग्दा त सिकारीलाई अझै डर लागेछ ।

ती दुई जना झनै सिकारी चढेकै रूखको फेदमा आएर हत्तेरिका गोरू त यहीँ पो मारेको रहेछ भनेर एउटा कराउन लागेको के थियो अर्को पनि त्यहीँ आइपुग्यो । ती दुबै हिमालमा बस्ने यति रहेछन् । एउटा यतिले भन्यो- "गोली लाग्ने बित्तिकै त्यहीँ तलको अजम्बरीको पात खाएको भए त मर्ने थिएन नि ।" अर्कोले भन्यो- "अब सन्जीवनीको बुटी छोएर यसको मासु जम्मा पारेर भए पनि बचाउनु पऱ्यो । यस्तो सुन्दा सिकारीको आङ ढक्क फुलेर आयो र डरायो तर आत्तिएन । तिनीहरू दुवै मासु खोजेर जम्मा गर्नु पऱ्यो अनि बचाउनु पऱ्यो भन्दा त सिकारी झन् डरायो । तिनीहरूले मासु खोज्दै जाँदा धेरै जसो मासु त ऊ माथि रूखमा पो रहेछ भनेर देखाए । एउटा रूख चढ्न के खोजेको थियो अर्कोले रूख नजाऊ त्यहाँ त मनुष्य पो रहेछ, त्यसलाई केही गर्न सकिन्न, त्यसमा पनि गोरूको मासु त ६४ वटा झ्याल भएको जाली भित्र छ । त्यहाँबाट झिक्न सकिन्न भनेछ । त्यसपछि ती यतिहरू आ-आफ्नो बाटो लागेछन् । त्यो रात आँखा झिमिक्क नगरी सिकारी बसिरहेछ । भोलिपल्ट उज्यालो हुनासाथ थारको मासु जाबोमा राखेर आफ्नो बाटो लागेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरुन्त मुखमा आइजाला*

(२०६७ सालको तीजको दिन मेला लागेको बेला साथी–साथीबीच रमाइलो गर्ने क्रममा सिन्दुरे ४ निवासी मानबहादुर गुरूङले सुनाउनु भएको कथा पुनर्लेखन गरी यहाँ समावेश गरिएको छ ।)

## ३.२.१८ चोर मितलाई तह लगाएको कथा

एकादेशको बेसीँ खेतमा हिँउदमा खेत मल्न गोठ बस्नु पर्ने तर मसानघाट नजिकै भएका कारण डर पनि उत्तिकै लाग्ने यहीँ कुरालाई मध्यनजर राखेर सिलपति नामको गोठालोले राँकेभूतसँग मितेरी लगाएछ । दिनभरि वस्तु हेर्ने, दाउरा घाँस गर्ने अनि बेलुकी खाना खाएपछि मित राँकेभूत गफ गर्न सिलपति गोठालोकहाँ आउँथ्यो र मीठा-मीठा गफ गरेर राति खोलातिर जान्थ्यो । गोठालो सिलपति भने दिउँसोको खाजा कनिकाको पुवा बनाएर घरबाट पठाइदिएका हुन्थे, त्यहीँ खाने गर्थ्यो ।

एकदिन राँकेभूत दिउँसै मितको गोठमा आएछ । मित भने वस्तु हेर्न अन्यत्र गएको रहेछ । यसो हेर्दा पुवा देखेर कस्तो हुदो रहेछ भनेर अलिकति खाएको त बडो मीठो लाग्यो । अनि त्यसपछि सिनित्तै पारेर हिडेँछ । एवं रीतले दिउँसो दिउँसो आएर पुवा चोरेर खाने अनि बेलुकी बेलुकी गोठमा गफ गर्न आउने रहेछ । यता सिलपति हरेक दिन आफ्नो खाजा चोरी भएर भोकै रहनु पर्दा दिक्क भएछ । एक दिन त पुवा चोर्ने मान्छे चिन्नु पर्‍यो भनेर वस्तुभाउ फुकाएर अलि पर पुर्‍याएर फर्केर आई लुकेर बसेछ । एकैछिनमा राँकेभूत लुसुक्क आएर पुवा खाएर भागेछ । पुवा चोर्ने  मेरै मित पो रहेछन् भनेर अब यसलाई लखेट्नु पर्‍यो भन्ने जुक्ति निकाल्न थालेछ ।

एक दिन राति सिलपतिले एउटा कचौरामा तेल अर्को कचौरामा सल्लाको खोटो राखेछ । बेलुकी मित आएपछि नाङ्गो भएर कति सन्चो भएको भन्दै तेल दल्न थालेछ । गोठालोले भूतपट्टि फर्के भन्न थालेछ । “ विचराको जीउ चिसोले कति करकर खाँदो हो सँधै पानीमा बस्छन् ।” भूतले पनि सही थप्दै हो त नि मितज्यू, मेरो त जीउ खाइसक्यो, चिसोले, बरू म पनि तेल दलूँ न । गोठालाले सल्लोको खोटो दल्न दिएछ । भूतले पनि मजाले खोटो दलेछ । सिलपति गोठालाले आफ्नो शरीरमा चिल्लो लाग्यो कि लागेन भनेर बलेको अगुल्टोले जीउमा हेरेछ । त्यही समयमा मेरो जीउमा पनि हेर्नोस् न मितज्यू भनेर भूतले गोठालालाई भनेछ ।

सिलपतिले पनि अब भूत लखेट्ने मौका यही हो भन्नठानेर भूतको भुत्ला पोलोस् भनेर बलेको अगुल्टोले हेरेको झैं गरी चुत्त छोइदिएछन् । सल्लोको खोटो दलेको हुनाले भूतको भुत्लाहरू बल्न थाल्यो । भूत आत्तिएर दौडिँयो । दौडँदा त झन् हुरहुर भएर दन्कियो अनि भूतको सातो गयो र अत्तिएर बुर्लुक बुर्लुक उफ्रँदै ढापे गराहरूमा दलिँदै दलिँदै नदीमा गएर हाम्फालेछ । त्यस दिनदेखि कहिल्यै कसैको गोठमा पनि भूत आउन छाडेछ  र गोठालाहरू ढुक्कले बसेछन् ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*

*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला*

(२०६८ साल बैशाख ३ गते सानो बुबाको मृत्युमा मलामी भई फर्कदा धुसेनी ९ निवासी आदरणीय दाजु दामोदर अधिकारीले बाटो काट्ने क्रममा सुनाउनुभएको हो ।)

## ३.२.१९ गोठालो बूढाले तन्नेरी केटासँग बिहे गरेको कथा

लमजुङ जिल्लाको कुनै ठाउँमा एउटा धिताल थर भएको बूढो सधैं सधैं भैंसी गोठमा बस्थ्यो रे । उसका जहान परिवार कोही पनि थिएनन् । वर्षायाममा माथि लेकको माडी, खहरेतिर गोठ पुऱ्याएर बस्दथ्यो भने हिँउद लागेपछि तलतल बँसीसम्म गोठ पुऱ्याएर वस्तुभाउलाई पराल खुवाउने गर्थ्यो रे । धिताल बूढो अत्यन्त डाइलो थियो । कसैलाई केही दिँदैनथ्यो । यस्तो बूढाको स्वभाव देखेर एक दिन उसैका आसपासका गोठालाहरूले बूढालाई झुक्काएर खीर खाने योजना बनाएछन् ।

सधैं झैं धिताल बूढो वस्तुभाउ बाँधेर पानी-दाउरा जम्मा गरी भात पकाउन लागेको मात्र के थियो एउटा गोठालो आएर फकाउन थालेछ र भनेछ- "हेर तिमीले अहिलेसम्म पनि बिहे गरेका छैनौ । बिहे गरेर एउटी श्रीमती ल्याएको भए आधा धन्दा उसले गर्थी । पानी ल्याउने, भात पकाउने अनि खान दिएपछि ती जुठा भाँड माझ्ने उसैले गर्थी । त्यति मात्र हो र ! सुत्ने बेलामा ओछ्यान पनि लगाउँथी । फेरि श्रीमतीको साथमा रम्न-रमाउन पाउनु अर्कै भाग्यको कुरा हो ।" यति भनेर धितालालाई रतिरागात्मक सुखमा लिप्त हुन उत्तेजित गरेछ । हो क्यारे भनेर गोठालो धितालले उसो भए एउटी केटी खोजी देओ न त भनेछ । गोठालो धितालको यति कुरा सुनेपछि फकाउन आएको गोठालो मख्खै परेछ । तिमीले हुन्छ भन्छौ भने म केटी खोजिदिन्छु तर मैले भनेको मान्नुपर्छ भनेछ । धितालले त्यसो भए मैले के गर्नुपऱ्यो त ? भनेर सोधेछ । उसो भए मान्छौ हैन त ? भन्दा मान्छु भनेछ ।

सबभन्दा पहिले अस्ति बेचेको अलिकति भैंसीका पैसा छन् त्यो मलाई देऊ म लुगा किनेर ल्याउँछु । त्यसपछि तिमी चाहिँ मीठो बनाएर खीर पकाइ राख । नयाँ दुलही अलि खान नपाएकी छ खान पाउँदा मख्खै परेर लोभिन्छे । अनि केटीका साथमा हामी ५-६ जना पनि आउँछौं भनेछ र गोठबाट हिँडेछ । बूढाले भदालाभरि खीर पकाएर राखेछ । उता अर्को गोठाले भने पाँच छ जना आफूहरू मध्येको हाँसो खप्न पनि सक्ने र ठिटोबिटो खालको चाहिँलाई दुलहीले लगाउने लुगा पहिऱ्याएर दुलही जस्तै बनाएछन् । उसलाई मसिनो बोल्ने र लाज माने जस्तो गर्न पनि सिकाएछन् । त्यसपछि रातिको १०:०० बजेतिर धिताल बूढाको गोठमा लिएर गएछन् । गोठमा अरू सबै भित्र पसेछन् तर दुलही भने बाहिरै बसिरहिछ । दुलही भित्र किन नआएकी भन्दा असाध्यै लाज मान्छे भनेछन् । अब खीर खाउँ त भन्दा दुलहीको भाग त बाहिरै लगिदिउँ यहाँ लाज मान्छे भनेछन् । कारण भन्दा खान लाग्दा आफ्नो जुँगेमुठे अनुहार देखिन्छ कि भन्ने पनि थियो । सबै मिलेर खीर खाए । त्यस पछि दुलही लाज मान्ने भएकाले कुनापट्टि सुत्छिन् तिमी छेउपट्टि सुत भनेर अरू सबै खीर खाएर हिँडेछन् ।

कुनामा सुतेको जुँगेमुठे दुलहीले मसिनो स्वरमा म...ला...ई...त ....पि...साप..ला...ग्यो...भनिछ । त्यसो भए म लगिदिन्छु भनेर धितालले भन्दा ला...ज...ला...ग्छ..भनिछ । उसो भए जाऊ त एक्लै भनेर आफू सुतिरहेछ । धेरै बेरपछि भित्र किन नआएकी ? भनेर बोलाएछ तर प्रतिउत्तर केही पनि आएनछ । एवं रीतले धेरै पटक बोलाउँदा पनि नआएपछि बाहिर लाजले एक्लै सुतेकी छ कि भनेर हेर्न जाँदा त कुलेलम ठोकिछ । आखिर गोठालो एक्लै रह्यो र खीर छट्टुहरूले खाएर गए ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला*

(प्रस्तुत कथा सोधकार्यका लागि कथा संकलन गर्ने क्रममा दुराडाँडा ५ का सूर्यप्रसाद न्यौपानेको घरमा गई श्रुतिलेखन गरी तयार गरिएको हो ।)

## ३.२.२० टोपीका करण लात र आँप खाएको कथा

एकादेशको धेरैधेरै वर्ष पहिलेको कुरा हो दुईजना २०-२५ वर्षे अति मिल्ने केटाहरू थिए रे । तिनीहरू अत्यन्त अल्छी थिए रे । काम गर्न भनेपछि भुतुक्कै मरिजाने । कहिल्यै घरको काम पनि नगर्ने अनि पढाइलेखाइ पनि नभएका हुनाले सँधैं बरालिएर हिँड्ने गर्थे रे । एक दिनको कुरा हो, सँधैं घरमा काम गरेन भनेर कराउँछन् मात्र, बरू हामी दुवै जना लाहुर जाऔं

भनेर घरबाट निस्केछन् । जाँदाजादै टाढा पुगेर एउटा डाँडाको चौतारोमा बसेछन् । त्यतिखेर सम्ममा घाम अस्ताउन पनि लाग्यो, लाहुर पनि आइपुगेन । बाबाआमा कोही छोराहरू हराए भनेर लिन पनि आएनन् भन्दै मुखा मुख हेर्न थालेछन् ।

धेरैबेरसम्म अकमक्क परेका ती दुई साथीहरू भोकले लखतरान भएछन् । अब के गर्ने ? भनेर बिचार गर्दा एउटाको बिहे भइसकेको थियो भने अर्को चाहिँ अविवाहित नै थियो । अविवाहित केटाले भनेछ- " हेर तेरो ससुराली नजिक छ, त्यहाँ जाऊ, एक छाक त मीठो-मीठो खान पाइन्छ नि । " फेरि विवाहित चाहिँले भनेछ- "मेरो त लुगा पनि सुकिलो-मुकिलो छैन कसरी जाने ?" "उसो भए मेरो कमिज तँ ला, तेरो फाटेको गन्जी म लगाउछु । " भनेछ र अविवाहित केटाले भनेछ । सबै लुगाहरू भने जस्तै गरेर साटासाट गरी लगाएछन् । । आखिरमा विवाहित केटाको टोपी थिएन, त्यसैले टोपी पनि मागेर लगाएछ । त्यसपछि " त्यो टोपीको कुरै नगरम् है" भनेछ । तिनीहरू दुबै जना ससुराली घर तर्फ लागेछन् ।

ससुराली घरमा पुगेर पहिले त्यो ज्वाइँभन्दा अगाडि अर्को केटो उभिएछ । ससुरालीमा मान–सम्मानका साथ बस्ने क्रममा ज्वाइँचाहिँलाई बढी सत्कार गरेको देखेर अविवाहित केटालाई इर्ष्या लागेछ । "हेर्नुस् तपाइँका ज्वाइँ त ससुराली नजाऊ भन्थे मैले जोडबलका गरेर ल्याएको " भनेर अघि सरेछ । "किन नआउने नि हाम्रा घरमा ?" भन्दा "उसको त टोपी नै गतिलो थिएन " भनेर सुनाउँदा ज्वाइँचाहिँले आखाँ झिम्क्याउँदै थियो "गन्जी ...... प ..... नि" भनेर के भनेको थियो, ज्वाइँको पालो उठेर एक लात हानेछ । त्यसपछि ज्वाइँ भने आफ्नो ससुराली घरमै बसेछ तर अर्को साथी भने उठेर अन्यत्रै गएछ ।

अन्यत्रै जाने केटो त्यो दिन त्यतै छिमेकीको घरमा गएर बसेछ र अर्को दिन मधेशतिर झरेछ । अनपढ केटाले के काम पाउँथ्यो र ! सधैँ भारी बोक्ने, कहिले पहाड, कहिले मधेस गर्ने गर्थ्यो रे । एक दिनको कुरा हो, प्रशस्त किराना पसलको भारी बोकेर आउँदा जेठ मासका घामले पसिनाले निथ्रुक्क भिजेछ । एकछिन आँपको छहारीमा शीतल हावा खानु पऱ्यो भनेर भारी बिसाएर बसेछ । माथि रूखतिर हेरेको त आँप फतक्क पाकेका रहेछन् । फेरि त्यहीँ प्रशस्त बाँदरहरू पनि आँप खाइरहेका रहेछन् । एउटा ढाडे बाँदरले उसको टाउको मा लगाएको टोपी झिकेर लगेछ । अब - के गरूँ के गरूँ भएर एउटा ढुङ्गो टिपेर हिर्काएछ । बाँदरले पनि एउटा आँपको दानाले हिर्काएछ । यसो हेरेको त पाकेका आँप रहेछ । त्यो आँप टिपेर खाएछ । आँपको स्वाद पाएको केटाले के गरूँ के गरूँ भएर विचार गर्दा टोपी लैजाँदा आँपले हिर्कायो

भने लगाएको लुगै फाल्दा के गर्दो रहेछ हेर्नुपऱ्यो भनेर लुगा फुकालेर फालेछ । त्यसपछि त बाँदरले पाकेको आँपको हाँगै भाचेर लडाइदिएछ । त्यसैमा उसको टोपी पनि आएछ । आफ्नो लुगा सबै तल खसेछन् । केटाले आँप पनि खान पाएछ र लुगा पनि फिर्ता पाएछ ।

धेरैबेरपछि उसले साथीलाई जस्तै लुगा दिएको थिएँ, उसैको ससुरालीमा बस्ने विचार थियो, त्यसको ख्यालै नगरी टोपी मेरो भन्दा चुटाइ खाएर भाग्नुपऱ्यो । अहिले बाँदरलाई दिएको लुगाले गर्दा आँप खानपाइयो भने साथीलाई दिएको लुगाले कतै मेरो पनि ससुराली घरको जोहो हुन्थ्यो कि भन्दै गल्तीका कारण यस्तो दुःख पाएको हुँ भन्दै भारी बोकेर उकालो लागेछ ।

*भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा*
*बैकुण्ठ जाला, भन्ने बेला तुरून्त मुखमा आइजाला*

(प्रस्तुत कथा शोधकार्यका लागि कथा संकलन गर्ने क्रममा दुराडाँडाका टंकप्रसाद न्यौपानेको घरमै गई श्रुतिलेखन गरी तयार गरिएको हो ।)

# चौथो परिच्छेद

# लमजुङ–दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाको विश्लेषण

## ४.१ लमजुङ-दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाको विश्लेषण

लमजुङ जिल्ला त्यसमा पनि जिल्ला सदरमुकामबाट मध्य दक्षिण पश्चिममा रहेको दुराडाँडा क्षेत्र भन्नाले ६ गाउँ विकास समितिको सेरोफेरोलाई बुझाउँछ । जिल्ला सदरमुकामबाट केही टाढा रहेको यस क्षेत्रमा ब्राह्मण-क्षेत्री र अन्य जातिको घना बस्ती पनि छ । यस क्षेत्रमा शिक्षाको विकास नभएको भन्न नमिले तापनि अनुसन्धानात्मक अध्ययन भने कमै मात्रामा भएको पाइन्छ । यस शोधपत्र तयार पार्दासम्म दुराडाँडा क्षेत्रमा लोकसाहित्यिक अध्ययन-अनुसन्धानको कुनै पनि प्रयास भएको पाइएको छैन । कोही कसैले कतैबाट प्रकाशनको तयारीमा राखेका भए भविष्यले बताउने छ ।

लोककथा समय, स्थान परिस्थिति, वक्ता र श्रोताको रुचि र चाहना अनुरूप परिवर्तन भइरहने एउटा अलगै मूल्य र मान्यता बोकेको गतिशील साहित्य हो । यो हरेक मानिसको जीवन चक्रको यात्रासँगै फैलिँदै गइरहेको हुन्छ । त्यसै गरेर यस शोधपत्र तयार पार्ने सन्र्दभमा पनि यस क्षेत्रमा बसोवास गर्ने मानिसहरूको रहनसहन, भेषभूषा, रीतिरिवाज चालचलन, सामाजिक-परिवेश आदि कुराहरूलाई मध्यनजर राख्दै त्यस क्षेत्रमा बसोवास गर्ने आदरणीय व्यक्तित्वहरूको मुखारविन्दबाट जे उब्जियो त्यसैलाई टपक्क टिपेर नेपाली लोकसाहित्य त्यसमा पनि रोचक र सान्दर्भिक पक्ष मानिने लोककथाको झलक प्रस्तुत गरेर त्यस भूमिको पहिचान गराउन खोजिएको हो । यस्तै-यस्तै मान्यताहरूका आधारमा रहेर लमजुङ जिल्ला अर्न्तगत पर्ने क्षेत्रमा प्रचलित लोककथाहरूलाई वर्गीकरण गरिएको छ ।

यसै सन्र्दभमा लमजुङ जिल्लाको क्षेत्रको सेरोफेरोमा बसोबास गर्ने मानिसहरूका व्यवहार र आचरणलाई केन्द्रमा राखेर त्यस क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण गर्ने प्रयास गरिएको छ । नेपाली लोककथाको वर्गीकरणको सन्र्दभमा तुलसी दिवसको वर्गीकरणले नै नेपाली लोककथाहरूलाई केही मात्रामा समेटेको हुनाले उनैको वर्गीकरणका आधारमा लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाहरूलाई निम्न शीर्षकमा वर्गीकरण गर्ने जमर्को गरिएको छ (पूर्ववत्) ।

१. सामाजिक लोककथाहरू

२. ऐतिहासिक तथा धार्मिक लोककथाहरू

३. मानवीय तथा अतिमानवीय लोककथाहरू

४. अर्तीउपदेश तथा बहादुरीका लोककथाहरू

५. राजपाठसम्बन्धी लोककथाहरू

६. राक्षससम्बन्धी लोककथाहरू

७. हास्य-व्यङ्ग्यका लोककथाहरू

८. विविध खालका लोककथाहरू

## ४.२ कथातत्त्वका आधारमा लमजुङ जिल्ला दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको विश्लेषण

साहित्यका विभिन्न विधाहरूमध्येको एक सशक्त महत्त्वपूर्ण विधाको रूपमा लोककथा रहेको छ । उक्त विधाहरू जस्तै- कविता, नाटक, गीत आदि साहित्यिक विधाभन्दा फरक यस अर्थमा भनिएको छ कि यो त एक वक्ताले अर्को श्रोतालाई भन्दै, सुनाउँदै आएर यसको विकास भएको हो । वास्तवमा भन्ने हो भने लोककथा अशिक्षित र अनपढ ग्रामीण जनसमुदायबाट सुरू हुने हुँदा लोककथामा कुनै साहित्यिक नियमबद्ध सिद्धान्त नहुनु स्वाभाविकै हो । यसो हुँदाहुँदै पनि वर्तमान परिवेशसम्म आइपुग्दा यसका पनि केही आफ्नै आवश्यक तत्त्वहरू भने रहेका हुन्छन् । ती हुन्-कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य भाषा र शैली र अभिप्राय । उल्लिखित तत्वहरूको संयोजनले नै लोककथालाई रोचक र आर्कषणको केन्द्र बनाएको छ । यस अध्ययनको सिलसिलामा सङ्कलन गरिएका लोककथाहरू पनि यी तत्त्वहरूका संयोजनमा सुगठित छन् । यसैले यस शोधपत्रमा लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूलाई यिनै तत्त्वका आधारमा वर्गीकरण गर्ने गरी विश्लेषण गरिएको छ ।

### ४.२.१ सामाजिक लोककथाहरू

#### ४.२.१.१ दाजुभाइको कथा

**(क) कथानक**

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा एउटा गरिव परिवारका दुई फरक-फरक स्वभाव र प्रकृतिका दाजुभाइको वर्णन गरिएको छ । ती दुई दाजुभाइमा दाजु अनपढ र अज्ञानी भए तापनि भाइ पढेलेखेको त्यसमा पनि सरकारी जागिरे भएका कारण पारिवारिक मिलेमोतो खुब देखाइको छ । एउटा भाइले जागिर खाने र अर्को भाइले घरको काम धन्दा गर्ने हुँदा सम्पन्नताको उकालीमा लाग्न सकेको आभाष हुन्छ । एउटा यस्तो उन्नतिशील अवस्था हुँदाहुँदै पनि खराब कीरो फलको दानामा प्रवेश गरेझैं फटाहा छिमेकी सुटक्क पसेर भताभुङ्ग पार्न खोजेको छ । एकपटक असफल भए तापनि अर्कोपटक सफल भएका कारण केही समय दाजुभाइको सम्वन्ध अन्धकारमा रूमल्लिन पुगेको छ । यो नै कथाको मध्यम भाग हो । दाजुको दुवै हात काटिदिने सहरको अर्को कथा फटाहा अझैं कठोर रूपमा उपस्थित भएको छ । दाजुको दुवै हात काटेको घटना सहन नसकी चलाख भाइले केही कष्ट गरेर भए पनि बदला लिएरै छाडेको घटनाले सहरिया सामन्तको धज्जी उडाएको मात्र छैन दुवै हात काटेर अपाङ्ग बनाएको छ । यो नै कथाको घतिलो पक्ष हो । अन्त्यमा दाजुभाइको मेलमिलाप देखाएर कथालाई उचाइमा पुऱ्याएको छ ।

**(ख) पात्र वा चरित्र**

यस लोककथामा प्रस्तुत भएका सबै मानवीय पात्रहरू हुन् । कथाको सुरू देखि अन्तसम्म आउने दाजु र भाइ एक लगनशील र मेहेनती पात्रहरू हुन् भने बीच-बीचमा देखा परेका गाउँले छिमेकी र सहरिया सामन्त फटाहा तथा दुष्ट पात्रका रूपमा आएका छन् । त्यसैगरी सहरीया सामान्तकी श्रीमती साहुनीका रूपमा उपस्थित भएर अन्त्यमा ज्वाइँको पछि-पछि लाग्दा पधेँरामा गुहुले भरिएको घ्याम्पो फुट्दा लाचार हुन पुगेकी छ ।

अन्तमा सामान्तको बदला लिन सफल भाइ बुद्धिमान र बहादुर पात्रका साथै असल नायकको रूपमा देखिएको छ ।

## (ग) परिवेश

यस लोककथाले धेरै ग्रामीण परिवेशको झझल्को दिए तापनि सहरिया जालझेलको प्रस्तुति पनि प्रस्तुत गरेको छ । यसमा खास गरेर भर्खर उन्नति गर्न खोजेको लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा बसोबास गरी रहेका बहुसङ्ख्यक जनमानसहरूका आर्थिक उन्नतिलाई देख्न नसक्ने सीमित फटाहाहरूको टेडो नजरलाई प्रस्तुत गरेको छ ।

## (घ) उद्देश्य

यो लोककथाको मुलभूत उद्देश्य चेतन र अचेतन मनभित्र रहेका भावनाहरूको उजागर गर्नु हो । सरसर्ती हेर्दा यसको उद्देश्य शिक्षामूलक नै हो । शिक्षा आर्जन नगरेको दाजुले खेप्नुपरेको पीडालाई शिक्षा आर्जन गरेको भाइले कसरी मल्हम लगाउने काम गऱ्यो भन्ने कुराहरू देखाउनु नै यस कथाको प्रमुख उद्देश्य रहेको छ । अन्त्यमा सहरकी साहुनीले घ्याम्पोको दिशा पिसाबमा डुब्नु परेको घटनाले श्रोताको मनमस्तिष्कलाई पेट मिचिमिचि हाँस्ने बनाएको छ । त्यस्तै अर्काको हात काटेर मज्जा लिएको सामन्त आफ्नै हात तेर्स्याएर काट्न दिनुपर्दाको पीडा सर्वसाधारणले एउटा ठूलो क्रान्तिपछि शासकले घुँडा टेकेझैं पारेर श्रोत्रालाई अरू थप हँसाउने काम गरेको छ ।

## (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा ठेट नेपाली नै छन् । कहीँ कतै गाउँले परिवेशका शब्दहरू प्रयोग भएका भए पनि सबै बोधगाम्य नै छन् । यो कथा वर्णनात्मक शैलीमा रचिएको छ ।

## (च) अभिप्राय

यस लोककथामा प्रयुक्त घ्याम्पु, पात, बाकस, कचौराको माँड जस्ता शब्द तथा शब्दावलीहरु अभिप्रायको रुपमा आएका छन् र यिनले कथामा विशेष अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् ।

### ४.२.१.२ जुक्तियुक्त फटाहा केटोको कथा

#### (क) कथानक

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा नायकका रूपमा एउटा केटो सुरूदेखि अन्तसम्म उपस्थित भएको छ । यस कथामा आफ्नै बुबाआमालाई झुकानमा पारेर झगडा गर्न उत्तेजित पारेकै कारणले घर छाडेर हिँड्नु परेको छ । छुकछुके बानी व्यबहार भएको केटो घरबाट भागेर आफ्ना काकाकाकीकोमा पुगेर पनि उल्टो-उल्टो काम गर्नपट्टि उद्यत भएको छ । एकपल्ट पल्केको झिल्के घरी-घरी मिल्के भनेझैं काकाकाकीकोबाट पनि चड्कन पाएपछि बाटोमा  एउटी बूढीलाई झुक्याएर उनकी छोरी मात्र लगेन उसले बोका लिएर जादै गर्दा बोको बेचेर पैसा, चौतारो बेचेर पैसा जम्मा गर्न सफल भएको घटना झन रोमाञ्चक बनेको छ । त्यसै गरी उसले हुँदा हुँदै बूढो गोरू, भालु जस्ता जनावर समेत बेच्न पछि नपरेको घटनाले कथाको  मध्यभाग झन् रोचक बनाएको छ । त्यसैगरी धानको कुन्यूँ देखाएर रोटी खादै बास बसेको घरकी बूढीलाई इनारमा घचेटेर आफैं बस्न पुगेको छ । अन्तमा सबै जना उसका झुटा व्यवहारको कारण सजायँ गर्ने उद्देश्यले जम्मा भएका मानिसहरूलाई जादुगरी गरेर भगाउन सफल पारेर कथाको अन्त्य गरिएको छ ।

#### (ख) पात्र वा चरित्र

यस लोककथामा प्रमुख पात्रका रूपमा एउटा केटो उपस्थित भएको छ भने सहायक पात्रका रूपमा बाबु-आमा, काका–काकी, बटुवा बूढी र उनकी छोरी, गाउँलेहरू, दँगेरेहरू, भट्टीवाली बूढी आदि रहेका छन् । त्यसैगरी अमानवीय पात्रका रूपमा बाखाहरू त्यसमा पनि बाखाको पाठो पात्रको रूपमा आएको छ भने बूढो गोरू, भालु आदिको पनि वर्णन गरिएको छ । कथाको अन्त्य भागमा आएकी घरधनी बूढी जसलाई इनारमा घचेटेर केटाले माऱ्यो तिनको दर्दनाक स्थिति पनि उत्तिकै कारूणिक छ । अन्त्यमा केटाले झुक्याउँदै हिँड्ने गरेका सबै पात्रहरूले एकमतो गरी खोजी गर्दै जाँदा सबै जना केटाकै बासस्थानमा पुगेर आफ्नो धन असुल गर्न लाग्दा केटोले चतुऱ्याइँपूर्वक सबैको मलद्धारमा पिना दलेर भगाउन सफल भएबाट थप रोचक बनाउँदै कथाको अन्त्य भएको छ ।

### (ग) परिवेश

यस लोककथाको सबैजसो घटनाहरूको अध्ययन गर्दा यो एक ग्रामीण परिवेशको झलक हो भन्ने लाग्छ । अन्य सहरिया परिवेशमा गाउँले, बटुवा बूढी र उनकी छोरी जसलाई खोला तारिदिने बहानामा भगाउन सफल भएको छ । अर्कातिर रोपाइँ गर्ने कुरा पनि छन् । बाख्रा हेर्ने गोठालाहरूको बयान गरिएको छ । यी सबै घटनाक्रमले गर्दा यो कथा ग्रामीण परिवेशमा घटित घटना हो भन्ने पुष्टि हुन्छ ।

### (घ) उद्देश्य

यस लोक कथाको प्रमुख उद्देश्य श्रोताहरूलाई प्रशस्त मनोरञ्जन प्रदान गरी पेट मिची मिची हँसाउने रहेको छ । यस कथामा एउटा अद्भुत चनाखो केटाको वर्णन भएका कारण एकपछि अर्को घटनाक्रम कसरी अघि बढ्छ भन्नेमा श्रोता उत्सुक भइरहेको आभाष प्रस्तुत हुन्छ । समग्रमा भन्दा यो कथाको उद्देश्य सामाजिक परिवेशको मनोरञ्जानात्मक उत्सुकता उत्पन्न गराउने रहेको प्रष्ट हुन्छ ।

### (ङ) भाषा र शैली

प्रस्तुत लोककथाको भाषा सरल, सरस र बोधगम्य रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा ठेट नेपाली शब्द चयन गरिएको पाइन्छ । कथाको उत्कर्षमा पुग्दा आफ्नो परिचय 'स्याल्मेडाँडो' गाउँ ज्वाइँ मेरो नाउँ' भन्ने  जस्ता टुक्का प्रस्तुत गर्नु, हग्चु भन्ने जस्ता भाषाको प्रयोगले कथालाई उत्कर्षमा पुऱ्याउने खालको भाषाको प्रयोग भएको पाइन्छ । यो कथा वर्णानात्मक शैलीमा लेखिएको छ ।

### (च) अभिप्राय

सुतेको ठाउँमा मुख सुँघ्न र टोक्न आउँनु, प्रशस्त ओढ्ने ओछ्याउँने पाएर पनि नाङ्गै बाख्राको छेउमा गएर सुत्नु, बाख्राले जाडो खाइदिन्छ भन्नु, लुगा-कपडा फल्ने चौतारो हुनु, पैसा हग्ने गोरु, भालु आदि शब्द तथा शब्दावली यस लोककथामा अभिप्रायका रूपमा आई विशेष अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् ।

### ४.२.१.३ आफ्नो मात्रै स्वार्थ पूर्ति गर्ने भान्जाको कथा

#### (क) कथानक

यो कथा पनि सामाजिक घटनामा आधारित भएका कारण सामाजिक लोककथाअन्तर्गत पर्दछ । यस कथामा उल्लिखित पात्र छट्टू भान्जा, उसका दुई लोभी मामाहरू र आफ्नी एउटी आमा छन् । कथामा चुतिया मामाहरूलाई फसाउने दाउमा रहेको भान्जाले पहिले सिक्काहरू खुवाएर पैसा हग्ने भनेर धेरै मूल्यमा हात्ती बेच्न सफल भयो । त्यसैगरी रिसाएर आउने मामाहरूलाई बाँदरको चर्तीकला भनेर बाँदर पनि पैसामा बेच्न सफल भई बीस हजारसम्म ठग्न सफल भएको घटनाले कथालाई मध्यभागको आकर्षणतिर पुऱ्याएको छ । अन्त्यमा बोरामा बाँधेर नदीमा फाल्दा पनि उम्केर आई उल्टै मामाहरूलाई सधैँका लागि नदीमा हुत्याएर लोभले लाभ लाभले विलाप भन्ने उखानलाई चरितार्थ गर्दै कथाको अन्त्य भएको छ ।

#### (ख) पात्र वा चरित्र

यस लोक कथामा प्रमुख पात्र वा नायकको रूपमा भान्जा रहेको छ भने अरू सहायक पात्रका रूपमा दुईजना मामाहरूको र उसकी आमा रहेकी छिन् । यस कथामा ती चार पात्रका साथै मामाहरूका श्रीमतीहरूको पनि चर्चा गरिएको छ । ती सबै पात्रहरूमध्ये भान्जाको चलाखीपनले घटनाक्रमलाई बढी उत्तेजित पार्ने काम गरेको छ । यसरी नै भान्जाको चालबाजीमा फस्दै जाँदा बीस हजारसम्म ठगिन पुग्दा पनि होस नआएर अझै लोभ गर्दा आफ्ना श्रीमतीहरूको ज्यान लिन पछि नपरेका मामाहरू अन्त्यमा आफ्नै ज्यान समेत लोभै लोभमा फसेर गुमाउनु पुगेका छन् । यसले ग्रामीण समुदायमा बसोबास गर्ने मानिसहरूको सोझोपनको ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ ।

#### (ग) परिवेश

यो कथा पूर्ण रूपमा ग्रामीण परिवेशमा आधारित छ । यस कथामा उल्लिखित हात्तीको वर्णनले कताकता मधेशतिरको आभाष गराए तापनि बाँदर खोला बनपाखा आदिको वर्णनले पूरा गाउँले परिवेशको घटनाक्रम हुनसक्ने कुरालाई नकार्न सकिन्न ।

### (घ) उद्देश्य

यसकथाको प्रमुख उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गर्नु मात्र नभएर अनावश्यक लोभ गर्न हुन्न भन्ने सन्देश दिनु रहेको छ । यस कथाले नेपाली साहित्यमा उल्लिखित लोभले लाभ लाभले विलाप उखानलाई चरितार्थ गरेको छ । अन्त्यमा मामाहरूको ज्यानै गएबाट एउटा अपराधिक कार्यलाई प्रस्तुत गरिएको छ ।

### (ङ) भाषा र शैली

यस लोककथाको भाषा सरल, सहज बोधगम्य रहेको छ । हात्तीले सिक्काहरू खाएर खसाल्नु पदावली प्रयोगले यो कथाको भाषाले अपत्यारिलो भएता पनि बाँदरले मानव वाक्य बुझ्ेको, लौरोले छोएर ज्यान बचेको जस्ता पदावलीको  प्रयोगले ग्रामीण जनसमुदायमा चलनचल्तीमा रहेका भएका भाषाको प्रयोग भएको निर्क्योल गर्न सकिन्छ । खोरभित्र पालैपालो पोको पारेको घटनाक्रमको प्रयोगले नेपाली ग्रामीण भेगको बोलीचालीको भाषा प्रयोग भएको पाइन्छ ।

### (च) अभिप्राय

पैसा हग्ने हात्ती, टेलिफोनको काम गर्ने बाँदर, मृत्यु-शैयामा सुतेको मान्छेलाई छोइदिँदा तन्दुरुस्त बनाइदिने लौरी आदि । शब्द तथा शब्दावली अभिप्रायका रूपमा यस लोककथामा आएका छन् ।

## ४.२.१.४ लाटो सुधो ज्योतिष बनेको कथा

### (क) कथानक

लाटो सुधो ज्योतिष बनेको कथा नेपाली लोककथाको परिचय दिने एक उत्कृष्ट कथा हो । यो कथा पनि सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथाको सम्पूर्ण नायकत्व भूमिका लाटो सुधो हो, जसले कहिले छोराको त कहिले ज्वाइँको अनि कहिले ज्योतिषको भूमिका निर्वाह गरेर नायकको पात्रको भूमिका निभाएको छ । पहिले आमा र छोराको उपस्थिति देखाएर कथाको थालनी गरिएको छ । त्यसपछि ढुङ्गाले हानेर केटी फकाउने कार्य गर्दा झुकानमा ज्यान गएको अलिकति दुःखद घटनाले श्रोतालाई दुःखित तुल्याएको छ भने त्यसपछि सहज रूपमा विवाह सम्पन्न गरी दुलही  फर्काउन ससुराली जाँदा नेपाली शब्दज्ञानको पहिचान हुन नसकेर

अपहेलित हुन पुगेको घटनाले कथाले आदिभाग समाप्त भएको छ । त्यसगरी दोस्रो पटक ससुराली जाँदा पनि लाक्षणिक अर्थ बुझ्न नसक्दा लाटोले आफ्नी श्रीमतीबाट बिछोडिनु परेको कारूणिक घटना पनि उत्तिकै मर्मस्पर्शी छ । आफ्नै प्रयासले ससुरालीमा मिलन हुन पुगेको घटनाले कथाको मध्यम भागमा उत्कर्ष देखिन्छ । त्यसपछि घोडा हराउनेदेखि लिएर राजाको दरबारमा हराएको हीराको हार पत्ता लागेबाट कथा मिलनमा गएर सुखमय जीवनयापनको परिचय दिएर कथाको अन्त्य भएको छ ।

## (ख) पात्र वा चरित्र

प्रस्तुत लोककथामा आमा-छोरा, पँधेरामा पानी लिन आउने तरूनी केटी, विवाह गरेपछि नयाँ दुलही, सासू-ससुरा, राजारानी अनि राजदरबारका पाले-सुसारे, घोडावाला साहु आदि पात्रहरू रहेका छन् । कथामा वर्णन गरिएका पात्रहरूको स्वभाव सरल, सहज र ग्रामीण परिवेशसँग मेलखाने खालका देखिन्छन् । कथाको मध्य भागतिर आएर घोडावाला साहु अलिकति हठी स्वभावको देखिएको छ । अन्त्यमा आइपुग्दा दरबारिया शासकको कठोर व्यवहार देखिन्छ । तापनि संयोगले लाटो सुधाको दिन सोझिएकै देखाएर कथा संयोगान्तमा अन्त्य भएको छ ।

## (ग) परिवेश

यस लोककथाले सम्पूर्ण प्रकृति हेर्दा ग्रामीण परिवेशको झलक पाइन्छ । थोरै बिछोड, धेरै मिलन देखाउँदै अन्त्यमा अलिकति राजकीय वर्णनका घटनाले कता-कता सहरको झल्को पनि दिएको छ ।

## (घ) उद्देश्य

यस कथाको मूलभूत उद्देश्य ग्रामीण परिवेशको आभाष प्रस्तुत गर्नु रहेको पाइन्छ । यति मात्र नभएर एउटा असल ग्रामीण समुदयका मानिसहरूले कसरी आफ्नो गुजारा चलाएका हुनछन् भनेर सामाजिक यथार्थवादी उदहरण दिनु रहेको छ ।

### (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा बोधगम्य छ । सरल र सहज शैलीको प्रयोगले श्रोतामा आनन्दानुभूति प्रदान गरेको छ । पुर्पुरोमा ढुङ्गाले हान्नु, नास भएछ, बेस भएछ,, रोटी पाकेपछि ३०४ मेरो भाग एकहजार भन्ने जस्ता पदावलीहरूले कथामा प्रयुक्त भाषालाई अरू उत्कर्षमा पुऱ्याउने काम भएको छ । यो कथा पनि वर्णनात्मक शैलीमा लेखिएको छ ।

### (च) अभिप्राय

एउटा विधवा नारी टुहुरो-लाटो-सुधो बालकबाट उठान गरेर अन्त्यमा धनदौलत र वैभवले भरिपूर्ण भएको देखाउनु यस लोककथाको अभिप्राय हो ।

## ४.२.१.५ पशुवाक्य बुझ्ने बुद्धिमती बुहारीको कथा

### (क) कथानक

लमजुङ जिल्ला दुराडाँडा क्षेत्रमा प्रचति लोककथाहरूमध्ये यो सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा तीन जनाको सानो परिवार देखाइएको छ । पहिले बाबु र छोराबाट सुरु भएको यस कथाको घटनाक्रम पछि गएर बुहारीको प्रबेश एउटा रहस्यमय र उत्सुकतापूर्ण बनेको छ । बाबुले छोराको परीक्षण गर्नका निम्ति लाक्षणिक अर्थले लगाएको काम उत्सुकता नभई विवशताले गर्न तम्सिएबाट कर्तव्य-परायणता प्रस्तुत गर्दै आदि भाग सकिएको छ । त्यसैगरी विभिन्न शङ्का-उपशङ्का गर्दागदै पनि आफ्ना कार्यमा बुहारी सफल देखिन्छे भने बाबु र छोरा असफल देखिन्छन् । जे भए पनि संयोगान्तमा टुङ्गिएको यस कथाको कथानक रोचक र प्रभावकारी छ ।

### (ख) पात्र वा चरित्र

यस कथाको प्रमुख पात्र बुहारी हो । नारी पात्रलाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । यो कथा नारी प्रधान कथा हो । यसका साथै बाबु र छोरालाई सुरुमै प्रस्तुत गरेको भए तापनि उनीहरू सहायक पात्रका रूपमा उभिएका छन् ।

### (ग) परिवेश

नारीप्रधान यस सामाजिक लोककथाको परिवेश अधिकांश ग्रामीण देखिन्छ । कथाको मध्य भाग र अन्त्य भागतिर कता-कता सहरिया परिवेशको घटनाक्रम उल्लेख भए पनि यस कथामा उल्लिखित पात्रहरू अन्त्यमा गाउँमै आएर बसेको तालमेल देखिएबाट ग्रामीण परिवेश नै देखाइएको छ ।

### (घ) उद्देश्य

यस कथाको मुख्य उद्देश्य केवल मनोरञ्जन दिनुमात्र नभएर सामाजिक यथार्थता पस्कनु र श्रोतासामु, पस्कनु मूलभूत उद्देश्य रहेको छ । त्यस्तै नारीप्रतिको रतिरागात्मक अविश्वासलाई यथार्थमा परिणत गराइएको छ ।

### (ङ) भाषा र शैली

यस लोककथामा प्रयुक्त भाषा सरल, सरस र बोधगम्य रहेको छ । यसमा केही पशुवाक्यसँगको तालमेल पनि देखाइएको छ । स्याल कराएको, काग कराउँदा 'ए मनुवा' जस्ता पशुवाक्य पनि प्रस्तुत भएको पाइन्छ । शैलीका कुरा गर्दा यो विवरणात्मक शैलीमा लेखिएको पाइन्छ ।

### (च) अभिप्राय

स्याल र काग कराएको आवज बुझेर प्रशस्त धन-दौलत आफ्नो हातमा पार्न सक्ने बुहारी यस लोककथाको मूल अभिप्रायको रूपमा रहेकी छ ।

## ४.२.२ ऐतिहासिक तथा धार्मिक लोककथाहरू

## ४.२.२.१ पुण्य गर्न खोज्दा पाप भएको कथा

### (क) कथानक

यो कथा सत्य घटनामा आधारित धार्मिक लोककथा हो । यस कथामा एकजना अत्यन्तै धर्मात्मा पण्डित जसले मानिसको कुरै नगरौ पशु प्राणीको पनि उत्तिकै माया गर्दथे र त एउटा सार्कीले बेच्न ल्याएको गाईलाई पुण्य मिल्छ भनेर आफैले खरिद गर्ने क्रममा आफ्नो धनसम्पत्ति

धरौटी राख्नु पर्ने अवस्था उत्पन्न भएबाट धर्मको उत्कर्ष रूप देखाइएको छ । कथाको अन्त्यमा साहुले ऋण दिनुको सट्टा महापाप गरेछौं भन्दा कथाको अन्त्य भएको छ ।

### (ख) पात्र वा चरित्र

यो लोककथा अलि छोटो खालको र एकल विषयवस्तु प्रस्तुत भएको लोककथा हो । यसमा एकजना पण्डित जसले जीवनमा कहिल्यै सत्यता नछाड्ने भन्दा कता-कता देवी भागवत किताबमा उल्लेख गरिएका हरिश्चन्द्र राजाको कथा जस्तो हुन खोजेको देखाइएको छ । एकल पात्रको असल चरित्रको प्रस्तुति पाइन्छ ।

### (ग) परिवेश

यस लोककथाको परिवेश बिल्कुलै ग्रामीण देखिन्छ । ग्रामीण परिवेशले नै पण्डित बाजेलाई गाई पाल्न प्रेरित गराएको छ । यदि सहरिया परिवेश थियो भने ६४ वटा सम्म गाई खरिद गर्ने आँट पनि आउँदैनथ्यो । यो यथार्थ घटना जस्तो देखिएका कारण आधुनिक कथाको छनक पनि दिन खोज्छ ।

### (घ) उद्देश्य

यस कथाको संरचना नै सानो भएका कारण यसको उद्देश्य पनि धार्मिक मान्यतामा रहेर अनुशासनको पाठ सिकाउनु रहेको छ । यस अर्थले पनि यसलाई धार्मिक कथाको वर्गमा वर्गीकरण गरिएको हो ।

### (ङ) भाषा र शैली

यस लोककथाको भाषा सरल, सहज र बोधगम्य नै रहेको छ । विशुद्ध ग्रामीण परिवेशलाई अँगालेको यस कथामा नेपाली झर्रा शब्द र ठेट नेपाली शब्दहरूका प्रयोग भएको छ । यस कथाको शैली वर्णानात्मक छ ।

### (च) अभिप्राय

सार्कीसँग दैनिक दोब्बरका दोब्बर गाई खरिद गरी गाईको व्यापार गर्न हौसला प्रदान गर्ने धार्मिक पण्डित यस लोककथाको अभिप्रायको रूपमा आएको छ ।

## ४.२.२.२ आकाशवाणी सत्य भएको कथा

### (क) कथानक

यस धार्मिक तथा ऐतिहासिक लोककथाको नायक पात्रका रूपमा राजकुमार रहेको छ । राजाको दरवार सजिसजाउ गर्ने र दरबारलाई हराभरा पार्ने क्रममा नयाँ धारो बनाई पानी ल्याउन खोज्दा पानी नआएपछि मानव बली दिनुपर्ने भन्ने हल्लाले जेठी बुहारीको मन अशान्त पाऱ्यो । जेठो छोरो र बुहारी दरबार छाडेर भागे । बीचमा रक्षसलाई थुनेर आफूहरू आन्नदले रहे तापनि श्रीमतीको असावधानीले राक्षसको उपस्थिति भई राजकुमारकै मृत्यु हुन पुगे तापनि उसको मुटु, कलेजो फोक्सो हरियो पातमा पोको पारेकै कारण सुन्दर बाकसमा परिणत भयो । फलस्वरूप अबोला युवतीले भेट्टाएर पुनर्जीवन पाएका कारण राक्षससँग लागेकी जेठी श्रीमतीको हत्या गरेर दरबार फर्कदा धारोमा पानी पनि आउने र हराएको जेठो छोरो पनि आइपुगेर कथा संयोगान्त र श्रवणयोग्य बनेको छ । कथाको सार तत्त्व नै असत्यको हार र सत्यको जित हुनु हो ।

### (ख) पात्र वा चरित्र

यस लोककथामा उल्लेखित पात्रहरूमा नायक पात्रका रूपमा राजकुमार रहेका छन् भने, अवोल अन्य सहायक पात्रका रूपमा राजा, राजाकी जेठी बुहारी, राक्षस, अबोला युवती रहेका छन् । पात्रहरू सत्य र कर्तव्यनिष्ठ देखिन्छन् भने अमानवीय पात्र राक्षस मात्र एक असत् पात्रका रूपमा परिचित छ ।

### (ग) परिवेश

यस लोककथाको परिवेश समय समग्र रूपमा दरबारिया वर्णन भएता पनि कथा सुन्ने र सुनाउने क्रम हेर्दा ग्रामीण परिवेश नै देखिन्छ । यसका साथै खोला, जङ्गल आदिको बयानले परिवेशलाई सुन्दर बस्तीमा रूपान्तरण गरेको देखिन्छ ।

### (घ) उद्देश्य

यस कथाको सारतत्त्व नै सत् र असत् बीचको द्वन्द्ध प्रस्तुत गर्दै धार्मिक, नैतिक मूल्य मान्यतामा रहेर व्यवहार गर्नुपर्छ । सीमित स्वार्थमा लाग्नुभन्दा बरू प्राणै त्यागेर भए पनि

सामाजिक हितका निम्ति उभिनुपर्छ भन्ने आध्यात्मिक ज्ञान दिनु यस कथाको सारतत्व हो । सधैँ सत्यको जीत हुन्छ भनी देखाउनु नै यसको मूल मर्म हो ।

### (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा सरल हुनाको साथसाथै बोधगम्य पनि छ । यसमा प्रयुक्त भौँतारिनु, आकाशवाणी हुनु, भिसमिसे उज्यालो, कुलेलम ठोक्नु जस्ता पद तथा पदावलीहरूले थप आर्कषण पारेको छ । यो वर्णानात्मक शैलीमा लेखिएको छ ।

### (च) अभिप्राय

पानीकोल स्रोत माथि भएर पनि ढुङ्गेधारामा पानी नचल्नु, मान्छेको बली दिएपछि ढुङ्गेधारामा पानी चल्नु आदि यस लोककथाका अभिप्राय हुन् ।

## ४.२.३ मानवीय तथा अतिमानवीय लोककथाहरू

## ४.२.३.१ स्यालले गोठालाको बिहे गरिदिएको कथा

### (क) कथानक

यस कथामा मानव र अमानव दुई पात्रहरू गोठालो र स्यालको चहलपहल देखाइएको छ । परापूर्वकालमा जीवजन्तुहरूले पनि मानिसले जस्तै बोलेर कुरा गर्थे भन्ने अलौकिक सन्दर्भ प्रस्तुत गरेर श्रोताको मन आनन्दानुभूति थपिदिएको छ । त्यसैगरी मानिस लोभी हुन्छन् फस्छन् भन्ने कुराको प्रमाण पनि यसै लोककथामा उल्लिखित गोठालो र राजाले स्यालको कुरामा पत्यार गरेबाट प्रष्ट भएको छ । यो कथा उच्च पहाडी भागको नमुना स्वरूप गोठ पाल्ने परम्पराको झलक दिन लायक देखिन्छ । अर्को तिर सामान्य गोठालो राजाको दरवारमा पुगी राजाकै ज्वाइँ बन्न पुगेको घटनाले कथालाई शिखरमा पुऱ्याएको छ ।

### (ख) पात्र वा चरित्र

यस लोककथामा उल्लेख भएको गोठालो नायक पात्र हो तापनि अमानवीय पात्र स्यालले खोलेको भूमिका उल्लेखनीय भएका कारण उसलाई नै नायक पात्रका रूपमा चिनिन्छ । सुरूमा चरित्रहीन चोरको रूपमा देखिएको स्याल पछि गएर राजालाई त झुक्याएको छ तापनि

गोठालोको भने भलै चिताएको छ । राजा पनि स्यालको भनाइमा विश्वास राख्ने विश्वासी पात्रका रूपमा  प्रस्तुत गरिएको छ ।

## (ग) परिवेश

यस लोककथाको अध्ययन गर्दा नेपालको ग्रामीण मात्र नभई त्यसमा हिमाली लेकाली परिवेशलाई उजागर गर्न खोजिएको छ । कथामा उल्लेख भएजस्तै आज पनि पुरानकोट, बाखेजगत फोस्रे जस्ता ठाउँहरूमा गोठ लैजाने गाई भैसी, भेडा बाखा पाल्ने चलनचल्ती भएका कारण यस कथाले उच्च पहाडी प्रदेशको परिवेशलाई प्रस्तुत गरेर श्रोतासामु एउटा उत्सुकता पैदा गर्ने काम गरेको छ ।

## (घ) उद्देश्य

यस कथाको मुख्य उद्देश्य प्रशस्त मात्रामा मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै एउटा लेकाली गोठालो पनि अर्काको सहायताले राजाको ज्वाइँ बन्न पुगेको घटनाले समाजमा कोही ठूलो वा सानो भनेर हेप्न नहुने कुरालाई अघि सारेर मानव मूल्य र मान्यता देखाएको छ ।

## (ङ) भाषा र शैली

यस लोककथामा प्रयुक्त भाषा सरल हुनुका साथै श्रोतालाई प्रशस्त आनन्द दिएर हँसाउने खालको छ । यस कथामा प्रयुक्त उखान टुक्का नानीको बानी घिऊ खानी जस्ता पदावलीहरूले कथालाई झन् उत्कर्षमा पुऱ्याएको छ । त्यस्तै हुत्याइदिनु, खोला धमिलो पारिदिनु जस्ता शब्द प्रयोगले  कथा झन् सरल र सरस बनाएको छ ।

## (च) अभिप्राय

स्यालसँग गोठालाले मितेरी लगाउनु, स्यालले मित गोठालाको बिहे राजकुमारीसँग गरिदिनु, बाँस घाँरीमा आगो लागएर पड्केको आवाज चट्याङ हो भन्नु आदि शब्द तथा शब्दावली यस लोककथाका अभिप्राय हुन् ।

## ४.२.३.२ अरुलाई मस्ती रानीलाई सास्ती भएको कथा

### (क) कथानक

यो कथा मानवीय तथा अतिमानवीय नेपाली लोककथा अन्तर्गत पर्ने एउटा उत्कृष्ट कथा हो । यस कथामा राजाको दरबारबाट कथावस्तु सुरु भएर विभिन्न युवतीहरूलाई आकर्षण गरेको घटनाले रतिरागात्मक आवेगको प्रस्तुति गरेको पनि देखाइएको छ । यस कथामा अपराध धुरीबाट कराउँछ भने जस्तै अधर्मको पर्दाफास भएको छ । हात्तीको आहारा दैवले पु¥याउँछ भने झैं यहाँ नदीमा फालिएका नवजात शिशुहरूको स्याहार-सुसार फूलबारी बगैंचाका बूढाबूढीहरूले गरेका छन् । स्वर्गको खोजिमा हिडेका ती दुई दाजुभाइ बाटैमा मरेका कारण अन्त्यमा बहिनीको प्रयासले पुनः जीवन पाएका छन् । पश्चातापको पराकाष्ठामा पुगेर राजा र उनका सन्ततिहरू संयोगमा पुगेका छन् ।

### (ख) पात्र वा चरित्र

यस मानवीय तथा अतिमानवीय नेपाली लोककथामा राजा नायकका रूपमा उपस्थित भएका छन् तापनि उनको नायकत्व त्यति सफल छैन । यसका साथै दरबारिया मन्त्री, भाइ-भारदार, बैठके सवै सहायक पात्रका रूपमा आएका छन् । विभिन्न युवतीहरू जो ऐश-आराम पाइने कुराले प्रेममा फसेका छन् । यसका साथै योगीको उपस्थिति पनि गराइएको छ । रानीबाट जन्मेर फालिएका तीन सन्ततिहरूले साँच्चै स्वर्गको बाटो देखाएर कथामा उत्तेजना पैदा गरेका छन् ।

### (ग) परिवेश

यस लोककथाले राजा, राजदरवार अनि नदी र फूलबारी बगैंचाको कुरा उठाएर सहरिया परिवेशको कल्पना गरिएको छ । हुन त परापूर्व कालमा राजाको दरबार सहरमा नै हुन्थ्यो भन्ने छैन । यस कथाले आनन्दमय फूलबारी बगैंचा, वनजङ्गल, नदी आदिको कुरा गर्नका साथै स्वर्ग गएको कुरा बताएर प्रत्यक्ष स्वर्गको अनुभूति गराएको छ ।

## (घ) उद्देश्य

यस लोककथाले श्रोताहरूलाई आनन्दानुभूति दिनका साथै सत् र असत् कस्तो हुन्छ ? दैवले कसरी साथ दिँदो रहेछ ? दुःख पर्दा नआत्तिनु र सुख पाउँदा नमात्तिनु भन्ने भनाइलाई चरितार्थ पारेको छ । यसका साथै दैवी लीला अचम्मको हुँदो रहेछ भन्ने सारतत्व पनि यसमा दिन खोजिएको छ ।

## (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा बोधगम्य नै छ । अलि लामा-लामा वाक्यहरूले वाक्य संयोजनमा अस्पष्टता आए पनि यसको भाव स्पष्ट छ । यस कथामा आँखा पर्नु, इर्ष्या गर्नु टाउको घ्याम्पोमा हालिदिनु, ढिँडो र गुन्द्रुक दिनु जस्ता पद तथा पदावलीहरूले कथालाई झन् उत्कर्षमा पुऱ्याएको छ । यो कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## (च) अभिप्राय

रानीले छोरा पाउँदा बिरालो र छोरी पाउँदा मुसो छुचुन्द्रो पाउनु भन्नु, जोगीको जगल्टा पछार्दा स्वर्गल जाने बाटो बन्नु, सुत्केरी हुँदा टाउको घैटाले छोपिदिनु, राजकुमारहरूले स्वर्गबाट ल्याउन सकेको हारङ्गी रुख, बुलबुले चरा र सुनौला पानी राजकुमारीले सफलतापूर्वक ल्याउनु आदि यस लोककथाको अभिप्रायका रूपमा रहेका छन् ।

# ४.२.३.३ सुँगुरले सृष्टिकर्ता खोज्दै गरेको कथा

## (क) कथानक

यो कथा पनि मानवीय तथा अतिमानवीय नेपाली लोककथा अन्तर्गत पर्दछ । समय र परिस्थिति अनुसार सुत्केरी छोरीलाई सौगात स्वरूप लिएर गएको सुँगुर जसलाई जसेका बाबु-छोराले एक प्रकारले काठमा बाँधेर आकासतिर मुन्टो फर्काएर बोकेको अवस्थामा सुनौलो दिन निलो सफा आकाशको दृश्यावलोकन गरेको छ । त्यस पछि छोरी बिरामी परेर तुरून्तै काट्न नपाउँदा सुँगुरले आफ्ना साथीाई सृष्टिकर्ताले अन्याय गरेर घोसे मुन्टो लगाउनु परेको बेदना पोख्दै आगामी दिनहरूमा आफ्नो हक र अधिकार खोज्न थुतुनाले खोतल्ने, खोस्रने, कोट्याउने

गर्नुपरेको अमानवीय दृश्य प्रस्तुत गरेर मानवअधिकारको साँचो अर्थको खोजी यस कथाले गरेको छ ।

### (ख) पात्र वा चरित्र

यस कथामा उपस्थित भएको जसे र उसको छोरो सुँगुर बोक्ने बहानामा वा छारी भेट्ने कामका सिलसिलामा सुँगुरको आफ्नो गुमेको अधिकारको पहिचान गराउन सफल देखिन्छन् । मानव पात्रको उपस्थिति भए पनि अमानवीय पात्र सुँगुरले आफ्नो गुमेको अधिकार सृष्टिकर्तासँग माग्नुपर्छ भन्ने सन्दर्भमा आफू काटिनुभन्दा २–४ दिन अघि साथीहरूसँग बस्न पाउँदाको क्षणमा बताएको कुराले श्रोतालाई चकित पारेको छ । अधिकारको खोजीमा उनीहरू आजकल पनि रहिरहेको कुरा यस कथामा बताइएको छ ।

### (ग) परिवेश

यस लोककथाको परिवेश लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमित्र पर्ने पात्ते गाउँ जो एक विकट र अशिक्षित समुदायहरूको बसोबास छ । त्यसभेगका मानिसहरूको वर्तमान युगअनुसारको शिक्षाको उन्नति हुन नसकेको कारण सुँगुरजस्तै अधिकारको खोजीमा हिड्नु पर्ने हो कि भन्ने जस्तो उद्‌गारको समग्र रूपमा ग्रामीण परिवेशको झल्को दिएको छ ।

### (घ) उद्देश्य

यस लोककथाको मुख्य उद्देश्य भनेको अधिकारको खोजी गर्नु हो । अरू कथाहरू जस्तो हास्य प्रस्तुत नगरी यसले कारूणिक भावना जागृत गराउँदछ । कारूणिक जीवनले अधिकारको खोजी गर्नुपर्दछ भन्ने यसको मूलभूत उद्देश्य हो ।

### (ङ) भाषा र शैली

यस लोककथामा प्रयुक्त भाषा अति सरल छ । यसमा कुनै आलङ्कारिकता छैन । सरल भाषामा लेखिएको प्रस्तुत कथा के बूढा-बूढी, के केटाकेटी, के शिक्षित, के अशिक्षित सबैले मनन गर्न सक्ने र ग्रहणयोग्य रहेको छ । यो वर्णनात्मक शैलीमा लेखिएको छ ।

### (च) अभिप्राय

आकाशतिर मुन्टो फर्काउन पाएको सुँगुरले ब्रह्माण्डको असीम सौन्दर्य देखेको अरूहरू सुँगुरलाई त्यस सौन्दर्यको बखान गर्नु र त्यस्तो सौन्दर्यपानबाट सृष्टिकर्ताले आफ्नो जातिलाई वन्चित गरेकोले अन्याय भयो भनी आफ्नो अधिकार खोज्न सुँगुरहरू सङ्गठित हुनु यस लोककथाको अभिप्राय हो ।

## ४.२.४ अर्ती-उपदेश तथा बहादुरीका लोककथाहरू

## ४.२.४.१ बूढाको बुद्धिले बिहे सफल भएको कथा

### (क) कथानक

यो कथा दुराडाँडा क्षेत्रमा प्रचलित अर्ती उपदेश तथा बहादुरीका लोककथाको वर्गीकरणमा पर्ने रमाइलो कथा हो । कथाको उठान एउटा असल र हेर्न लायक अर्थात् अविवाहित युवतीको मन जित्न सक्ने केटोको बिहेको प्रसङ्गबाट थालनी भएको छ । परम्परा अनुसार बिहेका निम्ति केटी हेर्न र माग्न जाने चलनचल्ती जो हालसम्म पनि छँदैछ, त्यसैगरी जाने क्रममा पहिले केटीका बाबा जो धनाढ्य थिए उनको अस्वीकृति भए पनि केटीको मन पग्लेका कारण बिहे छिन्नु पऱ्यो । बिहेमा आउने जन्तीले पाँचमुरी चामल र एक सय खसी-बोका एकै दिनमा जन्तीको बाखोको रूपमा खाइसके मात्र दुलही अन्माइ दिने सर्त राखियो । त्यसै कुरालाई स्वीकार गरेर जन्ती जाँदा बूढा बाबु बीस वर्षे उमेरभित्र नपरेका कारण लुकेर जानुपरेको प्रसङ्गले कथामा अर्को कुतूहल थपेको छ । जन्ती बाखो पकाउने खाने क्रममा बूढाकै अर्ती अनुसार चामल खट्टे भुटेर र मासु पोलेर खाइसकेको बताएको छ । यहाँ नेर चामल सक्नु खट्टे भुटेर र मासु सक्नु पोलेर भन्ने उखानलाई चरितार्थ पारेको छ । यही चमत्कारीपूर्ण कार्यले विवाह सम्पन्न गरी दुलही ल्याइएको छ ।

### (ख) पात्र वा चरित्र

यस लोककथामा वर्णन गरिएका पात्रहरूमा नायक पात्रका रूपमा दुलहा देखिएको छ तापनि उसको हाउभाउ र क्रियाकलापमा गतिशिलता आएको छैन । सहायक पात्रका रूपमा विवाह छिन्न गएका लमीहरू दुलहाका ६० वर्षे बूढाबाबु आदि देखिनुको साथै दुलही अनि उनका धनाढ्य बाबु र घरबेटीहरू रहेका छन् । यस कथामा जस्तालाई त्यस्तै ढिँढालाई निस्तै

भने भ्कै केटीका बाबाले जे सर्त राख्यो त्यो केटाको बाबाले चतुऱ्याइँपूर्वक पूरा गरिदिएका छन् । यसरी हेर्दा यो कथामा सबै गतिशील पात्रहरूले आ-आफ्नो कर्तव्य पालनामा कार्य गरेका छन् ।

## (ग) परिवेश

यो लोककथाको वस्तुस्थिति र घटनाक्रम हेर्दा नेपाली ग्रामीण जनजीवनको यथार्थ चित्रण पाइन्छ । ग्रामीण समुदायमा यस्ता धनाढ्य साहुले एउटा न एउटा असजिलो अड्को थाप्ने गर्छन् र अरूलाई दुःख दिन्छन् भन्ने कुरालाई उजागर गरेको छ ।

## (घ) उद्देश्य

यस लोककथाको मूलभूत उद्देश्य भनेको मानिसले सोभ्को बाटो हिँड्नुपर्छ । सोभ्को बाटो हिँडेमा काँडाले पनि कोर्दैन । जसरी यस कथामा दुलाहाका पक्षका मान्छेहरूले समस्या आईपर्छ कि भनेर सल्लाहका निम्ति ६० वर्षे बूढा बाबुलाई जन्तीमा लगे त्यसले गर्दा ठूलो समस्याको विपत टरेको छ । यसरी २-४ कुरा बूढापाकाले नै जानेका हुन्छन् । यसैगरी आगो ताप्नु मूढाको कुरा सुन्नु बूढाको भन्ने भनाइ चरितार्थ पार्नु नै यस कथाको उद्देश्य हो ।

## (ङ) भाषा र शैली

यस लोककथामा प्रयुक्त भाषा सरल र बोधगाम्य रहेको छ । कथा छोटो छ तापनि यसले राम्रो अर्ती उपदेश दिन खोजेको छ । बिहेका निम्ति केटाकेटी ठीकठाक पारेर सर्त पूरा नभए दिन्न भन्नु, चामल बुकाउनु, दाउरा धेरै बाल्नु जस्ता पदावलीहरूले ग्रामीण परिवेशको बोलीचालीको भाषा प्रयोग भएको छ । समग्रमा भन्दा वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा श्रुतिमधुर रहेको छ ।

## (च) अभिप्राय

जन्ती २० वर्षको मात्रै हुनुपर्छ भन्नु, पाँच मुरी अन्न र एक सय खसि सय जना जन्तीले बुत्याई सक्नु आदि यस लोककथाका अभिप्राय हुन् ।

### ४.२.४.२ बाह्र वर्ष ससुराली बसेपछि अल्छीको बुद्धि आएको कथा

#### (क) कथानक

यो कथा पनि नेपाली लोककथाको वर्गीकरण अनुसार अर्ति उपदेश तथा बहादुरीका कथा अन्तर्गत पर्दछ । यस कथामा नायकका रूपमा एउटाको चारजनाको परिवार जसमा बाबुआमा, छोरा र बुहारी थिए । ती मध्ये छोरोचाहिँ रहेको छ । एउटा गरिबीको चपेटामा परेको परिवारको अशान्तपूर्ण वातावरणमा के कस्ता आपराधिक घटना घट्दा रहेछन् भन्ने कुरा कचकचे बाबुलाई मार्न भनेर तयार पारेको धारिलो बन्चरो उही बाबुले आफू नभएको बेलामा बोलेको वचन सुनी बन्चरो मात्र फालेन उसले पण्डितसँग पापमोचनका कुरा सोधेर १२ बर्ष पछि ससुराली घरमा दास बस्नुपर्ने भयो । त्यो कार्य पनि पूरा गरेर जाँदा आगोको भुङ्ग्रोमा झण्डै बसेको अनि सट्टामा राजकुमारी कुरूवा भएर जाँदा विषालु सर्पले डस्न खोज्दा त्यहाँबाट पनि बचेर तीन श्रीमतीको श्रीमान बनेको रोचक घटनाले कथालाई उचाइमा पुऱ्याएको छ ।

#### (ख) पात्र वा चरित्र

यस कथाका पात्रहरू एकाघरका बाबु, आमा, छोरा र बुहारी गरेर चार जना रहेका छन् । सुरुमा नायक पात्र जस्तो देखिने बाबु अर्ती-उपदेशलाई भित्री आत्मामा लुकाएर बस्ने र सधै परिवाको भलाइ हुन्छ कि भनेर कचकच गर्ने बानीले कमजोर पात्रका रूपमा उपस्थित भएको छ । त्यसैगरी आमा भने आफ्नो छोरो दुर्जन नै भए पनि माया गर्ने स्वभावकी देखिएकी छिन् । त्यसैगरी नयाँ दुलहीका साथै ससुराली बस्न लगाउने पण्डित, ससुरा बटुवा भएर हिँड्दा वास बसेको घरका मान्छेहरू जो खराब आचरण बोकेका छन् । त्यसैगरी अर्को दिन बास बसेको घरमा मान्छे जो असल पात्रका रूपमा देखिएका छन् । त्यसैगरी राजाका दरबारिया मान्छेहरू स्वयं राजा र राजकुमारी आदि असल पात्रका रूपमा रहेका छन् ।

#### (ग) परिवेश

यो कथाको प्रकृति र घटनाक्रम हेर्दा कता-कता थोरै सहरिया परिवेश पाइएता पनि समग्रमा अध्ययन गर्दा नेपाली ग्रामीण परिवेशको झझल्को दिने खालको छ । यसमा उल्लिखित

परिवार, तिनीहरूका आचरण, विभिन्न घटनाक्रममा आएका ठाउँहरूको वर्णन आदि कुराहरूलाई अध्ययन गर्दा यो कथा विशुद्ध नेपाली ग्रामीण परिवेशको छ ।

### (घ) उद्देश्य

यो कथाको मूलभूत उद्देश्य भनेको वनको बाघले खाओस् नखाओस् मनको बाघले खाने भन्ने उखानलाई चरितार्थ गर्न आएजस्तो छ । यस कथाले कथाकार गुरूप्रसाद मैनाली जस्तै सामाजिक यथार्थलाई प्रस्तुत गर्न खोजेको छ । यो कथाले सामाजिक नैतिक मूल्य र मान्यतालाई कायम राख्नु पर्ने धारणा प्रस्तुत गर्नका साथै मानिसले जस्तोसुकै समस्यामा पनि जुधेर अघि बढ्नुपर्छ भन्ने मान्यतालाई अघि सारेको छ ।

### (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा सरल छ । सरल हुनाको साथसाथै मध्यम र निम्नमध्यम वर्गीय समुदायमा प्रयोग हुने भाषा प्रयोग भएको छ । यसमा प्रयुक्त 'चिर्को परेको मुख पनि कति कराउन सक्या', 'अल्छी छ भन्ने जानेकै छौ नि' भन्ने जस्ता वाक्यले त्यस्तै निम्न मध्ययमवर्गीय समुदायको परिचय दिन्छ । यो कथा पनि वर्णानात्मक शैलीमा लेखिएको छ ।

### (च) अभिप्राय

बाबुलाई काट्छु भन्दा त्यसको पाप मोचनका लागि बाह्र वर्ष ससुराली बस्नु, बाह्र वर्ष ससुराली बसेपछि अल्छीमा जादुगरी बुद्धि पलाउनु आदि यस लोककथाका अभिप्राय हुन् ।

## ४.२.५ राजपाठसम्बन्धी लोककथाहरू

## ४.२.५.१ लोग्नेमान्छेसँग मुख नहेर्ने भन्ने केटीको कथा

### (क) कथानक

यो कथा राजपाठसम्बन्धी लोककथा हो । यस कथामा अप्रत्यासित र अस्वभाविक कुराहरू देखाएर दर्शकको वा श्रोताहरूको मनलाई हँसिलो पार्न खोजिएको छ। यो कथाको आदि भाग राजाले आफ्ना सात भाई छोराहरूको एकैचेटी बिहे गरिदिने उद्देश्यले हिंडेको प्रसङ्गले

एउटा नयाँ घटनाको उद्घाटन गरेको छ । यसमा कान्छो छोरो भने राजाको कुरालाई अस्वीकार गर्दै आफै केटी खोज्न जाने क्रममा राक्षसको आशीर्वाद पाउन सफल भएको छ । १२ वर्ष लोग्नेमान्छेको मुख नहेर्ने भन्ने  केटीको सेखी झार्दै बिहे गरेर चमत्कार देखाउँदै कथा सकिएको छ ।

## (ख) पात्र वा चरित्र

यस लोककथामा राजा, राजाका सात भाइ छोराहरू अमानवीय पात्र राक्षसहरू, अर्का राजा र तिनकी छोरी आदि धेरै पात्रहरू भए तापनि नायक पात्रका रूपमा राजाको कान्छो छोरो रहेको छ । हालसम्मको हाम्रो परम्परामा राजाको जेठा छोरो शूरवीर हुन्छ भनिन्छ तर कथामा कान्छो छोरो शूरवीर देखिएको छ । अन्त्यमा केटोको मुख नहेर्ने भन्ने केटीसँग बिहे गरी छाड्नु उसको बहादुरी पन हो ।

## (ग) परिवेश

यो कथाको सम्पूर्ण प्रकृति हेर्दा दरबारिया परिवेशको परिचय दिएको पाइन्छ । यसमा पनि गाउँघरहरूमा खासगरी एकादेशका राजा भनेर कथाको थालनी गर्ने भएको हुँदा यस कथामा पनि राजाको बयान गरिएको छ । त्यसैले यसको परिवेश समग्र रूपमा दरबार र त्यसको आसपासको क्षेत्र भन्ने पुष्टि हुन्छ ।

## (घ) उद्देश्य

यो कथाले खासगरी नेपाली लोककथामा के कस्ता घटनाहरू समावेश हुँदा रहेछन् भन्ने कुरालाई झल्काउने कोशिस गरेको छ । खास गरेर यसमा कसैले कुनै किसिमको आडम्बर गर्नु व्यर्थ हुन्छ अनि जहाँ इच्छा त्यहाँ उपाय भन्ने उक्तिलाई चरितार्थ गरेको छ ।

## (ङ) भाषा र शैली

यो कथाको भाषा पनि अरू कथाहरूमा जस्तै सरल नेपाली लोकभाषामा प्रस्तुत गरिएको छ । साधारणभन्दा साधारण लेखपढ गर्न जान्ने मानिसहरूले पनि बुझ्न सक्ने गरी वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा मनोरञ्जनात्मक छ ।

### (च) अभिप्राय

विना सहयोग राक्षसले कान्छो राजकुमारलाई सहयोग गर्छु भन्नु, बाह्र वर्षसम्म केटाको मुख हेर्दिन भनेर केटीले भन्नु, त्यस्ती केटी लुकेर बसेको सुरक्षित दरबारको भित्तो फोडेर भित्र पस्नु आदि यस लोककथामा अभिप्रायका रुपमा आएका छन् ।

## ४.२.५.२ खोरको बाघ खोरमै थुनिएको कथा

### (क) कथानक

प्रस्तुत कथामा नायक पात्रको रूपमा नेत्र नाम गरेको एउटा केटालाई उभ्याइएको छ । बेँसी झर्ने क्रममा केटो जङ्गलको राजा मानिने बाघको फन्दामा परेको छ । नरभक्षी बाघको फन्दामा परेको नेत्रले जीवन रक्षाका निम्ति अनेक उपाय अपनाउँदै कहिले पीपललाई सोध्ने, कहिले गंङ्गाजीलाई सोध्ने, कहिले गाईलाई सोध्ने हुँदै अन्तिममा जम्मु मन्त्रीलाई सोध्न पुग्दा बालकको रोदनलाई बुझेर जम्मु मन्त्रीले बाघ पहिले थुनेको ठाउँमा पुऱ्याउन सफल भयो । यसरी कथामा उल्लेख भए अनुसार राजा मानिने बाघलाई पहिले गाउँलेहरूले थुनेको खोरमा पुऱ्याएर थुन्दै नरसिकार गर्न नहुने सन्देश दिदै कथाको अन्त्य उत्कर्षमा पुऱ्याएर गरिएको छ ।

### (ख) पात्र वा चरित्र

यस लोककथामा नेत्र नाम गरेको केटो जो अत्यन्त सोझो कर्तव्यपरायण पात्रका रूपमा वा नायकका रूपमा उपस्थित भएको छ । त्यसपछि मानव सङ्केतका रूपमा रहेको अमानवीय पात्र बाघ, पीपल, गंङ्गाजी, गाई हुँदै जम्मु मन्त्रीको उल्लेख पाइन्छ । यी सबै अमानवीय पात्रहरूले प्रत्यक्ष रूपमा मानवीय अवगुणहरू बताउँदै पात्र साङ्केतिका रूपमा नेत्र नामक केटाको बचावटमा धेरथोर सहयोग गरेका छन् । बाघ बाहेक सबै सत्पात्रका रूपमा उपस्थित भएका छन् । अन्त्यमा राजकीय सर्वसत्तावादी मात लागेर नै राजाले खोरमा थुनिनु परेको सामाजिक यथार्थवाद झल्काउन खोजिएको छ ।

### (ग) परिवेश

यस लोककथाको समग्र परिवेश ग्रामीण देखिन्छ । कथामा उल्लिखित गाउँ-बेसी, बीचमा पर्ने जङ्गल, जङ्गलको आदि वर्णनले यो कथा साँच्चै नै दुराडाँडा क्षेत्रको सेरोफेरो हो भन्ने आभाष हुन्छ । केवल यसमा राजकीय सन्दर्भ उल्लेख गरेको पाइए तापनि समग्र रूपमा ग्रामीण परिवेश नै झल्किएको छ ।

### (घ) उद्देश्य

यस लोककथाको मूलभूत उद्देश्य पाठक र श्रोतालाई मनोरञ्जन दिलाउनु रहेको छ भने अर्कातिर कुनै पनि कार्य बलले होइन, बुद्धिले सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई औंलाएको छ । यसका साथै असहाय र निमुखा वर्गको हेरचाह र बचावट गनुपर्छ भन्ने यस कथाको उद्देश्य रहेको छ ।

### (ङ) भाषा र शैली

प्रस्तुत कथा सरल र बोधगम्य रहेको छ । एक्कासि झम्टन पुग्नु, केटालाई खाऊँ नखाऊँ भन्नु जस्ता पदावलीहरूले भाषा ग्रामीण परिवेशको बोलीचालीको भएको पुष्टि हुन्छ । यसमा प्रयुक्त नामहरू पीपल, गंङ्गाजी, गाई र जम्मु मन्त्रीको प्रयोगले कथामा अरू थप प्रभाव पार्न सरल भाषाको प्रयोग भएको छ भन्न सकिन्छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा रोचक र प्रभावकारी देखिन्छ ।

### (च) अभिप्राय

औंलो पाउँदा डुँडुलो निल्न खोज्ने बाघको प्रवृत्ति, अन्य जीव प्राणी वस्तुलाई मान्छेले पुऱ्याएको आघात, अन्त्यमा जुक्ति-बुद्धिले मानिसले बाघलाई खोरमै भित्र्याउनु यस कथामा प्रयुक्त अभिप्राय हो ।

### ४.२.५.३ भावीको लेखनी साँचो भएको कथा

**(क) कथानक**

राजपाठ सम्बन्धी प्रस्तुत लोककथा एउटा दरबारिया परिवेशमा रहेर लेखिएको कथा हो । यस कथाका नायक दिलदास राजा भए तापनि उनी आफ्नो प्रयासमा कमजोर देखिएका छन् । परापूर्वकालमा दरबारिया संयन्त्रमा सुखसयल र आनन्दमय जीवन बिताउनु नै राजाको दिनचर्या हुने गरेको कुरालाई कथाको आदि भागले प्रष्ट झल्काएको छ । सिकार खेल्ने क्रममा रातपरेका कारण झुपडीमा बास माग्न पुगेको राजा भावीको कुरामा इर्ष्या गरी षडयन्त्रमा लाग्दा धेरै वर्षसम्म आपराधिक घटनामा संलग्न हुन परेको तीतो यथार्थ प्रस्तुत गरेर षडयन्त्र चरम विन्दुमा पुऱ्याइएको छ । अन्तिममा हत्या प्रयास गर्दा आफ्नो छोराको घाँटी छिनेको घटनाले विभत्सरूप धारण गरेको छ । अन्तिममा भावीले छैठौं दिनमा लेखेको कुरा टारेर टर्दैन रहेछ भन्ने सन्देश दिदै कथाको अन्त्य सुखमय भएको छ ।

**(ख) पात्र वा चरित्र**

यस लोककथाको नायक पात्रका रूपमा दिलदास राजा रहेका छन् तर उनी कमजोर र आपराधिक मनस्थितिका देखिएका छन् । यसमा गरिबीको चपेटामा परेकी छ दिनकी सुत्केरी जो पैसाको आश्वासनमा फसेकी छ । त्यसपछि अदृश्य पात्र भावी, नवजात शिशु, राजाकी छोरी, धर्मपुत्र पाल्ने निःसन्तान दम्पति, दरबारमा जुत्ता सिलाउने गरेको सार्की जो राजको आज्ञामा जस्तोसुकै हत्या-हिंसा पनि गर्न पछि नपर्ने देखिन्छ । यी सबै पात्रहरूको संयोजनले कथालाई सुन्दर एवं प्रभावकारी बनाएको छ । वर्णानात्मक शैलीमा लेखिएको यो कथा रोचक नै छ ।

**(ग) परिवेश**

समग्र रूपमा यस कथाको वस्तुस्थिति अध्ययन गर्दा सहरिया वा दरबारिया परिवेश उल्लेख भएको पाइन्छ । परापूर्वकालमा राजा महाराजाहरू एकपछि अर्को हत्या गर्दै आफू इज्जतवान् र असल शासक हुँ भनी आफ्नो परिचय दिन रूचाउँथे । त्यसैको ज्वलन्त उदाहरण यो कथा पनि हो । त्यसैले यो कथा दरबारिया षडयन्त्रको चाँजापाजोमा रचिएको हुनाले दरबारिया परिवेश पाइन्छ ।

### (घ) उद्देश्य

यस कथाको प्रमुख उद्देश्य भनेको हुने हार दैव नटार भन्ने उखानमा आधारित छ । जस्तोसुकै प्रयास गरे पनि भाग्यमा लेखेको कुरा मेटेर वा टारेर टार्न सकिन्न । यदि कसैले जबर्जस्ती गर्न खोज्छ भने उसले कि त पतनतिर झर्नुपर्छ कि त आफ्नो सर्वश्व गुमाउनुपर्छ भन्ने सन्देश यस कथामा उल्लिखित दिलदास राजाले आफ्नै छोरो राजकुमारको हत्या हुन पुगेबाट प्रष्ट हुन्छ ।

### (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा सरल, सरस र बोधगम्य रहेको छ । यो कथा राजकीय वर्णनले भरिपूर्ण भए तापनि यसमा प्रयुक्त भाषामा नेपालीपन त्यसमा गण्डकी प्रदेशमा बोलिने भाषाको तालमेल पाइन्छ । संघार, भावी, सुत्केरी जस्ता ठेट नेपाली शब्दहरू र कुलेलम ठोक्नु, निन्द्रा नपर्नु, हलक्क बढ्नु, दुई टुक्रा पारिदिनु, छप्काउनु जस्ता पद र पदावलीहरूको प्रयोगले कथालाई झन् उचाइमा पुऱ्याएको छ । वर्णनात्मक शैलीमा लेखिएको यो कथाको भाषा र शैली उपयुक्त मानिन्छ ।

### (च) अभिप्राय

राजपाटमा ध्यान दिनुपर्ने राजा सिकार खोज्न मस्त हुनु, सिकार खेलेर दरबार फर्कन नभ्याई एक्ली ६ दिने सुत्केरी कहाँ बास बस्नु पुग्नु, सुत्ने ठाउँ नभएर ढोकाको संघारमा सुत्नु, राति भावीसँग भेटवार्ता हुनु, अनेक प्रपोगाण्डा हुँदाहुँदै पनि भावीको लेखनी साँचो सावित हुनु आदि यस लोककथाका अभिप्राय हुन् ।

## ४.२.६ राक्षससम्बन्धी लोककथाहरू

### ४.२.६.१ राक्षसको अन्त्य गर्ने बहादुर राजाको कथा

### (क) कथानक

यो राक्षससम्बन्धी लोककथाहरूको कोटिमा पर्ने एउटा रमाइलो कथा हो । यस कथामा रणसिंह नाम गरेको राजा जसले सुख सयलका निम्ति मन्त्री, बैठके र विश्वकर्मालाई लिएर सयर गर्न जङ्गलतिर जाने र बास बस्ने क्रममा साथीहरूसँग छुटेको घटना उल्लेख गरिएको छ ।

राजाले आफ्नै दरबारको हात्तीलाई बाण हानेर छुटेका कारण अरूलाई थाहा नभएको हो । भोलिपल्ट सहज रूपमा राजासँग भेट हुने सूचनालाई गोठलाहरूले उल्टो बनाइदिएकै कारण छुटेका छुट्यै भए । अचानक राजाको साततला माथि बसेकी कपाल कोरिरहेकी परमसुन्दरीमा आँखा पर्न गयो । एकापसमा राजासँग लेस्सिएकै कारण राक्षसको पन्जामा रहेकी सुन्दरीले नौ मुरी फलामको चिउरा र एउटा पोखरीको पानी सिनित्तै पार्ने राक्षसको अन्त्य गरी अन्त्यमा उनी बहादुर राजासँग बिहे गरेर कथाको घटनाक्रम सकिएको छ ।

## (ख) पात्र वा चरित्र

यस लोककथामा रणसिंह नाम गरेका एक बहादुर राजा मुख्य पात्रको रूपमा उपस्थित भएका छन् । उनको वीरता र साहस नै यस कथाको मुख्य रोमाञ्चक विषय वस्तु बन्न गएको छ । यसका साथै राजाका साथमा सहायक पात्रका रूपमा उपस्थित भएको मन्त्री, बैठके र विश्वकर्मा जसले राजालाई सही बाटोमा ल्याउने प्रयास हुँदाहुँदै पनि विफल भएर राजासँग छुटेका छन् । त्यसपछि राक्षसहरूको पञ्जामा परेकी परमसुन्दरी युवती अनि अमानवीय पात्र राक्षस यस कथाका पात्रहरू हुन् । जतिसुकै क्रुर भए पनि र जतिसुकै लामो आयु भए पनि राक्षसको मन पग्लेको कारण उसको अन्त्य भएको छ ।

## (ग) परिवेश

यस लोककथाको वर्णन दरबारदेखि लिएर घनाजङ्गल, ताल-पोखरी हुँदै अमानवीय बस्तीको परिकल्पनासम्म पुगेको छ । यस्तो वर्णनले आदिम युगको झझल्को दिन खोजेजस्तो पाइन्छ । यसो हुँदाहुँदै पनि भन्दै र सुन्दै आउने क्रम भने ग्रामीण नेपाली परिवेश नै हो भन्न सकिन्छ । यस कथाले अकल्पनीय बस्ती जहाँ जहाँ केवल राक्षसहरूको बास हुन्छ त्यस्तो परिवेशलाई समेत प्रस्तुत गरेर रोमान्स थपेको छ ।

## (घ) उद्देश्य

यस लोककथाका मूलभूत उद्देश्य स्वैरकल्पनाको संसारमा पुऱ्याएर मानव मनमस्तिष्कलाई आनन्दित तुल्याउनु वा एकपछि अर्को अब के हुन्छ, फेरि के हुन्छ र त्यसपछि के हुन्छ भनेर श्रोतामनलाई उत्सुकता पैदा गर्नु रहेको छ ।

## (ङ) भाषा र शैली

यस कथामा प्रयुक्त भाषा सरल भए तापनि कल्पनाको संसार धेरै टाढा छ । जङ्गलतिर सयर गर्नु, घर्स्याङ-घुस्रुङ जस्ता पद तथा पदावलीहरूको प्रयोगले भाषालाई झनै उचाइमा पुऱ्याएको छ । "काँतर छौं भने रणसिंह राजा लोहारपुरको बाटो जाऊ, मूर्ख छौं भने रणसिंह राजा हामी पछि आऊ" भन्ने सूचनामूलक भनाइलाई गोठालाहरूले उल्टयाइदिएको प्रसङ्ग अनि सुन्दरी युवतीलाई नडराईकन राजाले म विजयपुरको राजा हुँ भन्दै परिचय दिएबाट साहसी र बहादुरीको शिखरमा पुऱ्याएको छ । मीठा-मीठा गफ भएको, स्फटिकको खम्बा जसमा राक्षसको आयु रहेको थियो, त्यसलाई सर खैंचेर बाण हान्नु जस्ता शब्दहरूले वर्णनात्मक शैलीमा लेखिएको यो कथाको भाषा केही आलङ्कारिक र केही लाक्षणिक रहेको छ ।

## (च) अभिप्राय

राजाले मृत हात्तीलाई अँगालो हाली उसकै तातोले निदाउँनु, घना जङ्गलको बीचमा सातौं तला भएको सुन्दर दरबारमा एउटी एक्ली परम् सुन्दरी राजकुमारी भेट हुनु, एकसर वाणले विशाल खम्बा तोड्दा राक्षसको मृत्यु हुनु आदि यस लोककथामा अभिप्रायका रूपमा आएका छन् ।

# ४.२.६.२ चोर मितलाई तह लगाएको कथा

## (क) कथानक

यो लोककथा अलि छोटो आकारको छ । यस कथामा मानवीय र अमानवीय दुई फरक फरक पात्रका बीचमा कार्य व्यापारलाई प्रस्तुत गर्न खोजिएको छ । सिलपति नाम गरेको गोठालोले राँकेभूतसंग मित लगाएर बस्दो रहेछ । सधै बेलुकी गफ गर्न आउने राँकेभूत एक दिन दिउँसै आएर सिलपतिले राखेको खाजा चोरेर खाई दिएछ । यस्तो क्रम धेरै पटक दोहोरिएकाले एक दिन चियो गरेर आफ्नै मित राँकेभूतले खाएको पत्ता लगाए पछि बेलुकी तेल घस्ने बहानामा मितलाई सल्लोको खोटो दलेर आगो सल्काई भगाउन सफल भएको हास्यास्पद घटना उल्लेख छ ।

### (ख) पात्र वा चरित्र

यस लोककथामा प्रमुख पात्रका रूपमा सिलपति गोठालो रहेको छ । सिलपति अत्यन्त सोझो र कर्तव्यपरायण हुँदाहुँदै पनि राँकेभूतसँग मितेरी साइनो गाँस्नु र आफ्नै अन्याय गरेर खाजा चोरेका कारण राँकै बालेर भगाउन सक्नु उसको बहादुरीपन देखिन्छ । यसका साथै सिलपतिको मित भनाउँदो राँकेभूत सुरुमा असल पात्रका रूपमा देखिए तापनि चोरी जस्तो अनैतिक कार्य गरेका कारण उसको पतन भएको कुरा उल्लेख गरिएको छ ।

### (ग) परिवेश

यो लोककथा लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रअन्तर्गत पर्ने बँसी खेत र त्यसको आसपासमा रहेको सेरोफेरोलाई मध्यनजर गरेर उल्लेख गरिएको छ । यस कथामा मध्य पहाडको तल्लो भाग बँसीको सन्र्दभलाई प्रस्तुत गरेर परिवेशको रूपमा उल्लेख गरिएको छ ।

### (घ) उद्देश्य

यस कथाको उद्देश्य त्यति गहन र गहिरो छैन । यसमा विगतको स्मरण गराउँदै मानवीय सम्बन्ध मानवसँग मात्र होइन अमानवसँग पनि हुनसक्ने कुरालाई देखाइएको छ । त्यसका साथै चोरी गर्न नहुने र त्यसको प्रतिफल नराम्रै हुने कुरालाई अति मार्मिक रूपमा उल्लेख गरिएको छ ।

### (ङ) भाषा र शैली

प्रस्तुत लोककथामा प्रयुक्त भाषा अति सरल, सरस र बोधगम्य रहेको छ । यस कथामा प्रयुक्त सिनित्तै पार्नु, लुसुक्क खाजा चोर्न आउनु, जीउ खाइसक्यो, अगुल्टोले चुत्त छोइदिनु जस्ता पद तथा पदावलीहरूले नेपाली झर्रा शब्दहरूको राम्रो प्रयोग भएको पाइन्छ ।

### (च) अभिप्राय

गोठालाले राँकेभूतसँग मितेरी लगाउनु, मित-मितबीच मीठा-मीठा कुराकानी हुनु, दिउँसै गोठमा मित-राँकेभूतले मितको खाजा चोरेर खाइदिनु, सल्लोको खोटो राँकेभूतको शरीरमा दल्न लगाएर आँगो लागई सदाका निम्ति राँकेभूतलाई लखेट्नु यस लोककथाको अभिप्रायको रूपमा आएको छ ।

### ४.२.७ हास्य–व्यङ्ग्यसम्बन्धी लोककथा

### ४.२.७.१ गोठालो बूढाले तन्नेरी केटासँग बिहे गरेको कथा

**(क) कथानक**

यो लोककथा पनि दुराडाँडा क्षेत्रमा धेरै प्रचलमा रहेको गोठबस्ने र ठट्टा गर्ने परम्परामा आधारित छ । यस कथामा अर्थात कथाको आदि भागमा एउटा धिलाल थरको गोठालो जसको डाइलो स्वभावबाट उठान गरेर कथा अघि बढेको छ । यसका साथमा धिताल गोठालोलाई फकाएर खीर खाने उद्देश्ये अरू ५-६ जना गोठालाहरू उभिएका छन् । त्यसमा पहिले एक जना मात्र सुराकीका रूपमा आएर धिताल बूढाको मनमा विवाह गरेर राम्री केटी ल्याएर रतिरागात्मक आनन्दमा रमाउन प्रेरित गरेको छ । गोठालोलाई खीर पकाउन आग्रह गर्दै केही पैसा समेत लिएर बाहिर गएको अर्को गोठालो मारूनीको रूपमा एक जवान केटालाई दुलही बनाएर फसाउन तम्सिएको छ । कहिल्यै पनि श्रीमतीको न्यानो मायाको अनुभव नगरेको धिताल बूढो षडयन्त्रको जालमा चुर्लुम्म डुबरे फसेको छ । खानपानपछि दुलहीरूपी ठिटो बाहेक विदावादी भएर भाग्न सफल भए भने केही समयपछि दुलहीरूपी केटो पनि पिसाब फेर्ने निहुँ पारी भाग्न सफल भयो । अन्त्यमा साह्रा कुरा बुझ्दा बूढो आफू नराम्रोसँग झुक्किएको प्रसङ्गले श्रोतामनलाई मुटु मिची–मिची हाँस्न र हँसाउन  सफल देखिन्छ यो कथा ।

**(ख) पात्र वा चरित्र**

यस लोककथामा धेरै पात्रहरू उल्लेख भएका छैनन् । थोरै पात्रहरूको संयोजनले कथालाई रोचकता दिन भने सकेकै छ । यस कथामा गोठालो धिताल बूढो नायक पात्रका रूपमा उपस्थित भएको छ । धिताल बूढो अत्यन्त लोभी छ तर सोझो पनि छ । त्यसैगरी अन्य गोठालाहरू पनि उपस्थित भएर धिताल बूढोको धज्जी उडाउनतिर लागेका छन् । उनीहरूले हाँसो थपेर श्रोतामनलाई मुटु मिची–मिची हँसाए पनि असत् पात्रका रूपमा देखिएका छन् ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश समग्र रूपमा ग्रामीण रहेको आभाष हुन्छ, जेहोस् मध्य पहाडी भाग त्यसमा पनि हिँउदको समयमा गोठालाहरू रात काट्न नसकेर अर्काको गोठमा जाने,

छयाङ्गिने सर्न्दभमा यो कथा तयार भएको पाइन्छ । त्यसैले यसको परिवेश ग्रामीण नै हो भन्न सकिन्छ ।

### (घ) उद्देश्य

यस कथाको मूलभूत उद्देश्य 'लोभले लाभ लाभले विलाप' भन्ने नेपाली उखानसँग सम्बन्धित छ । यसो हुँदाहुँदै पनि समयमा बुद्धि पुऱ्याइएन भने दुःख त हुन्छ नै तैपनि बुद्धि पुऱ्याएर पनि आफूले फाइदा लिदा अरूलाई दुःख दिन हुन्न भन्ने यसको मूल उद्देश्य रहेको छ ।

### (ङ) भाषा र शैली

यो कथा सरल नेपाली भाषामा प्रस्तुत गरिएको छ । बोधगम्य भाषा र वर्णनात्मक शैलीमा लेखिएका यो कथा अत्यन्तै रमाइलो र श्रोताले मुटु मिची-मिची हाँस्ने खालको छ ।

### (च) अभिप्राय

केटालाई केटीको परिधानमा उभ्याउनु, केटीकै लवजमा बोल्न लगाई लाज लाग्छ भन्न लागउनु, गोठालो बूढाले दुलही बनेकी केटी (केटा) को नाक, मुख, परिधान केही देख्न नपाई अलप हुनु आदि यस लोककथाको अभिप्रायको रूपमा आएको छ ।

## ४.२.८विविध खालका लोककथाहरू

## ४.२.८.१ टोपीको कारण लात र आँप खाएको कथा

### (क) कथानक

माथिका लोककथाहरूको वर्गीकरणभन्दा अलि अलग किसिमको कथा भएका कारण यस कथालाई विविध खालका लोककथाको वर्गमा राखिएको छ । यस कथामा दुईजना आलाकाचा केटाहरू सुख पाउने आसामा विदेश जान भनी हिँडेका छन् । उनीहरू लाहुर जाने सर्न्दभमा बीच बाटोमै अलपत्र हुन लाग्दा ससुराली घरमा बास माग्न पुगेका छन् । अज्ञानताका कारण टोपी साटासाट गरेर गएका साथीहरू एक आपसमा झगडा गरी त्यहाँबाट छुटिन पुगेका छन् । यसपछि मध्य भागमा गए नायक पात्रका रूपमा अविवाहित केटो उपस्थित भएको छ ।

त्यसपछि उसको दिनचर्या दुःखमय बन्न पुगेको छ । सधैँ अर्काको भारी बोकेर दिन गुजारा गर्ने क्रममा बाँदरसँगको लुकामारी चल्न पुग्यो । बाँदरबाट आँप पाएपछि केही पाउनको लागि केही गुमाउनु पर्दो रहेछ भन्ने कुराको ज्ञान पाएर आफ्नै कामधन्दामा उकालो लागेर कथाको अन्त्य भएको छ ।

## (ख) पात्र वा चरित्र

यस लोककथामा नायक पात्रका रूपमा अविवाहित केटो उपस्थित भएको छ । सुरूमा सँगसँगै विवाहित र अविवाहित केटो उपस्थित गराएर कथालाई अघि सारिएको भए तापनि विवाहित केटोचाहिँ ससुराली घरसम्म पुगेर विलिन भएको छ । यसका साथै अमानवीय पात्र बाँदरहरू देखापरेका छन् जसले अज्ञानी केटामा ज्ञान भर्न उत्तेजित गराएका छन् ।

## (ग) परिवेश

यो लोककथा पूर्णत ग्रामीण परिवेशको रचना हो । ग्रामीण भेगमा विद्यमान अज्ञानता अशिक्षा, पछौटेपन, बेरोजगार समस्या आदिले पिरलेको हुन्छ र त्यही अवस्था यस कथामा पनि उल्लेख भएको छ । त्यसैले त्यस्ता क्षेत्रहरूमा बसोबास गर्ने बासिन्दाहरूले चाख मानेर सुन्ने हुनाले यसलाई ग्रामीण परिवेशको कथा भनिन्छ ।

## (घ) उद्देश्य

यस कथाको प्रमुख उद्देश्य श्रोतामनलाई दया र करूणा पैदा गराउनु हो । अरू कथाहरू जस्तो पेट मिची-मिची हँसाउने खालको नभए तापनि यसले अज्ञानलाई ज्ञानमा परिणत गराई नै उन्नति र प्रगतिमा लाग्न आफै सक्षम हुनुपर्छ भन्ने कुराको सन्देश यसमा पाइन्छ ।

## (ङ) भाषा र शैली

यो लोककथामा प्रयुक्त भाषा सरल र बोधगम्य नै छ । यसमा मानवीय व्यवहारका र कारूणिक पहिचान गराउने खालका भाषाको प्रयोगले कथालाई झनै उचाइमा पुऱ्याएको छ ।

'मेरो कमिज तँ ला तेरो फाटेको गन्जी म लाउँछु' जस्ता वाक्यहरूले यसमा केही झर्रा नेपाली शब्दहरूको प्रयोग गरेर वर्णनात्मक शैलीमा लेखिएको प्रष्ट हुन्छ ।

## (च) अभिप्राय

साटासाट गरेको कपडाका बारेमा ससुरालीमा गएर उखान हाल्नु, त्यही कारणले बास बस्न एक्लै बाहिर जान पर्नु, आँपको रुखमा भएको बाँदरलाई ढुङ्गा हान्दा उसले आँप फ्याँकिदिनु आदि यस लोककथामा अभिप्रायका रूपमा आएका छन् ।

# पाँचौ परिच्छेद

## उपसंहार

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चल जहाँ नेपाली साहित्यमा चर्चामा रहेका आदिकवि भानुभक्त आचार्यले आफ्ना साहित्यिक कृतिहरू मार्फत गण्डकी प्रदेशको नेपाली साहित्यप्रतिको देनलाई उचाइमा पुऱ्याउन सफल भएका थिए । यसका साथै लोखनाथ पौड्याल अरू थप उर्जा थप्न सफल देखिन्छन् । यसै गण्डकी अञ्चलभित्र पर्ने लमजुङ जिल्ला गण्डकी अञ्चलका छ वटा जिल्लाहरू मध्येको एक हो । यसै लमजुङ जिल्लामा भक्ति थापा जस्ताको जन्मथलो हुनाका साथै वर्तमान युगसम्म आइपुग्दा राष्ट्रकवि माधव घिमिरे जस्ता व्यक्तित्वहरू नेपाली साहित्य जगत्मा नयाँ-नयाँ योगदान दिन सफल देखिन्छन् । विकास निर्माणको दृष्टिकोणले लमजुङ जिल्ला निकै पछि परेको देखिन्छ । हाल आएर यस जिल्लामा केवल सदरमुकामसम्म भएपनि पक्की मोटर बाटो पुगेको छ । त्यस पछि विभिन्न ठाउँहरूमा कच्ची मोटरबाटो, गोरेटो, घोडेटो बाटाहरू विकसित हुँदै अघि बढिरहेका छन् ।

लमजुङ जिल्लामा ६१ वटा गाउँ विकास समितिहरू छन् । लमजुङ जिल्लाको मध्यपश्चिममा रहेका नेटा, पुरानकोट, सिन्दुरे, चन्द्रेश्वर, दुराडाँडा र धुसेनी ६ गा.वि.सहरूलाई संयुक्त रूपमा दुराडाँडा क्षेत्र भनिन्छ । यस क्षेत्रमा धेरैजसो दुरा, गुरूङ्ग जातिको बसोबास रहेको छ । खास दुराडाँडा क्षेत्रमा ब्रह्मण क्षेत्री जातिको बाहुल्यता बढी छ । यी सबै जातिहरू साथसाथै तामाङ्ग, सार्की, कामी, दमाई, घर्ती, मगर आदि जातिहरूको पनि बसोबास रहेको छ । समग्रमा यस क्षेत्रमा दुरा र ब्रह्मण जातिको बसोबासले उनीहरूको बाहुल्यता बढी देखिन्छ । यहाँका मानिसहरू कृषि, पशुपालन र अन्य यस्तै व्यवसायहरूमा लागेर जीविकोपार्जन गर्ने गर्दछन् । यस्तै व्यवसाय गरेता पनि उनीहरूमा एकपछि अर्को गर्दै कुनै न कुनै ज्ञानगुनका कुराहरू साटासाट गर्ने गर्दथे । हाल आएर यस क्षेत्रमा धेरै-धेरै उन्नति र प्रगतिका कार्यहरू सम्पन्न हुन थालेका छन् । यसका साथै मोटरेवल कच्ची बाटो उच्च मा.वि. क्याम्पस तथा विद्युतीकरण कार्यका साथै यस क्षेत्रमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक स्वीकृत प्राप्त विद्यालयहरू पनि संचालनमा छन् । तिनै विद्यालयहरूमध्येको चन्द्रेश्वरमा रहेको तत्कालीन मा.वि.सर्वोदय (हाल क्याम्पस) बाट एस.एल.सी. शिक्षा उर्त्तीण उपज विद्यार्थी यस सोधपत्रको निर्माणकर्ता हो । यसै सेरोफोरोमा रहेर आफ्ना भावी सन्ततिहरूको शिक्षाप्रतिको बढ्दो चहल पहललाई देखेर त्यहाँका अशिक्षत, किसान, मजदुर, गोठाला, खेताला आदि व्यक्तिहरूले काम

गरेर बचेको फुर्सदको समयमा थकाइ मार्दा, बेलुकी खाना खाएर बस्दा दाइँ गरेर धेरै खेतलाहरू जम्मा भएर बस्दा बसिबियाले गरेको बेला एकले अर्कोलाई भन्दै सुनाउँदै र सुन्दै आएका घटनाक्रमलाई पछिल्ला पिढीका शिक्षित व्यक्तित्वहरूले आफ्नो मनमस्तिष्कमा ल्याएर लोक साहित्यको रूप दिन थाले । यिनै आधारहरूलाई मध्यनजर गरेर प्रस्तुत शोधकार्य तयार पार्न खोजएको हो ।

यस अध्ययनमा लमजुङ जिल्ला अन्तर्गत पर्ने दुराडाँडा क्षेत्रलाई परिवेशको आधार मानी चलनचल्तीमा रहेका लोककथाले नेपाली लोककथाको अध्ययनको बढ्दो क्रमलाई निरन्तरता दिइरहेको पाइन्छ । झण्डै लोपोन्मुख अवस्थामा पुगिसकेको सामाजिक, आर्थिक, भाषिक र मौलिक क्षेत्रका यस्ता कथाहरूले विभिन्न अध्येताहरूलाई पछिसम्म घच्घच्याउने काम अवश्य गर्नेछ । यस क्षेत्रमा प्रचलित लोककथाहरूले ऐतिहासिक एवं धार्मिक, सामाजिक, साँस्कृतिक परिवेशलाई समेट्न, खोजेको पाइन्छ । यसका साथै स्थानीयताको प्रशस्त प्रभाव पनि माथि उल्लेखित कथाहरूमा पाइन्छ । यसका साथ लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित लोककथाहरूमा त्यहाँको स्थानीय रंङ्ग, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक अवस्था, शैक्षिक गतिविधि ऐतिहासिक झलक र प्राकृतिक दृश्यवलीको यथार्थ चित्रण पाइन्छ । यहाँका लोककथामा विषयगत विविधता, साहित्यिक विशेषता, स्थानीय रंङ्गलगायत श्रुतिमाधुर्य तथा प्रस्तुतिका विविध ढाँचा प्रस्तुत भएको पाइन्छ । यस क्षेत्रमा प्रचलित लोककथाहरूले सिङ्गै लोकसाहित्यको गरिमा बढाउने काममा आफ्नो क्षेत्रबाट विशिष्ट योगदान पुऱ्याउन सक्छन् ।

लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा प्रचलित लोकसाहित्यको संङ्कलन गर्ने क्रममा लोककथाहरूको खोजी गर्दा जे जति कथाहरू भेटिए । तिनीहरूका अलावा अरू पनि धेरै विषयहरूका कथाहरू निश्चित व्यक्ति विशेषमा गुम्सिएर रहेका हुनसक्छन् । त्यस्ता विषयका लोककथाका साथै अन्य लोकसाहित्यिक विधासँग सम्वन्धित विषयहरूमा अझ बढी खोज अनुसन्धान र अन्वेषण गरी आगामी दिनहरूमा यस क्षेत्रको साहित्यिक अध्ययन अनुसन्धान अझ बढोस् भन्ने आशा राखिन्छ । यसका साथै यस क्षेत्रको शैक्षिक उन्नति हुने क्रममा यहाँका मानिसहरू बेलायत, अमेरिका, क्यानाडा, कोरिया, साउदी, कतार, दुबई, भारत आदि देशहरूसम्म कमाइ गर्न पुगेका छन् । देशकै ठूला-ठूला सहरहरू काठमाण्डौं, पोखरा, भैरहवा, चितवन, विराटनगर, नेपालगञ्ज जस्ता ठाउँहरूमा बस्ती बसालेर आफ्नो उन्नति चाहने मानिसहरूले आफ्नो मातृभूमिको परिचय र पहिचान गराउनतिर पनि ध्यानकेन्द्रित गराउन

आवश्यक ठान्दछु । यसैगरी समयले साथ दिएमा यस्ता अध्ययन-अनुसन्धान अरू थप खोजी गर्न प्रयासरत रहने कुरामा पनि विश्वस्त गराइन्छ । अब आउने पछिल्ला पिँढीहरूले यस्ता अनुसन्धानका विषयगत सामग्रीहरूमध्येमा यो शोत्रपत्रले पनि केही मात्रामा भए पनि उर्जा थप्ने काम गर्नेछ ।

अन्त्यमा लमजुङ जिल्लामा प्रचलित लोककथासँग सम्बन्धित यस अध्ययनले त्यस क्षेत्रमा प्रचलित लोककथाको क्षमता र वैशिष्ट्यको पहिचान दिएको छ । वास्तविकताको पहिचान गरी भावी सम्भावनालाई निम्त्याउन प्रस्तुत अध्ययनले आफ्नै प्रकारले योगदान पुऱ्याउन मद्दत गर्नेछ भन्ने आशा राख्न सकिन्छ । यसले लोकसाहित्यमा प्रस्तुत विधाहरूको सैद्धान्तिक पहिचान गर्न समेत टेवा पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, बोधकिक्रम (१९९१), **नेपाली दन्त्यकथासङ्ग्रह,** काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

उपाध्याय, कृष्णदेव (१९७७ ई. ), **लोकसाहित्यको भूमिका,** इलाहवाद, साहित्य भवन ।

कर्मा, लिलासिंह (२०३८), **हाम्रा लोककथा,** ललितपूर : साभ्का प्रकाशन ।

कोइराला, शङ्करप्रसाद (२०६२), **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, दो. सं., विराटनगर,

गिरी, जीवेन्द्रदेव (२०५५), **लोकसाहित्यको अवलोकन,** काठमाण्डौ : एकता प्रकाशन ।

गोपर्मा पासाङ (२०२४), **बुहारी लोककथासङ्ग्रह,** काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसंस्कृति,** काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव, अन्य (स.पा.), (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाण्डौं : नेपाल प्रज्ञा–प्रतिष्ठान, पे. ११८८ ।

थापा, धर्मराज (२०३०) **गण्डकीका सुसेली,** : काठमाण्डौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाण्डौः पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

थापा, मोहन हिमांशु (२०४०), **साहित्य परिचय,** दो. सं., ललितपूर : साभ्का प्रकाशन ।

दिवस तुलसी (२०३३), **नेपाली लोककथा : केही अध्ययन,** काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०४९), **नेपाली उखान र गाउँखाने कथा, दो.सं.,** काठमाण्डौंः रत्नपुस्तक भण्डार ।

(२०५१), 'सोरठी नाट्यगाथा', विन्दु, (३४ : ८८ - ९०)

पराजुली, मोतीलाल (२०४३), **नेपाली लोककथा,** पोखरा : श्रीमती तारादेवी पराजुली, ।

पोखरेल, बालकृष्ण (संपा.) (२०४३), **पाँचसय वर्ष,** ललितपुर : साभ्का प्रकाशन, ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली कथावलोकन,** दार्जीलिङ्ग : दीपा प्रकाशन ।

बन्धु चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाण्डौं :एकता बुक्स, डिस्ट्रिब्युटर्स प्रा. लि. ।

वैध, करूणाकर (२०४३), **अञ्चल लोककथा सङ्ग्रह,** चौ. सं ., काठमाण्डौं : रत्नपुस्तक भण्डार

शर्मा, जनकलाल (२०४९), **हाम्रो समाज,** दो. सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५१), **नेपाली लोकसाहित्यको इतिहास,** ते. सं. काठमाण्डौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज (२०५०), **कथाको विकास प्रक्रिया,** दो. सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुईटेल (२०५४), **शोधविधि,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५४), **प्रारम्भिकालको नेपाली लोकसाहित्यको इतिहास र परम्परा,** काडमाण्डौं पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।